# फूलको आतङ्क उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
**केशवप्रसाद खतिवडा**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्व विद्यालय
कीर्तिपुर, काठमाडौ
२०७२

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह, दोस्रो वर्षका छात्र केशव प्रसाद खतिवडाले दसौा पत्रको प्रयोजनका निमित्त **फूलको आतङ्क' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस  गर्दछु ।

मिति : २०७२/१२/२६

..........................

**प्रा. रमेश प्रसाद भट्टराई**
**शोध निर्देशक**
**त्रिभुवन विश्व विद्यालय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौा**

# त्रिभुवन विश्व विद्यालय

## मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
## नेपाली केन्द्रीय विभाग
## कीर्तिपुर

मिति : २०७२/१२/२६

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत नेपाली केन्द्रीय विभागका छात्र केशव प्रसाद खतिवडाले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **'फूलको आतङ्क' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र सोही प्रयोजनका लागि उपयुक्त रहेकाले स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| (१) प्रा. डा. देवीप्रसाद गौतम (विभागीय प्रमुख) | ........................... |
| (२) प्रा. रमेश प्रसाद भट्टराई (शोध निर्देशक) | .............................. |
| (३) प्रा.डा. राजेन्द्र प्रसाद पौडेल (बाह्य परीक्षक) | ............................. |

मिति : २०७२/१२/२६

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौ पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा.रमेशप्रसाद भट्टराईको प्राज्ञिक निर्देशनमा तयार पारेको हु । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र चुनौतीहरूसाग जुध्ने प्रेरणा दिादै सही मार्गनिर्देश गराएर अघि बढ्न उत्प्रेरित गरी आ^ना कतिपय व्यावहारिक कार्यव्यस्तताहरूलाई थाती राखी कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाप्रति म हार्दिक कृतज्ञता ज्ञापन एवम् श्रद्धाभाव व्यक्त गर्दछु ।

प्रस्तुत शोधविषयमा शोधकार्य गर्न अवसर जुटाउने नेपाली केन्द्रीय विभाग एवम् विभागीय प्रमुख प्रा. डा. देवीप्रसाद गौतमप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधकार्य सम्पन्न गर्न सामग्री एवम् जानकारी प्रदान गर्नुहुने डा. ध्रुवचन्द्र गौतम, सुझाव सहित केही सामग्री उपलब्ध गराएर सहयोग गर्नु हुने रोशन थापा 'नीरव', नवराज रिजाल तथा चेतनाथ धमलाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार गर्ने कार्यमा आ^नो कार्यव्यस्ततालाई परवाह नगरी अमूल्य समय निकालेर समयसमयमा प्रत्यक्ष तथा साङ्केतिक निर्देशन, सुझाव तथा हौसला दिई उत्प्रेरित गर्नुहुने गुरु डा. लक्ष्मणप्रसाद गौतमलगायत सम्पूर्ण नेपाली केन्द्रीय विभागका गुरु तथा गुरुआमाहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

सदा इज्जत र प्रतिष्ठाका लागि जीवनमा सङ्घर्ष गर्नुपर्छ भन्ने नैतिक अर्ती दिादै आर्थिक र व्यावहारिक समस्यासाग सङ्घर्ष गरेर आ^नो अमूल्य श्रम र पसिना खर्ची मेरो अध्ययनलाई यस अवस्थासम्म पुऱ्याउनु हुने परमपूज्य पिता श्री शिव प्रसाद खतिवडा र माता विष्णुमाया खतिवडाप्रति आजन्म ऋणी छु । घरव्यवहारलाई समालेर मलाई अध्ययनको लागि समय दिने र मलाई शैक्षिक प्रगतिको लागि सदा सहयोग र हरबखत साथ दिने मेरी धर्मपत्नी देवी माया खतिवडाप्रति पनि आभारी छु । यो शोधकार्य सम्पर्न गर्नका लागि घरायसी कठिनाइलाई समालेर मलाई सहयोग गर्ने आदरणीय दाजुभाउजूहरू पर्शुराम, दीपा लगायत सम्पूर्ण परिवारजनप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु । शोधशीर्षक चयनदेखि शोधपत्रको अन्तिम स्वरूप तयार गर्दासम्म आइपरेका शैक्षिक समस्याको हल गर्न सहयोग गर्ने तथा अन्य विविध कठिन चुनौतीहरूलाई चुनौती नै सम्झेर साथ दिने मेरा अनन्य मित्रहरू महेश्वर कोइराला, राजमणि ढकाल, टीकाराम नेपाल, दुर्गादत्त अधिकारी, भीम दाहाल, रामप्रसाद खतिवडा, सन्तोष नेपाल, कुबेर अर्याल, गायत्री खनाल लगायतका सम्पूर्ण साथीहरू म कहिल्यै बिर्सन सक्तिना ।

अन्त्यमा म यस शोधपत्रलाई शुद्धसाग टङ्गण गरि दिएर सहयोग गर्नु हुने दाजु वीरन्द्र नेपाललाई पनि स्मरण गर्न चाहन्छु । यस शोधपत्रलाई समुचित मूल्याङ्कनका लागि त्रि. वि., नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेस गर्दछु ।

शैक्षिकसत्र २०६७/६८

मिति २०७२/१२/२६

**शोधार्थी**

**केशवप्रसाद खतिवडा**

नेपाली केन्द्रीय विभाग

२०७२

# विषय सूची


| | पृष्ठ सङ्ख्या |
|---|---|
| **पहिलो परिच्छेद : शोध परिचय** | **१-६** |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधकार्यको उद्देश्य | २ |
| १.४ पूर्व कार्यको समीक्षा | २ |
| १.५ अध्ययनको औचित्य र उपयोगिता | ५ |
| १.६ अध्ययनको सीमा | ६ |
| १.७ सामग्री सङ्कलन विधि | ६ |
| १.८ शोधविधि | ६ |
| १.९ शोधकार्यको रूपरेखा | ६ |
| **दोस्रो परिच्छेद : ध्रुवचन्द्र गौतमको परिचय र उपन्यास यात्रा** | **७-१९** |
| २.१ ध्रुवचन्द्र गौतमको सङ्क्षिप्त परिचय | ७ |
| २.१.१ जन्म र जन्मस्थान | ७ |
| २.१.२ बाल्यकाल र स्वभाव | ८ |
| २.१.३ पारिवारिक पृष्ठभूमि र आर्थिक अवस्था | ८ |
| २.१.४ शिक्षादीक्षा | ९ |
| २.१.५ जागिरे जीवन | १० |
| २.१.६ भ्रमण, सम्मान र पुरस्कार | १० |
| २.१.७ व्यक्तिगत रुचि तथा स्वभाव | ११ |
| २.१.८ साहित्यिक मान्यता र जीवनदर्शन | ११ |
| २.१.९ साहित्यिक क्षेत्रमा प्रवेश, प्रेरणा तथा कथालेखन र प्रकाशन | १३ |

२.१.१० ध्रुवचन्द्र गौतमको साहित्यिक व्यक्तित्व १४

२.२ ध्रुवचन्द्र गौतमको उपन्यास यात्रा १५

२.२.१ पहिलो चरण (२०२४ देखि २०३३ सम्म) १६

२.२.२ दोस्रो चरण (२०३४-२०५२ सम्म) १७

२.२.३ तेस्रो चरण (२०५३-हालसम्म) १७

२.३ निष्कर्ष १८

**तेस्रो परिच्छेद : उपन्यासको सैद्धान्तिक स्वरूप र तत्त्वहरू २०-२९**

३.१ उपन्यासको सङ्क्षिप्त परिचय २०

३.२ पाश्चात्य साहित्यमा उपन्यासको विकास २०

३.३ पूर्वीय साहित्यमा उपन्यासको विकास २१

३.४ उपन्यासका तत्त्वहरू २३

३.४.१ विषयवस्तु २३

३.४.२ चरित्र २४

३.४.३ उद्देश्य २५

३.४.४ परिवेश २५

३.४.५ दृष्टिबिन्दु २६

३.४.६ भाषाशैली २७

३.५ आयामका आधारमा उपन्यासको वर्गीकरण २८

**चौथो परिच्छेद : औपन्यासिक तत्त्वका आधारमा ‘फूलको आतङ्क’ उपन्यासको विश्लेषण ३०-७६**

४.१ पृष्ठभूमि ३०

४.२.संरचना ३०

४.२.१ बाह्य संरचना ३०

४.२.२ आन्तरिक संरचना ३१

४.३ विषयवस्तु ३३

४.४ चरित्र ६८

४.५ उद्देश्य ७०

४.६ परिवेश ७२

४.७ दृष्टिबिन्दु ७४

४.८ भाषाशैली ७५

४.९ सूत्र उपन्यासका रूपमा 'फूलको आतङ्क' उपन्यास ७६

४.१० निष्कर्ष ७८

**पााचौ परिच्छेद : उपसंहार** **८०-८४**

**सन्दर्भ ग्रन्थ सूची** **८५-८७**

# सङ्क्षेपीकृत शब्द सूची

| सङ्क्षिप्त रूप | – | पूर्ण रूप |
|---|---|---|
| आई. ए. | – | इन्टरमिडिएट अफ आर्टस् |
| ई. सं. | – | ईस्वी संवत् |
| एम्. ए. | – | मास्टर अफ आर्टस् |
| ए. व. | – | एकवचन |
| क्र. सं. | – | क्रम सङ्ख्या |
| गा.वि. स. | – | गाउा विकास समिति |
| गो. प. | – | गोरखापत्र |
| चौ. सं. | – | चौथो संस्करण |
| छै. सं. | – | छैटौा संस्करण |
| डा. | – | डाक्टर |
| ते. सं. | – | तेस्रो संस्करण |
| त्रि. वि. | – | त्रिभुवन विश्व विद्यालय |
| दो. सं. | – | दोस्रो संस्करण |
| ने.रा. प्र. प्र. | – | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | – | पृष्ठ |
| प्र. | – | प्रकाशन |
| प्रा.डा. | – | प्राध्यापक डाक्टर |
| प्रा. लि. | – | प्राइवेट लिमिटेड |
| वि. सं. | – | विक्रम संवत् |
| स्व. | – | स्वर्गीय |
| सम्पा. | – | सम्पादन/सम्पादक |
| सा. प्र. | – | साझा प्रकाशन |

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

वि.सं. २००० साल पौष २ गते पिता गोविन्द प्रसाद र माता दीपवती गौतमका सुपुत्रका रूपमा वीरगन्जको कुमल टोलमा जन्मेका ध्रुवचन्द्र गौतम आधुनिक नेपाली साहित्यका सशक्त प्रतिभा हुन् । गाउाकै साधारण विद्यालयबाट प्रारम्भिक र माध्यमिक शिक्षासमेत अध्ययन गरेका गौतमले २०३६ सालमा नेपाली साहित्यमा विद्यावारिधिको उपाधि प्राप्त गरेका छन् । वि.सं. २०३३ देखि प्राध्यापन पेसामा लागेका गौतम 'तटस्थता असफलता' (२०२०) कविता मार्फत नेपाली साहित्यमा प्रवेश गरेका हुन् । यसपछि उनी नेपाली साहित्यका कथा, उपन्यास, नाटक, निबन्ध, स्तम्भ, सिने सामग्री, गीत आदिको लेखनमा संलग्न भएको पाइन्छ । उनले कलम चलाएका विधामध्ये सबैभन्दा सशक्त विधा भने उपन्यास हो । आधुनिक नेपाली उपन्यासको विकास प्रक्रियामा नवनव चिन्तन र शैलीको आमन्त्रण गर्नमा उनका उपन्यासहरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

**अन्त्यपछि** (२०२४) सालमा उपन्यास प्रकाशन गरी उपन्यास लेखनमा प्रवृत्त भएका गौतमले विभिन्न विषय वस्तुमा आधारित दर्जनौं औपन्यासिक कृतिहरूको रचना गरी नेपाली साहित्यको भण्डार भर्ने काम गरेका छन् । यसै सिर्जनात्मक क्रमिकताका सन्दर्भमा देखा परेको नवीनतम शैली, शिल्प र चिन्तनमा आधारित **फूलको आतङ्क** (२०५५) सूत्र उपन्यास गौतमको एक सशक्त औपन्यासिक कृति हो । ध्रुवचन्द्र गौतमले नै यो **फूलको आतङ्क** जस्तो बिलकुलै नयाा चिन्तनमा आधारित सूत्र उपन्यास प्रकाशनमा ल्याएर परम्परावादी औपन्यासिक चिन्तन र सिद्धान्तमा नै हलचल मच्चाएका छन् । उनको यो उपन्यास नै आधुनिक नेपाली उपन्यासका क्षेत्रमा पहिलो सूत्र उपन्यास बन्न सफल भएको छ । १२६ वटा फरक फरक शीर्षकमा फरक फरक विषयवस्तुलाई समेटेर लेखिएका अध्याय तथा खण्डलाई एउटै सूत्रमा उनेर सिङ्गो उपन्यास सिर्जना गर्ने कार्य गौतमले गरेका छन् । यस उपन्यासमा उपन्यासकारले स्वैरकाल्पनिक विषयवस्तुलाई समेत विशेष महत्त्वका साथ स्थान दिएका छन् । यही **फूलको आतङ्क** उपन्यासको कृतिपरक अध्ययन नै प्रस्तावित शोध कार्यको मुख्य विषय रहेको छ ।

## १.२ समस्याकथन

साहित्यकार ध्रुवचन्द्र गौतमले कथा, कविता, उपन्यास, नाटक, निबन्ध, स्तम्भ लेखन तथा सिने सामग्री जस्ता नेपाली साहित्यका विभिन्न विधामा योगदान पुऱ्याएका छन् । गौतमले सिर्जना गरेका विभिन्न विधाका रचनाका साथै उनको जीवनी र व्यक्तित्वका बारेमा विभिन्न पुस्तक तथा पत्र पत्रिकामा प्रशस्त चर्चा परिचर्चा भएको पाइन्छ र यसै सन्दर्भमा **फूलको आतङ्क** उपन्यासको छिट्पुट अध्ययन र टीका टिप्पणी भएको पाइए तापनि हालसम्म यसको व्यवस्थित अध्ययन भएको देखिादैन । त्यसैले यस शोधकार्यमा प्रस्तुत उपन्यासको कृतिपरक अध्ययनसाग सम्बद्ध निम्नलिखित समस्या रहेका छन् :

क) ध्रुवचन्द्र गौतमको परिचय के कस्तो रहेको छ ?

ख) उपन्यासको सैद्धान्तिक आधार के कस्तो रहेको छ ?

ग) उपन्यासको सैद्धान्तिक मान्यताका आधारमा **फूलको आतङ्क** उपन्यासको विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्य समस्या कथनमा आएका प्रश्नहरूको समाधानार्थ प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको छ :

क) साहित्यकार ध्रुवचन्द्र गौतमको साहित्यिक परिचय प्रस्तुत गर्नु,

ख) उपन्यासको सैद्धान्तिक आधार निर्माण गर्नु,

ग) उपन्यासको सैद्धान्तिक मान्यताका आधारमा **फूलको आतङ्क** उपन्यासको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको उपन्यास विधाको लेखनका सन्दर्भमा नवीन मानकको प्रयोगद्वारा नवनव आयाम र मोड निर्माण गर्न सफल साहित्यकार ध्रुवचन्द्र गौतमले साहित्यका बहुविधामा योगदान पुऱ्याएको पाइन्छ । साहित्य स्रष्टा ध्रुवचन्द्र गौतमको विविध साहित्यकारिताका बारेमा अध्ययन अनुसन्धान भएको पाइए पनि उनको **फूलको आतङ्क** उपन्यासका बारेमा सम्यक् अध्ययन भएको पाइादैन । गौतमको **फूलको आतङ्क** उपन्यासमा नवीनतम लेखनको प्रयोगशीलता र अग्रभूमिको निर्माण शिखरमा पुगेको देखिन्छ । यस उपन्यासमा औपन्यासिक संरचनाको भत्काइ सर्वोपरि रहेको पाइन्छ । प्रस्तुत उपन्यास विनिर्माणवादी, उत्तर आधुनिकतावादी दृष्टिबाट अभिप्रेरित देखिन्छ ।

उनका यस उपन्यासका बारेमा आजसम्म जेजति खोज अनुसन्धान भएका छन्, ती सबैलाई प्रस्तावित शोधकार्यको पूर्वकार्य मानिएको छ । उनका बारेमा भएका ती समालोचनात्मक टीकाटिप्पणीलाई यस शोधपत्रमा यसरी उल्लेख गरिन्छ :

लीला लुइटेलले 'शिल्प संयोजनको नवीनतमका दृष्टिले **फूलको आतङ्क** शीर्षकको लेख लक्ष्मण गौतम र अन्यद्वारा सम्पादित **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतमको अभिनन्दन ग्रन्थ** (२०६०) कृतिमा प्रकाशित छ । लुइटेलले प्रस्तुत लेखमा ध्रुवचन्द्र गौतमको **फूलको आतङ्क** उपन्यासलाई सङ्क्षिप्त रूपमा विश्लेषण गर्दै यस उपन्यासको संरचना, भाषिक सिपका साथै प्रस्तुत कृति अस्तित्ववादी-विसङ्गतिवादी चिन्तनको मौलिक प्रस्तुतिका रूपमा प्रकाशित भएको कुरा बताएकी छन् । त्यसै गरी नवीन औपन्यासिक शिल्पका साथ प्रस्तुत भएको प्रस्तुत उपन्यासमा वर्तमान जीवनमा कृत्रिमताको साहारा लिएर बाँच्न विवश भई प्राकृतिक जीवन पद्धतिबाट विमुख हुादै गइरहेको आजको प्रत्येक मान्छेलाई प्रकृतिको सुन्दर एवम् कोमल वस्तुले समेत आतङ्कित पारिरहेको छ भन्ने भावलाई सूत्रात्मक, कलात्मक एवम् आकर्षक पाराले व्यक्त गरिएको छ भनेकी छन् ।

मोहनराज शर्माले **फूलको आतङ्क** (२०६७) उपन्यासको “सूत्र उपन्यासको सिद्धान्त र फूलको आतङ्क” लेखमा गौतमले सहित्यको विधागत बााध पनि भत्काएका छन् र रचनाको रूपगत ढााचा पनि भत्काएका छन् । यसमा कथा विधा र उपन्यास विधाको साध भत्काइएको छ भने तिनको रूपाकार पनि भत्काइएको छ । त्यसैले कथा वा उपन्यासको स्थापित परिभाषाले यस कृतिलाई परिभाषित गर्न भ्याउादैन भन्ने कुरा प्रस्तुत गरेका छन् । उनले **फूलको आतङ्क** कृति एउटा उपन्यास पनि हो र एकभन्दा बढी उपन्यास पनि हो । यस उपन्यासभित्र एकभन्दा बढी उपन्यास हुनु निश्चय नै यस कृतिको अविष्ट र अद्वितीय अभिलक्षण हो भन्ने मत व्यक्त गरेका छन् ।

ध्रुवचन्द्र गौतमले **फूलको आतङ्क** (२०६७) मा “वाक्यहरूको माध्यमले” शीर्षकमा सूत्र र उपन्यास ? विरोधाभास लाग्न सक्छ तर यसलाई अन्य नाउा मैले दिन सकिन । यसलाई 'सूत्रन्यास' नाउा दिन खोजेको थिएा बरु । यस उपन्यासमा जति अध्याय छन् ती जतिसुकै सूत्रात्मक हुन्, एक प्रकारले आफौमा पूर्णजस्ता पनि लाग्छन् तर तिनमा तारतम्य कुनै न कुनै किसिमको छ पनि । यसमा केवल एउटा सार्वनामिक पात्र छ । जुन सूत्र कथामा पनि हुन्छ । साच्चै भन्ने हो भने सूत्र उपन्यासको एउटै नियम छ, नियम नहुनु । यसले आˆनो नियम आफौ बनाउन सक्छ, त्यस कारण यसका केही नियम देखा पर्दछन् भने, ती नियमका आभास हुन् । **फूलको आतङ्क**मा मान्छे भयावह

रूपमा अप्राकृतिक वा प्रकृति विहीन बन्दै गएको परिस्थिति छ । 'ऊ' आज आ^नो पशुत्व र हिंस्रकतालाई मानवीय बनाएर हिंस्रक आनन्दको योग गर्ने जमर्कोमा लागेको छ । वस्तु भोगको त्यो विन्दुमा आज 'ऊ' पुग्दै छ, जहाा उसले वस्तुलाई जस्तै वस्तुले उसलाई पनि आ^नै तहमा पुऱ्याएको छ । यो भन्दा त्रासद् विसङ्गत अरू के हुन सक्छ ? भनेका छन् ।

शैलेन्द्र साकारले **फूलको आतङ्क** (२०६७) उपन्यसभित्र "विपर्यासबाट व्याख्यायित आधुनिक चेत" शीर्षकमा प्रस्तावित कृतिलाई विधागत हिसाबले जे नामकरण गरे पनि श्यामव्यङ्ग्य, ठोस व्यङ्ग्य एवम् विपर्यास विसङ्गतिको माध्यमबाट पतनोन्मुख देश (सायद पिङ्गला देश वा पिङ्गल प्रदेश) लाई नाङ्गो बनाउन १२६ सूत्रबाट निर्मित रचनाहरू अत्यन्तै सफल छन् । त्यसो भएको हुादा व्याप्त भ्रष्टाचारलाई प्रत्येक वाक्यांशहरूमा अनुभव गर्न सकिन्छ भनेका छन् ।

गोविन्दराज भट्टराईले **फूलको आतङ्क** (२०६७) उपन्यासमा "उत्तर आधुनिक पृष्ठभूमि र फूलको आतङ्क" मा आजको समालोचनाले साहित्य सिद्धान्तभन्दा बाहिरका भाषा, साहित्य, संस्कृति, मनोविज्ञानजस्ता विविध विधाका नयाा चिन्तक, चिन्तन, आविष्कार, उपलब्धि तथा मान्यताबारे अध्ययन गर्नाले गौतमका कृतिको व्याख्या गर्न अति सजिलो हुने बताएका छन् ।

अम्बिका अर्यालले **दोभान** (२०६८) पत्रिकामा "फूलको आतङ्क उपन्यासमा विनिर्माणवाद" शीर्षकको लेखमा उपन्यासमा प्रयुक्त सूत्रहरू छोटा भए तापनि तिनीहरूलाई लम्याउदै जाादा लामा लामा कथाहरू निर्माण गर्न सकिन्छ भने एक सूत्र र अर्को सूत्रका बिच भएका रिक्तताहरूलाई मेटाएर रेखान्वित उपन्यास सिर्जना गर्न सकिन्छ भनेकी छन् ।

भूमिराज बास्ताकोटीले **स्वैरकल्पना र उपन्यासकार ध्रुवचन्द्र गौतम** (२०६६) पुस्तकको "फूलको आतङ्क" शीर्षकको लेखमा देशमा हराउादै गएको मानवता, देशका नागरिकहरू 'पिङ्गला' जस्तै नपुङ्सक हाुदै गएको आक्रोश, प्राकृतिक जीवनको विनाश तथा (सिन्थेटिक) हरियोपनको स्थिति, सामान्य मानिसभन्दा बद्धिजीवीहरू झन् नपुंसक र अवसरवादी भएको स्थिति, सम्पत्ति, प्रेम, मन्त्रीहरूको नालायकीपनजस्ता देशका वस्तु यथार्थलाई गौतमले व्यङ्ग्यात्मक रूपमा व्यक्त गरेका छन् भनेका छन् ।

डा.लक्ष्मण गौतमले **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना** (२०६६) मा "उपन्यासभित्र" शीर्षकको लेखमा ध्रुवचन्द्र गौतमको **फूलको आतङ्क** उपन्यासलाई संरचना, शैली र दर्शनका दृष्टिले उत्तर आधुनिक दर्शनकै उत्कृष्ट एवम् विधाभञ्जनको सार्थक नमुना कृतिका रूपमा मूल्याङ्कन गरिएको छ भनेका छन् ।

उपर्युक्त विभिन्न समालोचकहरूले गरेको उपन्याससम्बन्धी टीकाटिप्पणी हेर्दा **फूलको आतङ्क** उपन्यासको पूर्वकार्य र अध्ययन अपुरो नै देखिन्छ । त्यस कारण यस उपन्यासको कृतिपरक अध्ययनले मात्र समग्रतामा कृतिले बहन गर्ने निचोड र निष्कर्ष निस्कने भएकाले कृतिपरक अध्ययनलाई अनिवार्य ठानी पूर्ण रूपले उपन्यासको उद्देश्यको निष्कर्ष दिने प्रयास यस शोधकार्यमा गरिएको छ ।

## १.५ अध्ययनको औचित्य र उपयोगिता

**फूलको आतङ्क** उपन्यासका सम्बन्धमा केही पत्रपत्रिकामा सामान्य चर्चा र टीकाटिप्पणी मात्र भएको देखिन्छ । त्यसकारण समग्र कृति अध्ययन र मूल्याङ्कनको अभाव रहेकाले प्रस्तुत शोधकार्य लेखनको औचित्य र उपयोगिता महत्त्वपूर्ण रहेको छ । यस उपन्यासका बारेमा जानकारी लिन चाहने जिज्ञासु पाठकवर्गले उचित लाभ उठाउन सक्ने हुादा यो विश्लेषणात्मक शोधकार्यको महत्त्व थप औचित्य तथा उपयोगीपूर्ण रहेको छ ।

## १.६ अध्ययनको सीमा

प्रस्तावित शोध कार्य ध्रुवचन्द्र गौतमको सङ्क्षिप्त परिचय तथा उनको **फूलको आतङ्क** उपन्यासको कृतिपरक अध्ययन, विश्लेषण र मूल्याङ्कनमा सीमित रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तावित शोधकार्य सम्पन्न गर्दा सामग्री सङ्कलन मूलतः पुस्तकालयीय कार्यबाट गरिएको छ । उपन्यासकार ध्रुवचन्द्र गौतमको **फूलको आतङ्क** उपन्यासलाई आधार सामग्रीका रूपमा प्रयोग गरिएको छ भने ध्रुवचन्द्र गौतमको उपन्यासकारिता र यस उपन्यासका बारेमा भएका पूर्व अध्यययनहरूलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्य उपन्यासको सैद्धान्तिक मान्यताका आधारमा कृतिको विश्लेषण गरिएको छ । यसका साथै **फूलको आतङ्क**लाई सूत्र उपन्यास भनिए पनि सूत्र उपन्यासको सैद्धान्तिक मान्यता नभएकाले परम्परित उपन्यासका सैद्धान्तिक मान्यताका आधारमा नै विश्लेषण गरिएको छ । उपन्यासको सैद्धान्तिक मान्यताका आधारमा निगमनात्मक विधिको प्रयोग गरी यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.९ शोधकार्यको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूपमा विन्यस्त गर्नका लागि निम्नलिखित अध्यायहरूमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : ध्रुवचन्द्र गौतमको परिचय र उपन्यास यात्रा

तेस्रो परिच्छेद : उपन्यासको सैद्धान्तिक स्वरूप तथा तत्त्वहरू

चौथो परिच्छेद : 'फूलको आतङ्क' उपन्यासको विश्लेषण

पााचौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

उपर्युक्त परिच्छेदहरूलाई पनि विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी यो शोधपत्र सम्पन्न गरिएको छ । यसका साथै शोधपत्रको अन्त्यमा सन्दर्भ सामग्री सूची पनि राखिएको छ ।

# दोस्रो परिच्छेद

# ध्रुवचन्द्र गौतमको परिचय र उपन्यास यात्रा

## २.१ ध्रुवचन्द्र गौतमको सङ्क्षिप्त परिचय

२००० साल पुष २ गते भारतको रक्सौलमा जन्मिएका ध्रुवचन्द्र गौतमले २०२० सालको **रूपरेखा** पत्रिकामा 'तटस्थता : असफलता' कविता र सोही पत्रिकामा 'एक असफलता' कथा प्रकाशित गराएर नेपाली साहित्यमा प्रवेश गरेका हुन् । कथा, कविता, नाटक, उपन्यास आदि विधामा कलम चलाएका गौतमका हालसम्म **अन्त्यपछि** (२०२४), **बालुवामाथि** (२०२८), **डापी** ( २०३३), **कट्टेलसरको चोटपटक** (२०३७), **अलिखित** (२०४०), **निमित्त नायक** (२०४३), **स्वर्गीय हीरादेवीको खोज** (२०४५), **एक सहरमा एक कोठा** (२०४६), **उपसंहार अर्थात् चौथो अन्त्य** ( २०४८), **दुविधा** (२०५२), **अग्निदत्त +अग्निदत्त** (२०५३), **फूलको आतङ्क** (२०५५), **बाढी** (२०५६), **सहस्राब्दीको अन्तिम प्रेमकथा** (२०५६), **मौन** (२०५८), **तथाकथित** (२०५९), **भीमसेन चारको खोजी** (२०६०), **घुर्मी** (२०६२) र **एक असफल आख्यानको प्रारम्भ** (२०६४) तथा सहलेखनमा **आकाश विभाजित छ** (२०३०), **देहमुक्त** (२०४४), **अवतार विघटन** (२०४५) र **ज्यागा** (२०५०) जस्ता कथासङ्ग्रहहरू प्रकाशित भएका छन् ।

### २.१.१ जन्म र जन्मस्थान

ध्रुवचन्द्र गौतमको जन्म वि. सं. २००० पुष २ गते भारतको रक्सौलमा भएको थियो । ध्रुवचन्द्र गौतमका हजुरबुबा देव शमशेरका पुजारी थिए । देव शमशेरलाई विभिन्न आरोपमा देश निकाला गर्दा उनका हजुरबुबाको परिवारलाई पनि देव शमशेरसागै नेपालबाट धपाइएको थियो । त्यही सिलसिलामा गौतमका पुर्खा भारतका विभिन्न स्थानमा गई बसोबास गर्नुपरेको थियो । त्यस समयमा प्रकाश शमशेर बडा हाकिम थिए र उनका साथमा पनि गौतमका हजुरबुबाले केही समय कार्य गरेको देखिन्छ । भारतको मनराकट्टीमा हजुरबुबा लप्टन भएर गएका बेला ध्रुवचन्द्रका जेठा दाजुको जन्म भएको थियो । यही कारणले उनको परिवार भारतको रक्सौलमा गई बसेका बेला गौतमको जन्म भएको थियो । गौतम सामान्य ग्रामीण परिवारमा जन्मिएका थिए (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

### २.१.२ बाल्यकाल र स्वभाव

२००१ सालमा ध्रुवचन्द्रको परिवार भारतबाट वीरगन्जको जेलरोड आई बसोबास गर्न थालेको पाइन्छ (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) । रक्सौलमा जन्मेर वीरगन्जमा हुर्केका गौतमले बाल्यकाल केही दुःखद् अवस्थामा नै बिताएको पाइन्छ । उनी हुर्केको समयमा राणाहरूको शासन थियो । राणाहरूले एकतन्त्रीय पद्धतिअनुसार देशमा शासन गर्थे । त्यस समयमा दसै, तिहारमा भने केही रमाइलो पनि हुन्थ्यो । दसै, तिहारमा जुवा खेल्न भने सबै नेपालीहरूले पाउाथे । त्यतिबेर भने हामी रमाइलो मान्थ्यौा । २००७ सालमा भने देशमा सबैतिर राणाहरूको विरुद्धमा क्रान्तिको घोषणा भएको थियो । यस क्रान्तिले वीरगन्जलाई पनि छोएकाले हामी १ वर्ष घरबाट त्यति बाहिर निस्किएनौा । वीरगन्जको जेल फुटाएर यसै साल कैदीहरू भागेको घटना भने धमिलो स्मरणमा रहेको छ भनी उनी भन्दछन् । पारिवारिक आर्थिक स्थिति मध्यम भएकाले बाल्यकाल कठिनसाथ नै बितेको थियो भनी गौतम भन्दछन् (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

बाल्यकालमा अलि भावुक र संवेदनशील स्वभाव भएका गौतमले २००७ सालमा नै मातृवियोग सहनु परेको थियो । त्यही असरले गर्दा मलाई अलिक भावुक र संवेदनशील बनाएको हो भनी उनी भन्दछन् । सानामा त्यति पढ्न मन नलाग्ने गौतम सानैदेखि कलातिर झुकाउ राख्थे । नौ कक्षामा पढ्दा भानुजयन्तीमा कविता रचनागरेबापत् उनले पुरस्कार पनि पाएका थिए । बाल्यकालमा घरायसी कठिनाइ र मातृवियोगले नै उनलाई साहित्यतिर प्रवृत्त गराएको पाइन्छ ( शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

### २.१.३ पारिवारिक पृष्ठभूमि र आर्थिक अवस्था

निम्नमध्यम वर्गीय परिवारमा गौतमको जन्म भएको देखिन्छ । गौतमकी दीपवती देवी र निर्मला देवी गरी आमाहरू दुईवटी थिए । दीपवतीबाट धनुषचन्द्र, गोपालचन्द्र, ईश्वरचन्द्र, ध्रुवचन्द्र र उत्तमचन्द्र गरी ५ जना दाजुभाइ तथा शोभा र इन्दु दुई दिदीबहिनीको जन्म भएको थियो भने निर्मलादेवीबाट महेशचन्द्र र कुवेरचन्द्र तथा शारदा र सुषमा गरी चार सन्तानको जन्म भएको थियो । यति ठूला परिवारिक वातावरणमा आफू हुर्केको कुरा गौतम बताउाछन् ( शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) । बाबुले सलाई फेक्ट्रीमा काम गरेर हाम्रो परिवारको गुजारा चलाउनु हुन्थ्यो । गाउाबाट समयमा खाद्यान्न नआइदिंदा निकै समस्या हुन्थ्यो भन्ने कुरा पनि उनी बताउाछन् । अभावात्मक जीवन गुजार्दा खानको त्यति ध्यान रहादैनथ्यो । बाबुले जिमिदारी पद पनि लिएका थिए । बाबु जिमिदारी भए पनि आफूमा जिमिदारीपन भने नरहेको कुरा

उनी बताउाछन् । यसरी जीवन दुःखकष्टसाग गुजार्दै आएका गौतमले आफूलाई निम्नमध्यम वर्गीय भन्न रुचाउाछन् (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

ध्रुवचन्द्र गौतमको जन्म ग्रामीण निम्नमध्यम वर्गीय परिवारमा भएको थियो । उनको परिवारको आर्थिक अवस्था नाजुक किसिमको थियो । पिताको परिश्रमी र पौरखी व्यवहारले घरव्यवहार सामान्य रूपमा चलेको पाइन्छ तर उनकी आमाको असामयिक निधनले गर्दा उनको परिवारको आर्थिक अवस्था कमजोर हुन पुगेको थियो (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) । बाबुको एक्लो कमाइले घरव्यवहार चलाउन धौधौ पर्दथ्यो । शोधनायक आ̐नो पारिवारिक दुःखलाई यसरी सम्झना गर्दछन् :

*“मेरो घरायसी अवस्था नाजुक थियो । म सात वर्षको हुादा आमा बित्नुभयो । बुवाले हामीलाई हुर्काउन र पढाउन निकै दुःख बेहोर्नुपरेको थियो । हामीले जस्तोसुकै जटिलता खेप्नुपरे पनि छोराछोरीहरूलाई शिक्षा दिनै पर्छ भन्ने मान्यताबाट बुबाले हाम्रो पढ्ने खर्च काम गरेर र ऋण खोजेर जुटाउभएको थियो ।”* (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

## २.१.४ शिक्षादीक्षा

उनी जन्मेको समयमा अहिलेका जस्ता विद्यालय नभएको स्थिति थियो । उनको वीरगन्जको घर नजिक एउटा सानो पाले बस्ने घर थियो, त्यसैको एक कुनामा एउटा सानो कोठा थियो । जसमा झ्याल त थियो तर ढोका थिएन । जसलाई अखडा भनिन्थ्यो । त्यही अखडामा टोलका सबै केटाकेटीहरू पढ्थे जहााबाट उनको पढाइ सुरु भएको थियो । केशवप्रसाद आचार्य नामका गुरुले त्यहाा पढाउने गर्थे । गौतमलाई त्यति पढ्नतिर रुचि नलाग्ने भएकाले प्रायः उनी १२ बजेपछि पढ्न नगएको बताउाछन् । यसरी उनको शिक्षा त्यही अखडाबाट सुरु भएको देखिन्छ (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) । गौतमको औपचारिक अध्ययन भने त्रिजुद्ध स्कुलबाट सुरु भएको पाइन्छ । उनले एकैचोटि कक्षा ३ बाट पढ्न सुरु गरेको पाइन्छ । हिन्दीमा पढाइ हुने परिपाटीअनुसार उनले पनि हिन्दीमै पढेको देखिन्छ । अङ्ग्रेजीमा केही कमजोर भए तापनि एकैपटकमा एस्.एल्.सी पास गरेका गौतमले पुना विश्वविद्यालयको डेकन कलेजमा छात्रवृत्ति पाएर भाषाविज्ञानमा पी. एच्. डी. गरेका छन् (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

## २.१.५ जागिरे जीवन

२०२४ सालबाट प्राध्यापन पेसामा लागेका गौतमले लामो समय डेरामा जीवन बिताएका थिए । त्यसपछि प्राध्यापन पेसाको कमाइले चावहिलमा एउटा सानो घर किनेर बस्दै आए तापनि

त्यो घर किनेपछि गरिबी झन् बढेको कुरा उनी बताउाछन् । तापनि दुःख गरेर बस्दै आएको घर बेचेर पुनः चुनदेवीतिरै अर्को घर किनी बसोबास गर्दै आएको कुरा उनी बताउाछन् । अहिले भने आ˜नो पेन्सन, छोराबुहारीको आयस्रोत आदिले ठिकै तरिकाले घरव्यवहार चल्दै छ भनी उनी भन्दछन् (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

ध्रुवचन्द्र गौतमको जागिरे जीवन २०२४ सालमा शिक्षण पेसाबाट सुरु भएको पाइन्छ । उनले २०२४ सालको जेठ महिनादेखि त्रिचन्द्र क्याम्पसमा स्थायी रूपमा उपप्राध्यापक भई शिक्षण पेसा थालेको देखिन्छ । त्यसपछि विश्वविद्यालयमा सरुवा भई जम्मा २८ वर्ष प्राध्यापन पेसा गरेको पाइन्छ । प्राध्यापन पेसाबाहेक उनले नेपाल प्रज्ञा प्रतिष्ठानमा ५ वर्षसम्म सदस्य सचिवका रूपमा रही कार्य गरेको पाइन्छ भने २०६३ सालमा साझा प्रकाशनको महाप्रबन्धक भई कार्य सम्पादन पनि उनले गरेको देखिन्छ (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

## २.१.६ भ्रमण, सम्मान र पुरस्कार

ध्रुवचन्द्र गौतमले हालसम्ममा स्वदेश तथा विदेश गरी धेरै स्थानहरूको भ्रमण गरिसकेका छन् । उनका धेरैजसो भ्रमणहरू साहित्यिक सन्दर्भसाग गाासिएका छन् । उनले भारत सरकारको निमन्त्रणामा भारत र विभिन्न उद्देश्य लिएर थाइल्यान्ड, हङकङ, चीन, जर्मनी, स्कटल्यान्ड तथा क्यानडाको भ्रमण गरेको देखिन्छ (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

नेपाली साहित्यको सेवा गरेवापत् ध्रुवचन्द्र गौतमले धेरै पुरस्कार र सम्मान पाएका छन् । उनले प्राप्त गरेका प्रमुख पुरस्कार तथा सम्मानहरूमध्ये मदन पुरस्कार (२०४०), लुमकरण दास साहित्य कला केन्द्रद्वारा सरस्वती सम्मान (२०५२), नारायणी वाङ्मय प्रतिष्ठान पुरस्कार (२०४५) रहेका छन् । उनले हालसम्ममा जम्माजम्मी ४०/५० वटा सम्मान र पुरस्कार प्राप्त गरेको कुरा उनी बताउाछन् (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

## २.१.७ व्यक्तिगत रुचि तथा स्वभाव

ध्रुवचन्द्र गौतमको रुचि जनसेवा, साहित्यमा रहेको पाइन्छ । यीमध्ये पनि उनको विशेष रुचि क्षेत्र भनेको लेखन कार्यमा निरन्तर लाग्नु नै हो । साहित्यका क्षेत्रमा विशेष गरेर उनी उपन्यास विधामा बढी केन्द्रित छन् भने कथा, नाटक, कविताजस्ता विधामा पनि उनी सक्रिय नै देखिन्छन् । पूर्वीय तथा पाश्चात्य साहित्यिक कृतिहरूको अध्ययन गर्ने र लेखनमा विभिन्न सिद्धान्तहरूको प्रयोग गरी साहित्य सिर्जना गर्ने कार्यमा उनको विशेष रुचि देखिन्छ । शरीरमा चट्ट मिलेको कपडा लगाउने र सफासुग्घर भएर बस्न रुचाउने गौतमले मन पराउने खाना दाल, भात र तरकारी नै हो । यसरी

हेर्दा उनको रुचि सैद्धान्तिक र व्यक्तिगत क्षेत्रमा सामान्य नेपाली जनजीवनबाटै प्रभावित रहेको देखिन्छ (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

शान्त, सरल, झुटो नबोल्ने मिलनसार स्वभाव भएका व्यक्तिहरूलाई उनी रुचाउाछन् । छलकपट र अवसरवादी मान्छे उनलाई मन पर्दैन । मान्छे स्पष्टवादी र मानवताले युक्त हुनुपर्दछ भन्ने उनको मान्यता छ । जुनै समयमा पनि साहित्य लेख्न रुचाउने गौतम लोकतन्त्रमा विश्वास राख्दछन् (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

कुनै पनि अर्को व्यक्तिसाग कुराकानी गर्दा मुसुक्क हाासेर मात्र कुरा गर्ने अनि अत्यन्तै संयम र नम्र भाषाको प्रयोग गर्ने मृदुभाषी स्वभाव उनमा रहेको छ । साहित्यको सेवा भनेपछि आˆना सम्पूर्ण निजी कामहरू छाडेर लाग्ने गौतमले साहित्यमार्फत सामाजिक परिवर्तन गर्ने उद्देश्य राखेको देखिन्छ । अनुशासन र नियम उल्लङ्घन गरी कार्य गर्नेहरूमाथि अत्यन्त कठोर आपत्ति उठाउने र कुनै पनि कुराको समयसापेक्ष उपयोग गर्नुपर्छ भन्ने यिनको मान्यता रहेको पाइन्छ । यसरी हेर्दा गौतम कुनै पनि विषयमा नियमानुसारको व्यवस्था गर्दै जाने स्वभाव भएका देखिन्छन् ( शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

## २.१.८ साहित्यिक मान्यता र जीवनदर्शन

साहित्य जीवन हो, जीवन साहित्य होÙ जीवन नभएको साहित्य हुादैन । साहित्यकार एउटा स्रष्टा हो । ऊ आˆनो सिर्जनाद्वारा एउटा नयाा समाजको आशा गर्दछ । यसका निम्ति उसले आˆनो स्पष्ट जीवनदर्शन बनाएको हुन्छ । साहित्यकारले बनाएको यस्तै जीवनदर्शनबाट उसको सृजना प्रभावित भएको हुन्छ । गौतम व्यक्त गरिएको जीवन र व्यक्त नगरिएको जीवनको अभिव्यक्ति क्रियाशील हुनुपर्दछ भन्ने कुरामा विश्वास गर्दछन् (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) । उनको वैचारिकतामा नैतिकता र इमानदारिताको समन्वय पाइन्छ । उनी मानव जीवनमा नैतिकता, इमानदारिता र कर्मठताप्रति आस्थावान् देखिन्छन् । उनी स्रष्टा भएकाले आˆनो शिल्प र अभिव्यक्तिद्वारा एउटा नयाा समाजको रचना गरी नयाा दिशाबोध गराउन चाहन्छन् । समाजमा साहित्यकारहरूको नैतिकताको निर्धारण उनीहरूको लेखकीय दायित्व र सामाजिक दायित्वबाट गर्न सकिन्छ । लेखकीय दायित्वअन्तर्गत उसले सिर्जनात्मक र कलात्मक शैलीमा स्वस्थ र जीवन्त रूपमा आˆना भावनाहरू अभिव्यक्त गर्नुपर्छ भने सामाजिक दायित्वअन्तर्गत प्रत्येक लेखकले आफू बााचेको समाज र परिवेशप्रति इमान्दार भएर बहुजनहिताय आˆनो अभिव्यक्ति पोख्नुपर्दछ । गौतम साहित्यकारको यस दायित्वप्रति सजग छन् । मान्छेमा मानवता रहनुपर्दछ । मानवले गर्ने कर्तव्यलाई

उसले कहिल्यै पनि बिर्सनु हुादैन भन्ने मान्यता पनि गौतम राख्दछन् (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

हाम्रो देशमा भएका विभिन्न भाषा, संस्कृति, र जातजातिको रहनसहन, कला संस्कृतिको संरक्षण गर्ने जिम्मेवारी हामी सबैको कर्तव्य हो । त्यसैले हरेक नेपालीले यस्ता पुरातात्त्विक कुराहरूको संरक्षणतिर पनि ध्यान दिनुपर्छ । व्यक्तिगत स्वार्थ त्यागेर सामाजिक भावनाले कार्य गर्नुपर्दछ आदि मान्यताहरू पनि उनी व्यक्त गर्दछन् (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

धर्मसम्बन्धी कुरा गर्दा गौतम वैचारिक रूपमा कुनै पनि धर्ममा खराबी छैन । धर्मले मानिसलाई सदाचार, विवेकी र सहनशील बनाउाछ । हामीले सनातनदेखि मान्दै आएको हिन्दू धर्मको पालना गर्नुपर्दछ । धार्मिक सहिष्णुता र उदारता हुनुपर्दछ । धर्मलाई लिएर कुनै विवाद गरिनु हुादैन भन्ने धारणा पनि उनको रहेको छ (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

मूलतः प्राध्यापक र साहित्यकारका रूपमा परिचित गौतमको सामाजिक जीवनको छाप उनका साहित्यिक रचनाहरूमा भएको पाइन्छ । जीवनमा भोगेका र देखेका र अनुभूति गरेका यथार्थजन्य घटनालाई संवेदनशील र अनुभूतिजन्य सरल र सहज भाषामा प्रस्तुत गरी समाजसुधारको चाहना राख्नु नै उनका साहित्यिक कृतिहरूको मूल उद्देश्य रहेको छ ।

यसरी सिर्जनालाई समाज उपयोगी एवम् जीवन र समाजलाई युगसापेक्ष रूपमा बदल्न सक्ने हतियार ठान्ने गौतमका कृतिहरूमा यस्तै भाव व्यक्त गरिएको पाइन्छ । आजका मानवीय समस्याहरूमाथि स्रष्टाहरूले साहित्यिक जलप लगाएर अभिव्यक्ति दिन सक्नुपर्छ भन्ने गौतमको धारणा रहेको छ (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

## २.१.९ साहित्यिक क्षेत्रमा प्रवेश, प्रेरणा तथा कथालेखन र प्रकाशन

ध्रुवचन्द्र गौतमको पारिवारिक स्थिति कमजोर भए तापनि माध्यमिक विद्यालय पढ्दादेखि नै उनी साहित्यतिर आकृष्ट भएको देखिन्छ । सानैदेखि गम्भीर र भावुक प्रकृतिका गौतमलाई व्यक्तिगत स्वभावले पनि साहित्यतिर आकृष्ट गरेको देखिन्छ । राणाकालीन सामन्ती शोषण र अत्याचारलाई सहन नसकी २००७ सालमा राणाशासन विरुद्धको क्रान्ति आएको र त्यसपछि नेपालमा केही परिवर्तन आएको कुरा आफूलाई धमिलो स्मरण छ भनी बताउने गौतममा यस परिवर्तनले आफू सानै भए पनि केही प्रभाव पारेको बताउाछन् । २००७ सालमा वीरगन्जको जेल फुटाएर कैदीहरू भागेपछि एक वर्षसम्म डर, सन्त्रासले त्यस भेगका जनताहरूले समय बिताएको र त्यस्तो शोषक प्रवृत्ति सहेर बस्नुपरेकाले उनी त्यस कुरालाई साहित्यमार्फत प्रस्तुत गर्न थाल्दछन् (शोधनायकसाग

लिइएको लिखित अन्तर्वार्ता) । कक्षा नौमा पढ्दा यस्तै विषयलाई समेटेर भानुजयन्तीमा कवितामा प्रथम भएपछि गुरुहरूले पनि स्यावासी दिनुभयो र मलाई पनि साहित्यतिर रुचि बढ्दै गयो । यसरी नै साहित्यलेखनको प्रेरणा पाए भनी गौतम बताउछन् (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) । एवम् रीतले उनले भारतबाट प्रकाशित विभिन्न पत्रपत्रिकाहरू पढ्ने अवसर पनि पाएका थिए । यी पत्रपत्रिकामा प्रकाशित विभिन्न रचनाहरूले पनि उनलाई साहित्यतिर आकृष्ट गरेको पाइन्छ । अध्ययनसागै प्रेमचन्द, शरदचन्द्र, रविन्द्रनाथ र निर्मल बर्मा आदिका सिर्जनाहरू अध्ययन गरेको र ती सिर्जनाहरूबाट पनि उनले साहित्यरचनाको प्रेरणा पाएका थिए ( शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

यसरी गौतमले उपर्युक्त विभिन्न क्षेत्रहरूबाट प्रेरणा र प्रभाव लिए तापनि उनको कलमले विशेष गरी सामाजिक यथार्थवादी, विसङ्गति, अस्तित्ववादी धाराका सृजनाहरू नै बढी रचना गरेको देखिन्छ । उनले सामाजिक यथार्थका साथै विसङ्गति र अस्तित्ववादको मार्मिक रेखाङ्कनमा नै सृजनाहरू गरेका छन् (शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) ।

उनका कथाहरूमा राजनैतिक एवम् प्रशासनिक भ्रष्टाचारप्रति व्यङ्ग्यात्मक अभिव्यक्तिका साथै वर्तमानका अमिल्दोपन, ह्रास, पतन, धुर्त्याइ र त्यसबाट समाजमा सिर्जिएका समस्याहरूलाई विषयबद्ध गरेको पाइन्छ । अनौपचारिक रूपमा २०१८ सालदेखि र औपचारिक रूपमा २०२० सालदेखि हालसम्म अनवतर रूपमा साहित्य सृजनामा लागेका गौतमका विभिन्न विधामा विभिन्न कृतिहरू प्रकाशित भइसकेका छन् ।

गौतम २०२० सालको **रूपरेखा** पत्रिकामा 'तटस्थता : असफलता' कविता र सोही पत्रिकामा 'एक यात्रानुभूति' कथा प्रकाशित गराएर नेपाली साहित्यमा प्रवेश गरेको कुरा बताउछन् ( शोधनायकसाग लिइएको लिखित अन्तर्वार्ता) । गौतमले गीत, कविता, कथा, निबन्ध, नाटक र उपन्यास क्षेत्रमा कलम चलाइसकेका छन् । विभिन्न विधामा गरी दुई दर्जन कृतिहरू प्रकाशित गरिसकेका गौतमका कथा विधामा **आध्यारो द्वीपमा** (२०३५), **गौतमका प्रतिनिधि कथा** (२०४४), **संरक्षक** (२०४८), **ध्रुवचन्द्र गौतमका एकाउन्न कथा** (२०५८), **साठी वर्षमा हृदयाघात र कथादृष्टिकोण** (२०६०) र **पहिलो प्रेमको संस्मरण** (२०६५) जस्ता कथासङ्ग्रहहरू प्रकाशित भएका छन् ।

नेपाली कथाको आधुनिक युगको सेरोफेरोमा रही कथालेखन आरम्भ गरेका गौतमको कथाकारितामा भिन्नै प्रकारको विशेषता पाइन्छ । मनोविज्ञान, सामाजिक कुरीतिहरूप्रति तिखो व्यङ्ग्य र समाजमा आमूल परिवर्तनको चाहना बोकेका उनका प्रत्येक कथाले कुनै न कुनै रूपमा

पाठकलाई नयाा सन्देश दिने प्रयत्न गरेका छन् । उनले कथामा विशेष गरी बालमनोविज्ञान, नारीवेदना, परम्पराप्रतिको विद्रोह, समाजमा व्याप्त सामन्ती प्रथा तथा उत्पीडनप्रतिको वास्तविकतालाई छर्लङ्ग्याउने भरपुर प्रयत्न गरेका छन् ।

## २.१.१० ध्रुवचन्द्र गौतमको साहित्यिक व्यक्तित्व

ध्रुवचन्द्र गौतम नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले नेपाली साहित्यका कविता, कथा, निबन्ध, नाटक, उपन्यास र गीत आदि विधामा कलम चलाएका छन् । उनका औपन्यासिक कृतिहरूमा **अन्त्यपछि** (२०२४), **बालुवामाथि** (२०२८), **डापी** (२०३३), **कट्टेलसरको चोटपटक** (२०३७), **अलिखित** (२०४०), **निमित्त नायक** (२०४३), **स्वर्गीय हीरादेवीको खोज** (२०४५), **एक सहरमा एक कोठा** (२०४६), **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८), **दुविधा** (२०५२), **अग्निदत्त+अग्निदत्त** (२०५३), **फूलको आतङ्क** (२०५५), **बाढी** (२०५६), **सहस्राब्दीको अन्तिम प्रेमकथा** (२०५६), **मौन** (२०५८), **तथाकथित** (२०५९), **भीमसेन चारको खोजी** (२०६०), **घुर्मी** (२०६२) र **एक असफल आख्यानको प्रारम्भ** (२०६४) तथा सहलेखनमा **आकाश विभाजित छ** (२०३०), **देहमुक्त** (२०४४), **अवतार विघटन** (२०४५) र **ज्यागा** (२०५०) पर्दछन् । कथासङ्ग्रहका रूपमा **आध्यारो द्वीपमा** (२०३५), **गौतमका केही प्रतिनिधि कथा** (२०४४), **संरक्षक** (२०४८), **ध्रुवचन्द्र गौतमका एकाउन्न कथा** (२०५८), **साठी वर्षमा हृदयाघात र कथादृष्टिकोण** (२०६०) र **पहिलो प्रेमको संस्मरण** (२०६५) पर्दछन् । नाटकका रूपमा भने **त्यो एउटा कुरा** (२०३०), श्रीकृष्ण लीला (गीतिनाटक) र **दुर्गा अवतार** (नृत्य नाटक, २०४१-०४२ मा अभिनीत) तथा **भस्मासुरको नली हाड र अरू नाटकहरू** (२०५४) रहेका छन् । उनको संस्मरणाात्मक निबन्ध **बाल्यकाल** (२०५०) र नियात्राका रूपमा **घडीहरूको देशमा समय खोज्दै** (२०६३) रहेको छ । अनुवादमा **बङ्गलादेशका समकालीन कथाहरू** (२०४९) देखिएको छ । गौतम बाल्यकालमा अध्ययन गरेका जासुसी उपन्यास र पछिका पूर्वीय तथा पाश्चात्य दर्शनको स्वतन्त्रता, निस्सारता, प्रयोगशीलता, अमूर्तता आदिजस्ता कुराबाट प्रभावित अनि देवकोटा, पुष्कर शमशेर, बी.पी. कोइरालाजस्ता स्वदेशी प्रतिभाबाट प्रेरित रहेका देखिन्छन् ।

पत्रपत्रिकाहरूमा प्रकाशित साहित्यिक अवधारणा र व्यक्ति बिम्बलाई सजाउने गौतम साप्ताहिक पत्रिकामा पृथ्वी र ध्रुवचन्द्र गौतमका नाममा स्तम्भलेखकका रूपमा पनि निकै सक्रिय व्यक्तित्व हुन् । उनका समकालीन परिवेशका विविध पक्षहरूमा लेखिएका स्तम्भहरू **समीक्षा**, **साप्ताहिक विमर्श**, **साप्ताहिक मञ्च**, **जनज्योति**, **देशान्तर**, **नेपाली आवाज** आदिमा प्रकाशित छन् । यसका साथै गौतम चलचित्रका कथा, पटकथा, संवाद, गीतलेखन तथा चलचित्र निर्देशनमा समेत सक्रिय भएका देखिन्छन् । **चौराली**, **प्रस्तुति**, **कलिलो**जस्ता साहित्यिक पत्रिकाको सम्पादनमा समेत उनको मिहिनेत परिसकेको छ । लेखकीय धर्मका लागि आबद्ध संस्थाबाट नेपाली प्रतिनिधिमण्डलको

नेतृत्व गरी उनले भारत तथा दक्षिण कोरियाको भ्रमण गरी कार्यपत्र पनि पेस गरेका थिए । यसरी गौतमको साहित्यिक व्यक्तित्व फराकिलो रहेको देखिन्छ ।

## २.२ ध्रुवचन्द्र गौतमको उपन्यास यात्रा

ध्रुवचन्द्र गौतम नेपाली साहित्यका एक विशिष्ट प्रतिभाशाली साहित्य साधक हुन् । उनले नेपाली साहित्यका कथा, नाटक, उपन्यास र संस्मरण विधामा हात हालेर हरेक विधामा विशिष्ट परिचय बनाउन सफल भएका छन् । २०२० सालको **रूपरेखा** पत्रिकामा कविता प्रकाशित गराएर औपन्यासिक साहित्य यात्राको आरम्भ गरेका गौतमले हालसम्म कवितात्मक कृतिको प्रकाशन गराएका छैनन् । हालसम्म उनका एकल र सहलेखन गरी जम्मा २४ उपन्न्यास, ६ वटा कथा सङ्ग्रह, २ नाटक तथा एकाङ्की सङ्ग्रह तीन वटा संस्मरण, केही फुटकर कविता तथा गीत र फुटकर समालोचना प्रकाशित भएका छन् । यसरी २०२० को दशकदेखि आरम्भ भएको गौतमको साहित्यिक यात्रामध्ये २०२४ सालदेखि चाहि गौतमको उपन्यास यात्रा प्रारम्भ भएको देखिन्छ । गौतमको उपन्यास यात्राको यो समयावधिलाई निम्न चरणहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

क) पहिलो चरण (२०२४ देखि २०३३ सम्म)

ख) दोस्रो चरण (२०३४ देखि २०५२) र

ग) तेस्रो चरण (२०५३ देखि हालसम्म)

यी विभिन्न चरणहरूको छुट्टाछुट्टै चर्चा अगाडि गरिएको छ :

### २.२.१ पहिलो चरण (२०२४ देखि २०३३ सम्म)

विभिन्न विधामा कलम चलाउादै उपन्यासका क्षेत्रमा भने गौतमले २०२४ सालदेखि कलम चलाएका हुन् । यस चरणमा गौतमका **अन्त्यपछि** (२०२४), **बालुवामाथि** (२०२८) र **डापी** (२०३३) उपन्यास प्रकाशित भएका छन् ।

ध्रुवचन्द्र गौतमको समग्र साहित्य यात्रा र नेपाली साहित्य कै एक महत्त्वपूर्ण प्राप्ति र उपलब्धि उनको औपन्यासिक लेखन हो । उनको साहित्य यात्राको यो पहिलो चरणको सफलता भन्नु नै यस चरणमा लेखेका उपन्यासको समष्टिगत प्राप्ति हो । २०२४ सालमा **अन्त्यपछि** उपन्यास लिएर देखा परेका गौतमले यस चरणमा **बालुवा माथि** (२०२८) र **डापी** (२०३३) गरी तीन वटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । यस चरणमा लेखिएका गौतमका उपन्यासहरू विसङ्गतिवादी, अस्तित्ववादी धारामा पूर्ण प्रतिबद्ध भएर आएका छन् । यस

चरणका गौतमका उपन्यासमा दोस्रो विश्वयुद्ध पछि देखिएका भय र रहस्यको सङ्घात, सन्त्रास र एकान्तको कोलाहल, नीरवता र विभीषिका जस्ता विषयवस्तुमा केन्द्रित भएको पाइन्छ ।

### २.२.२ दोस्रो चरण (२०३४-२०५२ सम्म)

ध्रुवचन्द्र गौतमको उपन्यास यात्राको दोस्रो चरण २०३४ सालदेखि २०५२ सालसम्मको समयावधि हो । यस चरणमा गौतमले **कट्टेलसरको चोटपटक** (२०३७), **अलिखित** (२०४०), **देहमुक्त** (२०४० सहलेखन), **निमित्त नायक** (२०४३), **अवतार विघटन** (२०४४ सह), **स्वर्गीय हीरादेवीको खोज** (२०४५), **एक सहरमा एक कोठा** (२०४६), **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४५) **ज्यागा** (२०५० सहलेखन) र **दुविधा** (२०५२) जस्ता उपन्यासहरू प्रकाशित गरेका छन् ।

यस चरणमा लेखिएका गौतमका उपन्यासहरूमा कथाहरूमा देखिएका जस्तै भ्रष्टाचारी, चाकरी र चाप्लुसीबाज तथा नैतिक रूपमा पतित व्यक्तिहरूका कारण सिर्जित सामाजिक समस्याहरूको उजागर गरेका छन् । यसो गर्दा गौतमले उल्लेखित प्रवृत्तिहरूबाट टाढा रहेका व्यक्तिहरूलाई निरीह देखाएका छन् । यस यात्राको पहिल्लो उपन्यास **कट्टेलसरको चोटपटक**देखि **उपसंहार अर्थात् चौथो अन्त्य**सम्म गौतमको यो वैशिष्ट्य कामय रहेको छ । यस चरणका गौतमका उपन्यासहरूमा पूर्व चरणका प्रवृत्तिहरूको अवशेषका साथै स्वैरकल्पना र मिथकको प्रयोग पनि गरेका छन् । यसको उदाहरण **अलिखित** उपन्यास हो । सारमा गौतमका यस चरणका उपन्यासहरू विसङ्गतिवादी अस्तित्ववादी प्रवृत्तिबाट माथि उठेर आलोचनात्मक यथार्थवादी र प्रयोगवादी बनेर आएका छन् ।

### २.२.३ तेस्रो चरण (२०५३-हालसम्म)

ध्रुवचन्द्र गौतमको उपन्यास यात्रा २०५३ देखि हालसम्मको समयवधिलाई मानिएको छ । गौतमले **अग्निदत्त+अग्निदत्त** (२०५३) उपन्यास प्रकाशित भएदेखि **अप्रिय** (२०६७) उपन्यास प्रकाशित हुन्जेलसम्मको समय हो । यस चरणमा गौतमका **फूलको आतङ्क** (२०५५), **बाढी** (२०५६), **सहस्राब्दीको अन्तिम प्रेमकथा**, **मौन**, **तथाकथित, भीमसेन ४ को खोजी**, **घुर्मी**, **जेलिएको**, **एक असफल**, **आख्यानको आरम्भ** र **अप्रिय** गरी ११ वटा उपन्यासहरू प्रकाशित भएका छन् ।

समग्र साहित्य यात्राको जस्तै यस चरणको पनि गौतमको सिर्जनात्मक लेखनको सबैभन्दा मलिलो विधा उपन्यास हो । यस चरणमा प्रकाशित भएका गौतमका उपन्यासहरू कतिपय पुरानै प्रवृत्तिहरूको निरन्तरता सहित नवीन प्रवृत्तिहरूको प्रयोग गरेको देखिन्छ । यस चरणमा लेखिएका

गौतमका उपन्यासहरूमा आलोचनात्मक यथार्थवाद, स्वैरकल्पना, विकृति र विसङ्गतिको अङ्कन, नवचेतनाको प्रतिबिम्बन र मिथकीय प्रयोगको आधिक्य पाइन्छ । यस्तै गौतमका यस चरणका उपन्यासमा यथास्थितिमूलक यथार्थको बिम्बात्मक टिप्पणी पनि गरिएको देखिन्छ ।

## २.३ निष्कर्ष

औपचारिक रूपमा २०२० सालदेखि गौतमको साहित्य यात्रा प्रारम्भ भए पनि उपन्यास यात्रा भने २०२४ सालबाट मात्र सुरु भएको देखिन्छ । उनको उपन्यास यात्रा आजसम्म आइपुग्दा ४८ वर्ष लामो समयसीमा पार गरेको देखिन्छ । यस अवधिमा गौतमले रचना गरेका औपन्यासिक साहित्यिक कृति र तिनीहरूमा प्रयोग भएको विषयवस्तु, शिल्प तथा शैली, चिन्तन र प्रयोगधर्मिताका आधारमा उनको उपन्यास यात्रालाई तीन चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । गौतमको मूल प्राप्ति र सफलता उपन्यास विधा भएकाले उनको उपन्यास यात्राको चरण विभाजन गर्दा उनले सिर्जना गरेका उपन्यास र तिनमा देखिएको प्रवृत्तिगत अन्तरका आधारमा गर्न बढी युक्तिसङ्गत देखिन आउाछ । साहित्यका सबैजसो विधामा हात हालेका र सफलता समेत प्राप्त गरेका गौतमका हरेक औपन्यासिक कृतिहरू नवीन मूल्य लिएर आएका छन् नेपाली उपन्यास लेखन परम्परामा **आज रमिता छ** (२०२१) र **शिरीषको फूल** (२०२२) ले भित्र्याएको विसङ्गतिवादी तथा अस्तित्ववादी चिन्तन मूल्यमा प्रतिबद्ध भएर उपन्यास लेखनमा प्रवृत्त भएका गौतम क्रमशः विकृति र विसङ्गतिको आलोचनामा प्रवेश गरेका छन् । यसका साथै यही परम्परामा नयाा नयाा शिल्प र शैलीको आमन्त्रण गर्दै आजसम्म अविचलित रूपमा लेखि रहेका छन् । उनका साहित्यिक कृतिहरूमा देखिएका विभिन्न नवीनताका आधारमा उनको साहित्य यात्रालाई धेरै चरण तथा उपचरणहरूमा विभाजन गरेर अध्ययन गर्न सकिने अवस्था रहे पनि यसलाई मुख्यतया तीन चरणमा विभाजन गर्न नै बढी युक्तिसङ्गत देखिन आउाछ ।

गौतमका हरेक औपन्यासिक कृति नवीन प्रवृत्ति र मूल्य लिएर आएका छन् । गौतमका उपन्यासलाई आधार मानी उनका साहित्यिक प्रवृत्तिहरूको निरूपण गर्दा विसङ्गतिवादी, अस्तित्ववादी आलोचनात्मक यथार्थवादी, प्रयोगवादी, प्रकृतवादी स्वैरकल्पनाको प्रयोग, भाषा तथा संरचनात्मक नवीनता, भय, आतङ्क र सन्त्रासको प्रस्तुति, मिथकीय प्रयोगमा सचेतता, चेतनप्रवाह शैलीको रोचक प्रयोग, असित (श्याम) व्यङ्ग्यको प्रयोग जस्ता औपन्यासक प्रवृत्तिहरू देखा पर्दछन् । उनका यी औपन्यासिक प्रवृत्तिहरू समग्र साहित्यिक कृतिहरूमा देखिएका छन् ।

# तेस्रो परिच्छेद

# उपन्यासको सैद्धान्तिक स्वरूप र तत्त्वहरू

## ३.१ उपन्यासको सङ्क्षिप्त परिचय

उप+नि+अस्+घञ् (अ) बाट उपन्यास शब्दको व्युत्पादन हुन्छ । सामान्यतः उपन्यास शब्दको अर्थ 'नजिकमा राख्नु' भन्ने हुन्छ । पूर्वीय साहित्यमा 'उपपत्ति कृतो ह्यर्थ उपन्यास प्रकीर्तितः' भनेर कुशलपूर्ण अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो भन्ने गरिएको पाइन्छ । पाश्चात्य साहित्यमा उपन्यासलाई बुझाउन प्रयोग हुने नोबेल (लयखभा) शब्दको अर्थ समाचारलाई सङ्केत गर्ने अथवा घटनालाई समाचारका रूपमा सम्प्रेरित गर्नु भन्ने रहेको छ । जसको सामान्य अर्थ घटनालाई समाचारका रूपमा सम्प्रेषित गर्ने (प्रधान, २०५० : १५) भन्ने हुन्थ्यो तर आज आएर उपन्यासको अर्थगत उपयोगिता अर्कै भएको छ । घटना, वस्तु, पात्र, परिवेश, कुतूहलता, द्वन्द्व, प्रस्तुति विशेषसमेतको आख्यानात्मक प्रतिपादनलाई उपन्यास भन्ने अर्थ दिन थालिएको छ (सुवेदी, २०६४ : ५) । वर्तमान सन्दर्भमा गद्यात्मक आख्यानको जीवनसापेक्ष प्रस्तुतिका रूपमा उपन्यासलाई बुझ्न सकिन्छ । उपन्यास जीवनको पूर्णकदको तस्बिर हो अझ कलात्मक प्रस्तुतिमा आउने हुनाले जीवनभन्दा बढ्ता साझा जीवनको प्रतिच्छाया हो । अन्य विधाका तुलनामा उपन्यासको कलाकारिता कम दुर्गुणयुक्त मानिन्छ अर्थात् सानोतिनो खोटले गर्दा सम्पूर्ण औपन्यासिक कलाको अस्वीकार हुँदैन (रायÙ ई. १९७३ : ४) ।

## ३.२ पाश्चात्य साहित्यमा उपन्यासको विकास

पाश्चात्य उपन्यास लेखन परम्पराबाट उपन्यासको विकासको थालनी भएको हो । पाश्चात्य साहित्यमा आधुनिक उपन्यासको प्रारम्भ अठारौं शताब्दीबाट भएको हो (वाटर र सटउड, ई. १९५६ : १४१९) । अतिरञ्जना र अतिकल्पनालाई त्याग्दै मानवीय जीवनका यथार्थ पक्षहरूलाई कलात्मक रूपमा प्रकाश गर्न थालिएपछि आधुनिक उपन्यासको प्रारम्भ भएको हो । पश्चिममा उपन्यासले आधुनिक रूप अठारौं शताब्दीमा प्राप्त गऱ्यो । यसको पृष्ठभूमिमा ग्रिक सभ्यता र समग्र पाश्चात्य सभ्यताका धरोहर मानिने होमरका **इलियड** र **ओडिसी** महाकाव्यहरू रहेका छन् । त्यसबाहेक यहुदीहरूको आचारग्रन्थ **ओल्डटेस्टामेन्ट** र क्रिस्चियनहरूको धार्मिकग्रन्थ **न्यु टेस्टामेन्ट** (बाइबल) हरूको भूमिका पनि उपन्यासको विकासमा महत्त्वपूर्ण रहेको पाइन्छ । ईसाको प्रारम्भतिर आइपुग्दा रोम र ग्रिसमा चर्चित इसपनीति कथाहरू पनि

पाश्चात्य उपन्यासका विकासका निम्ति उदाहरणीय छन् । त्यसपछि देखिएका भर्जिलको **एनिड** र दातेको **डिभाइन कमेडी** पनि आख्यानात्मक रचना भएकाले (सुवेदी, २०६४ : ९) उपन्यासको प्रारूप निर्माणमा यिनको सहयोग पुगेको छ । पाश्चात्य साहित्यमा मध्यकालको पूर्वार्द्धमा खासै साहित्यिक उन्नति नभए पनि विविध स्रोतबाट सङ्कलित रचनाहरूमा आख्यान तत्त्व रहेको पाइन्छ (वर्ड बुक इन्साइक्लोपिडिया, ई. १९६६ : ७६३) । पुनर्जागरण कालमा सङ्कलित इटालेली कथाहरूलाई नोबेला भन्ने गरिएको (वर्ड बुक इन्साइक्लोपिडिया, ई. १९६६ : ७६३) पाइन्छ । यसको उदाहरणस्वरूप बोकासियोको **डेकामेरन**का कथाहरूलाई लिन सकिन्छ (वेन्टन द्वय, ई. १९८१ : २७७) । सयओटा कथाहरूको सङ्ग्रह रहेको **डेकामेरन**को योगदान पाश्चात्य आख्यान विकासमा उल्लेखनीय रहेको पाइन्छ । यसकै प्रभावमा आएर फान्स, स्पेनलगायत युरोपेली देशहरूमा आख्यानात्मक गद्यलेखनप्रति अभिरुचि बढेको पाइन्छ । यसपछि विभिन्न विद्वान्हरू गद्यमा नवीन मान्यता स्थापना गर्न विविध प्रयोगतर्फ उन्मुख रहेको पाइन्छ । यसै क्रममा ई १७१९ मा ड्यानियल डिफोको **रबिन्सन क्रुसो** प्रकाशित भयो जसलाई आधुनिक उपन्यासको प्रवर्तक कृति मानिन्छ (वर्ड बुक इन्साइक्लोपिडिया, ई. १९६६ : ७६३) । कृतिमा पाठकलाई विश्वासयोग्य बनाएको, यथार्थ कल्पना भएको, सूक्ष्म वर्णन भएको र मानवविषय भएकाले नै यसलाई आधुनिक उपन्यास मानिएको हो (वर्ड बुक इन्साइक्लोपिडिया, ई. १९६६ : ७६३) ।

पश्चिममा आधुनिक उपन्यास आरम्भ भएपछि यसलाई विकसित तुल्याउने क्रममा स्यामुअल रिचर्डसनको **पामेला** (ई. १७४०), हेनरी फिल्डिङको **जुसेफ अन्ड्रान्स** (ई. १७४२) आदि उपन्यासबाट पाश्चात्य साहित्यमा आधुनिक उपन्यासको विकास हुदै गएको पाइन्छ । त्यसकै निरन्तरता स्वरूप पश्चिममा आजसम्म पनि नवीन प्रवृत्तिका साथ उपन्यास लेखन अघि बढिरहेको छ ।

## ३.३ पूर्वीय साहित्यमा उपन्यासको विकास

पूर्वीय साहित्यको आदिस्रोतका रूपमा संस्कृत वाङ्मयका इतिहास पुराण, उपनिषद् तथा ब्राह्मण ग्रन्थ हुदै प्राचीन ग्रन्थ ऋग्वेदसम्म पुग्न सकिन्छ । उपन्यासमा आख्यानतत्त्व मूल रूपमा रहने हुदा पनि यसको आदिस्रोत ऋग्वेदलाई मान्न सकिन्छ । आधुनिक मान्यताका दृष्टिकोणले पूर्वमा १९ औा शताब्दीसम्म कुनै उपन्यास नलेखिए पनि प्राचीन ग्रन्थ **ऋग्वेद**मा कथावस्तु, पात्र र कथोपकथन भेटिन्छ (रांग्रा, ई. १९६१ : ११०) । **ऋग्वेद**भित्र रहेका यमयमीका संवाद, पुरुरवा-उर्वशीका संवादले (शर्मा, २०५५ : २५-२६) यसमा आख्यान रहेको पुष्टि हुन्छ । त्यसैगरी **ब्राहृमणग्रन्थ** र **उपनिषद्**हरूमा हरिश्चन्द्रको कथा एवम् याज्ञवल्क्य र मैत्रेयीका कथा

पनि भेटिन्छन् (रांग्रा, ई. १९६१ : ११०) । पौराणिक ग्रन्थहरू **रामायण** र **महाभारत** महाकाव्यात्मक कृतिहरू छन् । यिनमा प्रशस्त आख्यानहरू विकीर्ण अवस्थामा रहेका छन् । संस्कृत भाषामा लेखिएका वाणभट्टको **कादम्बरी**, दण्डीको **दशकुमारचरितम्**, सुबन्धुको **वासवदत्ता**लगायतका थुप्रै ग्रन्थहरूको उपजीव्यका रूपमा **रामायण** र **महाभारत** नै रहेका छन् । यसरी नै यास्कको **निरुक्त** र पतञ्जलिको **महाभाष्य**मा परिनिष्ठित गद्यको नमुना पाइन्छ (शर्मा, २०५५ : ११०) । सुबन्धुको प्रथम गद्यकाव्य **वासवदत्ता** देखापरेपछि पूर्वीय साहित्यमा गद्यले काव्यभाषाको रूप लिएको देखिन्छ । यहीबाट नै संस्कृत साहित्यमा गद्यसाहित्यिक परम्पराको थालनी हुन्छ (शर्मा, २०५५ : १७८) । त्यसपछि देखापरेको गुणाढ्यको **बृहत्कथा**मा लोकाख्यानमूलक मानव कथा छ भने विष्णु शर्माको **पञ्चतन्त्र** पनि नीतिकथाको नमुना हो । यसै गरी लोकप्रिय कथाकृतिका रूपमा **हितोपदेश** आउाछ । यसमा कथाभित्रै नीतिलाई छद्म रूपमा प्रस्तुत गरिएको छ । यसका अतिरिक्त **कथासरित्सागर**, **बेतालपच्चिसी**, **सहस्ररजनी**जस्ता कृतिहरू पनि आख्यानयुक्त रचनाका रूपमा आएका छन् । यसरी हेर्दा वैदिक कालदेखि **ब्राह्मणग्रन्थ**, **उपनिषद्** र **पौराणिक** ग्रन्थहरू हुादै लौकिक साहित्यमा आइपुग्दा आख्यानले रचनाको अभिन्न अङ्गको रूप लिएको पाइन्छ (शर्मा, २०५५ : १७८-१७९) ।

आधुनिक आर्यभाषाहरूको जन्मसागै पूर्वीय साहित्यमा आख्यानको विकास र पाश्चात्य साहित्यको प्रभावमा तीव्रता आएको पाइन्छ । जियोभानी बोकासियोको **डेकामेक** तथा डिफोको **रबिन्सन क्रुसो**को प्रभाव बढ्न थालेपछि पूर्वमा पनि आख्यानले नयाा फड्को मार्न थालेको पाइन्छ । यसै क्रममा बङ्गाली उपन्यासकार बङ्किमचन्द्र चट्टोपाध्यायको **राजमोहन वाइफ** (ई. १८५६) अङ्ग्रेजी भाषामा प्रकाशित भएको पाइन्छ । यसलाई पश्चिमको नोवेलकै पर्याय मानेर लेखिएको पहिलो पूर्वीय उपन्यास (प्रधान, २०४० : १०) मानिएको छ । यसबाहेक चट्टोपाध्यायकै अन्य तेह्रवटा उपन्यास बङ्गला भाषामा प्रकाशित भएका पनि छन् (प्रधान, २०४० : १०) । त्यसपछि बङ्गाली हुादै हिन्दी साहित्यमा प्रवेश गरेको उपन्यास लेखन परम्पराले नवीन प्रवृत्ति र रूप ग्रहण गर्दै अगाडि बढेको पाइन्छ । यसै क्रममा बीसौा शताब्दीबाट नेपाली साहित्यमा पनि आख्यान प्रबल भएका वा अनूदित उपन्यास लेखनको परम्परा सुरु भएको छ ।

## ३.४ उपन्यासका तत्त्वहरू

उपन्यासका तत्त्वहरू केकति रहेका हुन्छन् भन्ने बारेमा विद्वान्हरूको एकमत देखिादैन । कृष्णचन्द्रसिंह प्रधानले कथानक, चरित्र, कथोपकथन शैली, भाषा, उद्देश्य र वातावरणलाई

उपन्यासका आधारभूत तत्त्व भनी निर्धारण गरेका छन् (प्रधान, २०५० : ७) । त्यस्तै राजेन्द्र सुवेदीले कथानक, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, विचार र कौतुहल भनी निर्धारण गरेका छन् (सुवेदी, २०६४ : १२) । ऋषिराज बरालले कथानक, चरित्रहरू, सारतत्त्व, दृष्टिबिन्दु, भाषाशैली र कार्यपीठिकालाई उपन्यासका तत्त्व मानेका छन् । कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र र चरित्र चित्रण, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब तथा गति र लय भनी निर्धारण गरेका छन् (बराल र एटम, २०५६ : २२) । यी विभिन्न उपन्यासका तत्त्वहरूबाट मुख्य तत्त्वहरू निम्नानुसार निर्धारण गर्न सकिन्छ :

### ३.४.१ विषयवस्तु

घटनाको व्यवस्थित विन्यास कथानक हो । यो उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । यसलाई कार्यकारणको तारतम्यपूर्ण सूत्रबद्धस्वरूप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ जसको जम्माजम्मीमा उपन्यासको आकृति खडा हुन्छ (प्रधान, २०५० : ७) । कथानकको भूमिका चरित्रप्रधान उपन्यासमा कम जस्तो लागे पनि घटनाप्रधान उपन्यासमा त अत्यधिक रहन्छ । कथानकमा पात्र तथा घटनाहरू रोचक तथा रहस्यमय ढङ्गले एक अर्कालाई गाास्दै अगाडि बढ्दछन् । यसमा घटनाहरू कथात्मक रूपमा स्विटर उदारेझैं सरर नभनेर एक अर्कासाग सम्बन्धित तुल्याउादै घटनासाग कारण जोड्ने हुनाले यसले पाठकमा पर्ने जिज्ञासालाई शान्त गर्दै लैजान्छ । कथानकलाई अगाडि बढाउन पात्रहरूबीच हुने स्वाभाविक खालका बाह्य तथा आन्तरिक द्वन्द्व र क्रियाकलापले भूमिका खेल्छन् । उपन्यास लेखनका क्रममा लेखकले कुनै न कुनै स्रोतबाट कथानक लिएको हुन्छ । यस्ता स्रोतहरू सामान्यतः इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पना हुन सक्छन् । सुरुदेखि अन्त्यसम्म कथाले मूलतः पााचवटा तह पार गर्दछ जसलाई कथानकको आङ्गिक विकास भनिन्छ । ती आरम्भ, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास र उपसंहार हुन् (बराल र एटम, २०५६ : २५) ।

### ३.४.२ चरित्र

चरित्र  उपन्यासको अर्को अभिन्न अङ्ग हो जसले कथानकलाई बोकेर अगाडि बढ्दछ । यसलाई पात्र, भोक्ता वा सहभागी पनि भनिन्छ । चरित्रबाट नै घटना जन्मन्छन् र यथार्थको समेत उद्घाटन हुन्छ (बराल र एटम, २०५६ : २७) । उपन्यासमा मानव जीवनको व्यापकता झल्काउने बहुल पात्रको प्रयोग हुन्छ जसका माध्यमबाट उपन्यासकारले आˆना विचार पाठकसमक्ष पुऱ्याउाछ । उपन्यासकारले उपन्यासमा के भन्न चाहन्छ, उसको दृष्टिकोण कस्तो

छ भन्ने कुरा चरित्र र तिनबाट प्रस्तुत हुने निष्कर्षबाट थाहा पाउन सकिन्छ । चरित्रहरूको संवादकार्य र गतिमा कथावस्तु, विचार तथा उद्देश्यको पनि विस्तार हुन्छ (सुवेदी, २०५१ : १७) । उपन्यासमा मानवीय तथा मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएका हुन्छन् । उपन्यासका मानवीय पात्रहरू कुनै खास वर्ग, प्रवृत्तिका आधारमा विविध प्रकारका हुन्छन् । कृष्णहरि बराल र नेत्र एटमले उपन्यासमा प्रयोग हुन सक्ने पात्रहरूलाई छ जोडीका प्रकारमा बााडेका छन् । जस्तै : गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक (बराल र एटम, २०५६ : ३०) । वातावरण वा कुनै घटनाले गर्दा परिवर्तन हुने पात्र गतिशील र परिवर्तन नहुने पात्र गतिहीन हुन्छ । समाजको वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने पात्र यथार्थ र यसको उल्टो पात्रले उच्च आकाङ्क्षा बोके पनि 'यस्तो हुनुपर्छ' भन्ने सन्देश दिने पात्र आदर्श हुन्छ (बराल र एटम, २०५६ : ३०) । सांसारिक भद्रगोलदेखि टाढा बस्न चाहने पात्र अन्तर्मुखी र आ`ना मनका कुराहरू अरुलाई भनिहाल्ने र बाहिरी सम्पर्कमा रमाउने पात्र बहिर्मुखी हुन्छ । यसरी नै जीवनलाई जटिल रूपमा भोग्ने र क्षणमै विशेषता परिवर्तन गरी कथानकलाई रोमाञ्चक बनाउने पात्र गोला र जीवनलाई सपाट रूपमा भोग्ने पात्र च्याप्टा हुन् (बराल र एटम, २०५६ : ३०) । जताततै उही रूपले ग्रहण गर्न सकिने पात्र सार्वभौम र निश्चित पहिचान लिएर देखिएका पात्रहरू आञ्चलिक हुन्छन् (बराल र एटम, २०५६ : ३०) । यसैगरी बराल र एटमले नै लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा पनि चरित्रका विविध प्रकार बताएका छन् (बराल र एटम, २०५६ : ३१-३२) ।

## ३.४.३ उद्देश्य

सारवस्तु उपन्यासको महत्त्वपूर्ण पाटो हो । यो उपन्यास लेखनको उद्देश्य तथा परिणति हो । यसलाई उद्देश्य तथा विचार पनि भनिन्छ । उपन्यासले निचोडमा भन्न खोजेको अर्थात् समाख्याताबाट सम्प्रेषण गर्दा चाहेको गुदी कुरोलाई सारवस्तु मान्न सकिन्छ । लेखकको जीवनको दर्शनको भारवहन गर्ने सारवस्तु उपन्यासको अर्थ हो । यो उपन्यासमा कोरा उपदेशात्मक वा घोषणात्मक रूपमा भन्दा कलात्मक रूपमा आएर अन्त्यमा पाठकलाई तत्त्वबोध गराउाछ । उपन्यासमा विचारको संवहन कुनै बिम्बप्रतीक तथा भाषिक विचलन, लक्षणा, व्यञ्जनाजस्ता कुनै पद्धतिद्वारा अभिव्यक्त गर्न सकिन्छ (बराल र एटम, २०५६ : ४२) ।

### ३.४.४ परिवेश

उपन्यासमा पात्रहरूका कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरण एउटा परिस्थिति पनि हो जसले पाठकलाई बाँध्ने काम गर्दछ । पर्यावरण अन्तर्गत देशकाल र वातवारण पर्दछन् (बराल र एटम, २०५६ : ३५) ।

देशकालभित्र उपन्यासले लिएको कुनै निश्चित समय र उपन्यासमा पात्र र घटनामार्फत बुझिने अर्थात् सिधै वर्णित स्थान विशेष पर्दछन् । देशकाल कथानकसाँगै जोडिएर आउने आधार भूमि हो । कुनै उपन्यासमा उपन्यासकारले भूगोल, संस्कृति, जाति, समयको सपाट चित्रण र वर्णन गर्छ । कुनैमा भने पात्र र घटनाको प्रकृति हेरेर वा तिनको रीतिरिवाज, चालचलन, भेषभूषा, बोलीचाली आदिमार्फत पनि बुझ्न सकिन्छ । आञ्चलिक उपन्यासमा देशकालको महत्त्व बढी हुन्छ । आज उत्तर आधुनिकतावादी उपन्यासकारहरूले भने देशकाललाई कम महत्त्व दिएको पाइन्छ । विश्वजनीन प्रवृत्तिका उपन्यास लेखिने यो समयमा देशकाल स्वतः गौण हुँदै गएको छ (बराल र एटम, २०५६ : ३६) ।

उपन्यासमा पढ्दा त्यसले पैदा गर्ने मानसिक स्थितिलाई वातावरण भनिन्छ । घटना तथा पात्रहरूको जीवन्त र सजीव प्रस्तुति भएका उपन्यासले पाठकमा रोचक तथा घोचक खालको वातावरण सृजना गर्न सक्छन् । यो मानसिक अवस्थासाग सम्बद्ध हुने हुँदा भाव पनि भनिन्छ । उपन्यासको कथानक पढ्दै जाँदा पाठकमा उत्पन्न हुने दुःखसुख, घृणा, क्रोध, करुणा, प्रेम, नैराश्य, हर्ष, आशक्ति आदि भावनाको उद्बोधन र तिनको परिवृत्ति नै वातावरण हो ( बराल र एटम, २०५६ : ३६) ।

### ३.४.५ दृष्टिबिन्दु

दृष्टिबिन्दु त्यो स्थिति, स्थान वा सीमा हो जसका माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्गसमक्ष पुऱ्याउँछ अर्थात् कथाकार र पाठकवर्गबीचको सम्बन्धसूत्र नै दृष्टिबिन्दु हो । प्रस्तुतीकरणसाग सम्बन्धित दृष्टिबिन्दु उपन्यासमा कथावाचकले लिने ठाउँ हो । यसबाट कथानक कसले र कसरी भनेको छ भन्ने कुरा ज्ञात हुन्छ । कुनै उपन्यासमा कथयिता स्वयम् सहभागी भएको हुन्छ । कुनैमा अरूलाई नै पात्रको रूपमा खेलाडीझैं खेलाएर आफू परै बसेर त्यसको वर्णन गर्ने गर्छ । दृष्टिबिन्दु बाह्य तथा तृतीय पुरुष र आन्तरिक तथा प्रथम पुरुष गरी २ प्रकारका हुन्छन् (बराल र एटम, २०५६ : ३६) ।

कथयिता कथानकभित्र सहभागी नभई बाहिरै बसेर अन्य पात्रहरूको उपस्थितिमा घटना घटाउादै त्यसको वर्णन गरेको हुन्छ भने त्यो बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु हो । यो पनि ३ प्रकारको हुन्छ । सर्वज्ञ र सीमित । सर्वज्ञ दृष्टिबिन्दुलाई सर्वदर्शी दृष्टिबिन्दु पनि भनिन्छ । यसमा कथाकारले प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै ती पात्रको आन्तरिक जीवनको चिनारी दिइन्छ । कथानक बाहिर बसेर पनि सम्पूर्ण घटना तथा यसको कुरा नियाली विस्तार पूर्वक बयान गर्दै जान्छ । सीमित दृष्टिबिन्दुमा भने कथावाचकको भूमिका सीमित हुन्छ । कुनै खास वर्ग, विचार भिन्न रही सीमित पक्षबाट कुराको चर्चा गर्छ (बराल र एटम, २०५६ : ३६) ।

यसमा कथयिता नै 'म' पात्र तथा नायकको रूपमा आएर अन्य पात्र तथा घटनाको बारेमा वर्णन गर्छ । प्रथम पुरुष दृष्टिबिन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ । कथयिताको कथानकभित्र आˆनो महत्त्वपूर्ण स्थान हुन्छ र आˆनै आत्मकथाका रूपमा सरसरती बताउाछ भने त्यो केन्द्रीय आन्तरिक दृष्टिबिन्दु हुन्छ । परिधीय दृष्टिबिन्दुमा भने कथयिताको उपस्थिति कथानकमा 'म' पात्रकै रूपमा भए पनि ऊ अलि पर रहन्छ अर्थात् चित्रणको केन्द्रीय पात्र अर्को नै हुन्छ (बराल र एटम, २०५६ : ३६) ।

### ३.४.६ भाषाशैली

भाषाशैली अन्तर्गत भाषिक तथा शैलीय बनोट अर्थात् भाषा, शैली, विम्ब, प्रतीक, अलङ्कार, गति, लय आदि पर्दछन् । उपन्यास पाठ्यप्रधान साहित्यिक विधा हो । यसमा भाषाको सर्वोपरि स्थान रहन्छ । भाषाका माध्यमबाट मात्र लेखकले उपन्यासको आकृति खडा गरी आˆना विचार सशक्त र जीवन्त रूपमा संवहन गराउाछ । उपन्यासमा कथ्य, लेख्य दुवै खाले भाषा प्रयोग हुन्छन् । पात्र, घटना, परिवेश अनुरूप स्वाभाविक भाषा उपन्यासमा प्रयोग हुन्छ र भाषामा रोचकता तथा कलात्मकताको अपेक्षा उपन्यासले गरेको हुन्छ । साहित्यिक भाषामा सामान्य नियमहरूको अतिक्रमण गरी विशिष्टताको निर्माण गरिन्छ । साहित्यिक कृतिमा पाइने सौन्दर्यचेतना भाषिक कलाको आधारमा खडा भएको हुन्छ (श्रेष्ठ, २०५७ : ३७) । भाषामा परम्परित नियमले बोकेको भन्दा भिन्नै अर्थ खोज्दै व्याकरणिक विचलन, बिम्बप्रतीक, लक्षणा, व्यञ्जनाबाट भाषिक सौन्दर्य खोजिनु आजका उपन्यासका भाषिक विशेषता बनेका छन् ।

शैली भाषालाई प्रस्तुत गर्ने तौरतरिकासाग सम्बन्धित कुरा हो । उपन्यासमा भाषालाई कुन विधिद्वारा प्रयोग गर्ने र बढी रोचक एवम् सजीव बनाउने भन्ने कुरा यसले बुझाउाछ ।

उपन्यास लेखनको क्रममा प्रयोग गरिने वर्णनात्मक, विश्लेषणात्मक, संस्मरणात्मक, पत्रात्मक आदि शैलीले सीपसौन्दर्यलाई बुझाउाछन् ।

उपन्यासलाई मिठासपूर्ण बनाउनको लागि प्रतीक तथा बिम्बको प्रयोग गरिन्छ । कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त वा भावको उल्लेख गर्न प्रयोग गरिने वस्तु वा घटना नै प्रतीक हो । प्रतीकले एकातिर अमूर्त र अव्यक्त भावलाई भिन्न ढााचाले मूर्तता र अभिव्यक्ति दिने काम गर्छ भने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै शब्दमा मिठोसाग भन्दछ (बराल र एटम, २०५६ : ३६) । उपन्यासमा प्रयोग गरिने प्रतीकहरू वैयक्तिक र सार्वभौमिक गरी दुई प्रकारका हुन्छन् । वैयक्तिक प्रतीक लेखकको मौलिक सिर्जना हो । यसलाई बुझ्न लेखकीय सिर्जनाको परिवेश, अनुभूति, विचारधारालाई बुझ्नुपर्ने हुन्छ भने सार्वभौमिक प्रतीक चाहि सर्वत्र लगभग एउटै अर्थमा प्रयोग गरिन्छन् (बराल र एटम, २०५६ : ४४) ।

उपन्यासमा गति भनेको कथानकको विकासमा रहेको वेग हो (श्रेष्ठ, २०५५ : १२) । कुनै उपन्यासमा कथानकको विकासको वेग तीव्र हुन्छ भने कुनैमा मन्द हुने  गर्छ । वर्णनात्मक शैली र लामा संवाद तथा वाक्यमा उपन्यासको गति कम हुन्छ । वास्तवमा औपन्यासिक गति लेखनको पद्धतिमा निर्भर गर्दछ । ती पद्धति दृश्यात्मक र सङ्क्षेप पद्धति हुन् (बराल र एटम, २०५६ : ४२) ।

दृश्यात्मक पद्धतिमा उपन्यासकारले सम्पूर्ण सानातिना घटना तथा गौण पात्रको पनि रुचि लिएर विस्तारपूर्वक दृश्यका रूपमा प्रदर्शन गर्दै कथानक अगाडि बढाउाछ । दृश्यात्मक पद्धतिमा कथानकको गति मन्द हुन्छ । पात्रहरूको संवाद, कार्यपीठिका, पात्रको मनोद्वन्द्व, गतिविधि आदि समाहित पार्ने काम यसमा हुन्छ (बराल र एटम, २०५६ : ४२) ।

सङ्क्षेप पद्धतिमा छोटोछरितो रूपमा मसिना कुराहरूलाई काट्दै कथानक अगाडि बढ्छ । पात्रका कतिपय क्रियाकलाप र सानातिना घटनाहरू सूचनाको भरमा अगाडि बढ्दछन् । भए गरेका सम्पूर्ण घटना र कार्यहरूको सार खिचिन्छ र समयको पनि खासै महत्त्व नहुने पद्धति सङ्क्षेप पद्धति हो । कम आवश्यक कुराहरूको बिम्ब चित्र प्रस्तुत नगर्नाले यसमा औपन्यासिक गति तीव्र हुन्छ (बराल र एटम, २०५६ : ४२) ।

उपन्यास गद्यमा लेखिए पनि यसको आˆनै किसिमको ढााचा र छन्द हुन्छ । भाषिक ध्वनिबाट उत्पन्न हुने साङ्गीतिकताभित्र निहित मूर्च्छनालाई गद्य भाषामा लय भनिन्छ । विचलनयुक्त शब्दहरूबाट, ध्वनिको पुनरावृत्तिबाट तथा आलङ्कारिक बिम्बात्मक भाषा आदिबाट लय उत्पन्न हुन्छ । लयको माध्यमबाट यो अपरिहार्य तत्त्व बनेको छ (बराल र एटम, २०५६ : ४२) ।

## ३.५ आयामका आधारमा उपन्यासको वर्गीकरण

आयामका आधारमा उपन्यासलाई लघु र बृहत् गरी छुट्याउन सकिन्छ । सामान्यतः पूर्ण जीवनको चित्र नभई केही खण्ड मात्र प्रस्तुत गरिएको उपन्यास लघु हुन्छ भने जीवनका विविध पक्ष प्रस्तुत गरिएको उपन्यास बृहत् हुन्छ । बृहत् उपन्यासमा अन्य अनेकौ सहायक कथाहरू पनि आएका हुन्छन् (बराल र  एटम, २०५६ : ६५) ।

यसरी कुनै पनि पात्रका यावत् चरित्रको चित्रण नगरी कुनै एक खण्डमा सीमित भएको उपन्यास छोटो आकारको हुन्छ भने पात्रको जीवन भोगाइमा उसका जीवनका उतार चढाव, उकाली ओराली, दुःख सुखको अनुभूतिलाई चित्रण गर्दै पात्रको सर्वाङ्गीण जीवन भोगाइलाई उपन्यासमा चित्रण गरिएको छ भने त्यो उपन्यास बृहत् आकारको  हुन्छ । लघु उपन्यासमा थोरै पात्र उभ्याइएको हुन्छ । यसको परिवेश पनि सीमित रहेको हुन्छ भने बृहत् उपन्यासमा धेरै पात्रहरुको बाहुल्यता, असीमित परिवेश र विभिन्न घटनाहरुको शृङ्खलामा आबद्ध हुन्छ । यसरी उपन्यासका समग्र तत्त्वहरुको विस्तारित रूप प्रकट भएको उपन्यासलाई बृहत् उपन्यास भनिन्छ भने सीमित पात्रहरुलाई उभ्याएर पात्रको कुनै पनि मुख्य चरित्रलाई प्रस्तुत गरिएको उपन्यास नै लघु आकारको हुन्छ । त्यसैले कथावस्तुको प्रस्तुतिका आधारमा उपन्यासको आयाम निर्धारण गर्न सकिन्छ ।

# चौथो परिच्छेद

# औपन्यासिक तत्त्वका आधारमा 'फूलको आतङ्क' उपन्यासको विश्लेषण

## ४.१ पृष्ठभूमि

उपन्यासकार ध्रुवचन्द्र गौतमको **फूलको आतङ्क** साझा प्रकाशन, ललितपुरबाट २०५५ सालमा पहिलो पटक प्रकाशित भएका हो । रु. १४० मूल्य रहेको यस कृतिको हालसम्म तेस्रो संस्करण प्रकाशित भइसकेको छ । उपन्यासका परम्परामा प्रस्तुत उपन्यासले निकै ख्याति कमाएको यस उपन्यासमा गौतमले सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, भाषिक तथा विश्व वातावरणमा देखिएका विकृति तथा विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् । जम्मा १२६ वटा छोटा कथाजस्तै कथांशहरूको सूत्रात्मक उनाइबाट यो उपन्यास निर्माण भएको छ । प्रस्तुत उपन्यासको आकार प्रकार डिमाइ साइजको रहेको छ । यस उपन्यासमा लामाछोटा जम्मा एक सय छब्बिस वटा कथांशहरू उनिएको छ । १०० पृष्ठमा फैलिएको यस उपन्यासमा केही विद्वान्हरूले गरेको टिप्पणीसमेत समावेश गरेका छन् । सो कुरालाई उपन्यासको सुरुमा र अन्त्यमा राखिएको छ ।

## ४.२ संरचना

संरचना भनेको सिङ्गो शरीर हो । संरचनालाई बाह्य र आन्तरिक गरी दुई प्रकारमा विभाजन गरेर अध्ययन गरिएको पाइन्छ । यस कृतिको संरचना केकस्तो रहेको छ भन्ने कुरालाई निम्नलिखित उपशीर्षकहरूमा अध्ययन गरिएको छ :

### ४.२.१ बाह्य संरचना

**फूलको आतङ्क** उपन्यास साझा प्रकाशन, ललितपुरबाट प्रथमपटक २०५५ सालमा प्रकाशित भएको कृति हो । अहिलेसम्म यस उपन्यासको तेस्रो संस्करणसमेत प्रकाशित भइसकेको छ । २०६३ सालमा दोस्रो संस्करण, २०६७ सालमा तेस्रो संस्करण प्रकाशित भइसकेका छन् । प्रस्तुत उपन्यासको आवरण पृष्ठको सिरानमा **फूलको आतङ्क** लेखिएको छ भने अन्य आवरण पृष्ठभरि विभिन खाले अर्मूत चित्रहरू राखिएको छ । आवरण पृष्ठको अन्तिममा उपन्याकारको नाम ध्रुवचन्द्र गौतम लेखिएको छ ।

आकारप्रकारका दृष्टिले लघु आकारको देखिने प्रस्तुत उपन्यासको साइज डिमाइ आकारको रहेको छ । तेस्रो संस्करणअनुसार आवरणभन्दा पछि कृति, लेखक र प्रकाशकको चिन्ह राखिएको छ । त्यसभन्दा पछि प्रकाशक, संस्करण, मूल्य, मुद्रक आदिको जानकारी दिइएको छ । अर्को पृष्ठमा

अनुप्रासलाई मात्र लेखिएको छ । त्यसभन्दापछि मोहनराज शर्माद्वारा लिखित 'सूत्र उपन्यासको सिद्धि र 'फूलको आतङ्क' शीर्षकको भूमिका पृष्ठ १ देखि १४ सम्म फैलिएको छ । यो भूमिका पश्चात् शैलेन्द्र साकारको 'विपर्यासबाट व्याख्यायित आधुनिक चेत' नामको लेख तीन पृष्ठको रहेको छ । यसै गरी 'वाक्यहरूको माध्यमले' शीर्षकको लेख स्वयम् उपन्याकारले लेखेका छन् । यो लेख सात पृष्ठमा फैलिएको छ । त्यसभन्दा पछि उपन्यासको मूल पाठ सुरु भएको छ । पृष्ठ २५ देखि पृष्ठ ८७ सम्म फैलिएको उपन्यासको मूल पाठमा जम्मा १२६ वटा सूत्रहरू रहेका छन् । यी सूत्रहरू दुई लाइनदेखि दुई पृष्ठसम्म फैलिएका छन् । मूल पाठपछि पृष्ठ ८८ देखि १०० सम्म प्रा. डा. गोविन्दराज भट्टराईको **गरिमा** पत्रिकाबाट साभार गरेर राखिएको 'उत्तर आधुनिक पृष्ठभूमि र **फूलको आतङ्क**' शीर्षकको लेख रहेको छ । अन्तिम आवरण पृष्ठमा साझा प्रकाशनका सङ्ग्रहणीय उपन्यासहरूको सूचीका साथै मूल्य र साझा प्रकाशनको संस्थागत चिन्ह राखिएको छ । यसरी जम्मा १०० पृष्ठको आकारमा यस उपन्यासको बाह्य संरचना निर्माण भएको छ भने प्रस्तुत उपन्यासको वर्तमान संस्करणको मूल्य रु. १४०।- रहेको छ ।

## ४.२.२ आन्तरिक संरचना

अङ्ग प्रत्यङ्ग भएको प्रत्येक सावयव वस्तुलाई नै संरचना भनिन्छ । परम्परित उपन्यासको विधागत साध भत्काएर लेखिएको यस उपन्यासको रचनागत ढाचा पनि नयाा प्रकारको छ । उपन्याकार ध्रुवचन्द्र गौतमले **फूलको आतङ्क** उपन्यासमा मूल विधागत साधसीमालाई तोडमोड गरी भत्काएका छन् । कथा विधा र उपन्यास विधाको संरचनात्मक साधसीमा पनि भत्काएका छन् । तिनको स्वरूप र आकारमा पनि विचलन आएको छ । यस सन्दर्भमा मोहनराज शर्मा भन्दछन्, "**फूलको आतङ्क**मा गौतमले साहित्यको विधागत साधको र संरचनाको स्वरूपगत ढाचा पनि भत्काएका छन् । कथा र उपन्यास विधाको साध पनि भत्काएका छन् ।" (गौतम, २०६७ : २) ।

**फूलको आतङ्क** उपन्यासको आन्तरिक संरचनालाई हेर्दा सहसिर्जनाका क्रममा छुट्टाछुट्टै शीर्षकलाई पाठकले छुट्टाछुट्टै संरचनाका रूपमा स्विकार्दै कथाका रूपमा मात्र हेर्न र कथासूत्रलाई जोडेर सिङ्गो औपन्यासिक संरचनाका रूपमा मात्र पनि हेर्न सकिने देखिन्छ । प्रस्तुत उपन्यासमा एक सय छब्बीस वटा सूत्रहरू सङ्गृहीत छन् । यी प्रत्येक सूत्रको बेग्लाबेग्ला शीर्षक दिइएको छ । कम्तीमा दुई हरफदेखि बढीमा दुई पृष्ठसम्म पनि फैलिएका यी सूत्र एक अर्कामा सम्बन्धित एवम् असम्बन्धित पनि छन् । प्रत्येक सूत्रमा अलग अलग घटना, झिल्का, टिपोट प्रस्तुत गरिएको छ । एक सय छब्बीसवटा कथांशहरूको सागालोले उपन्यासको सिङ्गो आकृति निर्माण भएको छ । यस उपन्यासभित्र भएका प्रत्येक कथांशहरू आफौमा पूर्ण भएकाले ती अनेक कथाहरू सानासाना

उपन्यासकै देखिए पनि ती कथाहरूले नै एउटा सिङ्गो उपन्यासको संरचना निर्माण गर्न  सहयोग पुगेको छ ।

सूत्र उपन्यासमा अनेक कथाहरू हुनु अनिवार्य भएकाले यस उपन्यासको संरचना पनि जम्मा एक सय छब्बीसवटा कथासूत्रबाट निर्मित छ । अलग अलग सत्ता भएका सबै कथाहरू प्रत्यक्ष तथा परोक्ष रूपमा सूक्ष्म र न्यून सङ्केतहरूद्वारा एक अर्कामा सम्बन्धित पनि छन् ।  केही कथांशहरू ज्यादै सूक्ष्म सङ्केतहरूद्वारा मात्र जोडिएको देखिन्छ । त्यसैले यस कृतिको संरचनाको अस्तित्व निर्माण भएको छ । यसमा भएका कथांशहरू स्वतन्त्र रूपमा विकास भएको देखिए पनि आन्तरिक रूपमा अङगवत् क्रियाशील भएर सिङ्गो उपन्यास निर्माण गरेका छन् । अन्य पूर्ण रचनाभ्कै यसमा पनि आदि, मध्य र अन्त्य भागको आयाम रहको हुन्छ । सूत्र उपन्यासमा पनि कहीाबाट सुरु हुने र कहीा गएर टुङ्गिने हुादा यसको संरचनामा पूर्णता पाइन्छ । 'वंशजको नाता'बाट सुरु भएको यो उपन्यास **फूलको आतङ्क** कथामा टङ्गिएको छ । थालनी, मध्य र अन्त्यले कुनै पनि प्रमुख प्रश्नलाई अनुत्तरित अवस्थामा नराखेको हुादा यो उपन्यासले पूर्णता पाएको छ ।

अन्य उपन्यासमा औपचारिक ढााचाको प्रयोग भए पनि सूत्र उपन्यासमा अनौपचारिक ढााचा रहेको हुन्छ । प्रचलित उपन्यासभन्दा पृथक् यस उपन्यासको संरचना अनौपचारिक रूपमा निर्माण हुने हुादा यसमा भएका कथाहरू ओल्टाइ, पल्टाइ, तलमाथि गरी जेजस्तो तुल्याए पनि हुन्छ । त्यसबाट उहीा सिङ्गो र पूर्ण संरचना निर्माण भएजस्तै **फूलको आतङ्क** उपन्यास पनि यसरी नै निर्माण भएको छ । प्रचलित उपन्यासका सबै घटकहरू सुशृङ्खलित हुन्छ र एकअर्कासित सम्बन्धित भएर रचनाको विकासमा परिचालित हुन्छन् तर यस उपन्यासमा भने सबै उपन्यासका घटकहरू शृङ्खलाबद्ध नभई शिथिल शृङ्खलात्मक रहेका छन् ।

कुनै पनि उपन्यासमा वा साहित्यिक संरचनाको स्वरूप यस्तै हुनुपर्दछ भनी कसैले पनि जिकिर गर्न नमिल्ने र जुनसुकै संरचनाको स्वरूपलाई नयाा युग सागसागै पुनर्लेखन गर्न सकिने कुरा गोविन्द भट्टराईले गरेका छन् (गौतम, २०६७ : ९७) । उपन्यासकारले नयाा युग र समय अनुरूपमै आधारित यस उपन्यास नवीन स्वरूपमा निर्माण गरेको पाइन्छ । **फूलको आतङ्क** उपन्यासमा अप्रकट रूपमा रहेका हाम्रो समाजका वर्तमान समयका यथार्थित त्रासदीय सन्दर्भलाई उपन्यासकारले प्रकट गरेका छन् । संरचनात्मक दृष्टिले यो कृतिले गम्भीर सैद्धान्तिक मूल्य र मान्यतालाई आगालेको छ । यो कृति आकृतिविहीन आकृतिले सुसम्बन्धित देखिन्छ । एकातर्फ यसका सूत्र कथाहरू एक अर्कामा सुसम्बन्धित देखिन्छन् भने अर्कातर्फ एकान्वितपनले जस्तै गरी छुट्टिएर

स्वतन्त्र अस्तित्व कायम गरिरहेका देखिन्छन् । यो एउटा केन्द्ररहित परिक्षेपी संरचना हो । यो स्वयम्मा एक विनिर्मित हो र यसले अनन्त विर्निमाणको आह्वान गरेको पनि  आभास हुन्छ ।

उपन्यासकारले सिर्जनाका क्रममा प्रत्येक कथांशमा कहीा सार्वनामिक चरित्र कतै समूहवाची नामहरू चरित्रका रुपमा उभिएका छन्, कुनै निश्चित ठाउा छैन । यसरी उपन्यासकारले विभिन्न घटना, विषय, चरित्र आदिका सूत्रहरूलाई उनेर यस उपन्यासको संरचना निर्माण गरेका छन् । यो उपन्यास संरचनाका दृष्टिले हेर्दा उत्तरआधुनिक मान्यताकै उत्कृष्ट एवम् विधा भञ्जनको सार्थक नमुना कृतिका रूपमा मूल्याङ्कन गर्न सकिन्छ । यसरी यो **फूलको आतङ्क** उपन्यासको संरचनात्मक स्वरूपलाई समग्रमा नियाल्दा यो अत्यन्तै नवीन, नौलो, पाठक र समयानुकूलको वर्तमान भौतिकताको चरम परिणतिले ओज र बोझपूर्ण कृत्रिमताको सिङ्गो मूर्त स्वरूपझैं देखिन्छ । यसको संरचना परम्परित औपन्यासिक विधाको भन्दा बिलकुल फरक रहेको देखिन्छ ।

## ४.३ विषयवस्तु

सूत्र उपन्यास **फूलको आतङ्क** कृतिमा कथावस्तु अत्यन्तै सबल र नौलो देखिन्छ । आजका मान्छेका भोगाइ, सोचाइ, जीवन, समाज, व्यक्ति, राष्ट्रको परिवेश, व्यक्तिको स्वभाव आदिको वास्तविक यथार्थ यस उपन्यासभित्रका कथांशहरूमा पाइन्छन् । आजका मान्छेको विसङ्गति, दुर्गति, दुर्नियति, विमति, अधोगति, कुसंस्कार, कुसंस्कृतिको समेत शल्यक्रिया सफलताका साथ उपन्यासमा गरिएको छ । उपन्यासमा वर्तमान समयका तिता कथाव्यथालाई स्पष्ट र छर्लङ्ग रूपमा प्रस्तुत गरिएको छ । सूत्र उपन्यासकार ध्रुवचन्द्र गौतमले मानवीय मन मस्तिष्कको अन्तर कुनामा स्वतन्त्र र स्वच्छ रूपमा विचरित डर, त्रास, अति त्रासदीपना, पङ्गुता, नपुंसकता, धूर्तपन, हिनताग्रन्थी, असहिष्णुता, शत्रुता, पशुता, दुर्बलता, निर्दोपन, मलिनता, बिमेलता, सामाजिक विद्रूपात्मकता आदि हिंस्रक र हिंसाजीवी कथा र मानसिकतालाई सशक्त ढङ्गले चित्रण गरेका छन् ।

गौतमले **फूलको आतङ्क**मा मान्छे भयावह रूपमा अप्राकृतिक, अमानवीय, असंस्कृतिक, असामाजिक बन्दै सम्भवतः प्रकृतिविहीन बन्दै गएको कुरा टड्कारो रूपमा उजागर गरेका   छन् । आज मनुष्य अस्तित्वको स्वतन्त्रता, मावनीय संवेदना, द्रव्यमूलक बन्दै गइरहेको छ । द्रव्यमूलक संस्कृतिमा उपभोग नै प्रमुख तत्त्व बनेको देखिन्छ ।

यस उपन्यासका कथांशहरू विविध विषयमा आधारित रहेका छन् । सामाजिक सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक, प्रशासनिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूका भण्डाफोर गर्दै समाज र व्यक्तिका यथार्थताहरूलाई उपन्यासकारले यस उपन्यासका प्रस्तुत गरेका छन् । उपन्यासका विषयवस्तु अनेक क्षेत्रमा छरिएको छ । १२६ वटा

कथांशबाट निर्माण भएको उपन्यासको कथावस्तुलाई उपन्यासमा प्रयोग गरिएको कथांशको क्रममा नै प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

पहिलो कथांश 'वंशजको नाता' मा ऊ पात्रले भोगेको चरम आर्थिक विषमताका कराण भोकै बस्नु परेको, भोकलाई गरेको अंशका रूपमा प्रदान गरेको, आफू आजको युगलाई पुग्ने गरी गरिब भएको, त्यसकारण सपनाकै माध्यमबाट आफ्ना इच्छा र अभिलाषाहरू पूर्ति गर्नु परेको, सामाजिक असमता र विषम परिस्थितिलाई उपन्याकारले केलाएका छन् । आफू आर्थिक रूपमा निकृष्ट भएकै कारण भोक र गरिबतालाई ऊ पात्रले बाबुबाट पाएको उपहार सम्झन्छ । उसका घरको छानामा उम्रिएका झारपात हटाउन पैसा लाग्ने भएकाले बरु ऊ त्यसलाई संरक्षण र आरक्षण प्रदान गर्नपट्टि प्रवृत्त हुन्छ । ऊ आफ्ना घरका छानाका कापमा उम्रिएका विविध झारपातलाई निशुल्क वस्तुका रूपमा स्वीकार गर्दछ । बरु ऊ पात्र त्यो सांस्कृतिक सम्पदा संरक्षण गर्नेको सूचीमा आफ्नो नाम भविष्यमा दर्ता गरी त्यो टोलको धनी व्यक्ति बन्ने सपना बुन्दछ । यसरी प्रस्तुत कथांशमा चरम सामाजिक र आर्थिक विषमताको परिस्थितिलाई चित्रण गरिएको पाइन्छ ।

दोस्रो कथाखण्ड 'पदार्थ' कथांशमा प्रवृत्तिको महानताले गर्दा फूल मन पराउने र फूल हेरेर नै भोक मेटाउनु पर्ने बाध्यतालाई सामाजिक विकृत र दुर्बल मनस्थितिको रूपमा चित्रण गरिएको छ । प्रस्तुत पदार्थ कथाखण्डमा विश्वमा मान्छेको मुटुसमेत कठोर र कङ्कर बन्दै गएको र मान्छेभित्र कुनै पनि प्रकारको कोमलता भेटिन छोडेको कुरा चित्रण गरिएको छ । यसमा कोमलता यदि आजको समयमा कतै छ भने फूलमा मात्रै रहेको उल्लेख गर्दै ऊ पात्रले फूल मात्र मन पराएको प्रसङ्गले चरम सामाजिक अमानवीयताका उजागर गरेको देखिन्छ ।

तेस्रो कथांश 'आवाज' नामक कथाखण्डमा पनि वर्तमान समयमा मान्छे अन्य वस्तुको भन्दा पनि मान्छे मान्छेबिचको भयले त्रसित हुनु परेको कुरा उल्लेख गरिएको छ । आजको प्रत्येक मान्छेमा अविश्वास बढ्दै गएको जसका कारण कहिले आफ्नै घरको, कहिले छिमेकीको, कहिले समाजको त कहिले राष्ट्रको भय र सन्त्रासका बिच बााच्न बाध्य भएको चरम सामाजिक त्रासदीय अवस्थाको उल्लेख पाइन्छ । जसका कारण आजको मान्छेको जीवन सपनामा पनि त्रासद बन्दै गएको कुरा प्रस्तुत गरिएको छ । यसै गरी आज प्रशासनिक तथा सुरक्षा क्षेत्रका व्यक्तिहरूबाट नै आतङ्कित हुनु परेको, पुलिसहरू निर्दयी र आसामाजिक बन्दै गएको कुरालाई कथांशमा प्रस्तुत गरिएको छ ।

चौथो कथांश 'मेलमिलाप' मा गौतमले एउटी रुग्ण केटी उपचारार्थ अस्पतालमा पुगेको अवस्थामा अर्को एउटा रोगी र उपचारार्थ खटिएको डाक्टरबाट नै लुटिन पुगेको तथा बलात्कृत हुनु परेको सामाजिक विकृतलाई सूत्रात्मक तथा संवादात्मक शैलीमा प्रस्तुत गरिएको छ । यस कथांशबाट के देखिन्छ भने आजको मान्छेमा मानवता हराउादै गएको, मान्छे संवेदनाशून्य बन्दै गएको प्रसङ्गबाट मानिस चेतनाहीन बन्दै गएको कुरालाई देखाएका छन् । समाजका अगुवा र प्रतिष्ठित व्यक्तिहरूबाट नै गरिब, निमुखा जनताहरू पीडित बन्नु परेको, मान्छेहरू चरित्रहीन बन्दै गएको तथा मानिस पशुभन्दा पनि निकृष्ट कार्य गर्न पछि नपरेको वास्तविकतालाई प्रस्तुत गरिएको छ । यसै गरी रोगीले अस्पतालमा उपचारको सट्टा स्वयं आफूलाई जोगाउनु पर्ने परिस्थिति सृजना हुादै गएको, एउटा मान्छेबाट अर्को मान्छे त्रसित भएर बााच्नु परेको वास्तविकतालाई पनि उपन्यासको यस कथांशमा प्रस्तुत गरिएको छ ।

पााचौा कथांश 'बदमास'मा मित्र र ऊ पात्रका बिचको प्रसङ्गलाई उजागर गर्दै वर्तमान समयमा एक असल मित्रले आफू निर्दोष भएर पनि बदमासहरूको जमातले मित्रहरूलाई पनि पैसा र दौलत दिएर किनेको र स्वयम् आफ्नो मित्र पनि आफ्नो विरुद्धमा बदमासहरूको साथ लागेर खराब काम गर्नतिर लागेको सन्दर्भलाई प्रस्तुत गर्दै आज मान्छेको महनता, मित्रता, सहिष्णुता पैसामा किनबेच हुन थालेको सामाजिक विकृतिको जर्जर अवस्थाको चित्रण गरिएको छ । एउटा निर्दोष चरित्रलाई दोषी साबित गर्दै एउटा मित्रले आफ्नो र अर्काको समेत जीवन बरबाद गरेको अमानवीय स्थितिको चित्रण यस कथांशमा गरिएको छ ।

छैटौा कथांश 'क्षतिपूर्ति'का माध्यमबाट उपन्यासकारले आजको समयमा केटीहरू बाहिरी रूपमा आफूलाई भलाद्मी र सावित्री साबित गर्दछन् भने भित्री रूपमा चाहि अनेक फरक फरक परपुरुषलाई भोगाउादै देह व्यापार गरेर पैसा कमाइरहेका छन् । पुरुषहरू पनि पैसाको लोभलालच देखाएर केटीहरूलाई भोग गर्दै पैसा नदिई झुक्याएर फरार हुने गरेको सन्दर्भबाट नेपालका सहरहरू वेश्यालयमा परिणत हुादै गएको सामाजिक विकृतिलाई चित्रण गरेका छन् । नारी र पुरुषबिचको आत्मीयता, सौहार्द्रता समाप्त हुादै गएको अवस्थाको चित्रण, इज्जत र अस्मिता पैसामा किनबेच हुन थालेको अवस्थाका साथै मानिसहरू पशुभन्दा पनि निकृष्ट कार्य गर्न थालेको विकृतिको चित्रण यस कथांशमा प्रस्तुत गरिएको छ ।

सातौा कथांश 'चिताउनु' कथांशमा वर्तमान समयमा मान्छेले चिताएका केही कुरा पनि पुरा नहुने कुरा बताइएको छ । आजका मानिसहरू जीवनदेखि निराश भएर मत्यु चिताउादै गएको कुराको सङ्केत यस कथांशमा गरिएको छ । मान्छेमा बााच्नेभन्दा मर्ने रहर बढ्दै गएको, मान्छे

जीवनदेखि विचलित बन्दै गएको र बााचेर हारैहार खाादै असफल जीवन मात्र भोग्नुभन्दा मरेर जीवनलाई विजय ठान्ने कुरालाई 'ऊ' पात्रका माध्यमबाट कथांशमा व्यक्त गरिएको छ ।

आठौं 'सपना' कथांशमा 'ऊ' पात्रका माध्यमबाट उपन्यासकारले आज मान्छे उद्यम, कार्य नगरी संसारमा आफू ठुलो भएर हुकुम चलाएर बााच्ने अभिलाषा र सपना देख्दा देख्दै मृत्युको मुखमा पुग्ने गरेको वास्तविकतालाई दर्साएका छन् । आजका मान्छेहरू ठूला ठूला सपना र आकाङ्क्षा राख्ने तर त्यो वस्तुप्राप्तिका लागि कर्म नगर्ने प्रवृत्तिले मानिसहरूमा निराशाभाव उत्पन्न हादै गएको छ । मान्छेका सपना केवल सपनामा मात्र सीमित हादै छन् भन्ने कुरालाई व्यङ्ग्यात्मक रूपमा यस कथांशमा प्रस्तुत गरिएको छ ।

नवौं 'मृग' नामक कथांशमा उपन्यासकारले संवादात्मक शैलीमा ठट्यौलो पारामा आजका मान्छेमा असल सोचाइ, बुझाइ, क्रियाकलाप क्षीण बन्दै गएको छ । संवेदनशील कुरालाई पनि खिल्ली उडाउादै अरुलाई निराश र लज्जित तुल्याएर अर्कालाई परास्त गरी आफू कपट र छलपूर्ण तरिकाले माथि उठ्ने प्रवृत्ति समाजमा बढ्दै गएको अवस्थालाई यस कथांशमा प्रस्तुत गरिएको छ , उदाहरणका लागि :

एउटाले भन्यो- "मलाई वनजङ्गल, हरिया कुराहरू मन पर्दछन्"

उसले सोध्यो- पुस्तकमा कि वास्तविकतामा ?

जनावरहरूमा मलाई सबभन्दा बढी मृग मन पर्छ ।

उसले सोध्यो, रक्सीसित कि भातसित । (गौतम, २०६७ : २८) ।

दसौं क्रममा 'खेल' शीर्षकको कथांशबाट उपन्यासकारले वर्तमान समयमा केटाकेटीको सम्बन्ध एउटा नाटकीय खेलजस्तो मात्र हुने गरेको कुरालाई प्रस्तुत गरेका छन् । जसले जसलाई मेरो भनेर पर्खिरहेको हुन्छ, आखिर त्यो अर्केको भइसकेको हुन्छ । वास्तवमा भएका घटनाहरू पनि एउटा खेल रहेछ, त्यो यथार्थ हुन सक्दैन भन्ने प्रसङ्गले आज मान्छे मान्छेको बोलाइभित्र एक्लो जीवन बााचिरहेको हुन्छ । एकले अर्कालाई विश्वास गर्ने कुनै पनि ठाउा बााकी नरहेको र कसैले कसैलाई आफ्नो ठान्नु भूल साबित भइरहेको यथार्थलाई नै यस कथांशमा प्रस्तुत गरिएको छ ।

एघारौं कथांश 'खेती' शीर्षकमा फूल लगाए पनि खडेरीले गर्दा केही दिनमा ओइलिहाल्ने सन्दर्भबाट उपन्याकारले आजको मान्छेको प्रवृत्ति पनि फूल जस्तै बनेको कुरा प्रस्तुत गरेका छन् । जीवनमा कुनै उत्साह, जोस र जाागर नभएका मानिसहरूले कुनै प्रगति गर्न नसकेपछि निराशपनमा जीवन बााचिरहेको कुरालाई यस कथांशमा प्रस्तुत गरिएको छ ।

बाह्रौ कथांश 'खोजी' शीर्षकमा उपन्यासकार ध्रुवचन्द्र गौतमले मान्छे बर्सौदेखि रोजगारको खोजीमा भौतारिरहेको छ । योग्यताको सम्भावनाको पर्खाइमा छ । तर आज कुनै पनि क्षेत्रमा उसको योग्यताको कदर नभए पनि ऊ निराश बन्न पुगेको छ । राष्ट्रलाई नेताहरूले डुबाउादै लगेका छन् । देशमा नतावाद र कृपावादले मात्र जागिर पाउने गरेको कुरा, नेताहरूकाले नायालकी र अकर्मण्यताले देश डुब्दै गरेको अवस्था, देशमा जागिर नभएर शिक्षित युवाहरू विदेश पलायन हुनु परेको परिस्थितिको चित्रण यस कथांशमार्फत गरिएको छ ।

तेह्रौ कथांश 'विमुखता' शीर्षकमा बेरोजकारीका कारण देशमा चरम आर्थिक अवस्था उत्पन्न भएका कारण मान्छेले आत्महत्याजस्तो निकृष्ट र घृणित कुरालाई आगाल्नु परेको स्थितिलाई प्रस्तुत गर्दै उपन्यासकारले आजको समयप्रति  व्यङ्ग्य प्रहार गरेका छन् ।

चौधौा कथांश 'प्रमाण' शीर्षकमा उपन्यासकार गौतमले मान्छे हुनु पहिचान गुमाइसकेको र आफू मान्छे हुनका लागि प्रमाण पेस गर्नुपर्ने विषम परिस्थिति सिर्जना भएको सन्दर्भमा प्रस्तुत गरेका छन् । यसै गरी कुसंस्कार र कुचिन्तनका कारण आजको मान्छेले आफ्नो पहिचान प्रस्तुत गर्न पुच्छर टाासेर हिाड्नु पर्ने स्थिति सिर्जना हुादैछ भन्दै वर्तमान समयमा बढ्दै गएको सामाजिक र कुरीतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

पन्ध्रौा कथांश 'अन्तिम घोषणा'मा उपन्यासकारले रचना सिर्जना गर्दा विभिन्न पात्रहरू आफूले जानेबुझेका राख्ने गरेको कुरा बताएका छन् । सिर्जनामा पात्रहरूको स्वभाव अर्कामा मिल्नु पर्ने, 'म' पात्रले ऊ पात्रलाई नायक बनाउनुको कारण रचनाकी नायिका र ऊ पात्रकी नायिकाका स्वभावमा एकरूपमता हो भन्दै समाजमा ऊपात्रका जस्ता पुरुषहरूले नारीहरूलाई भोग्या वस्तुका रूपमा मात्र लिइरहेको सामाजिक विकृतिलाई यस कथांशमा प्रस्तुत गरिएको        छ ।

सोह्रौ कथांश 'तिर्खा' शीर्षकमा वर्तमान समयमा तिर्खा लागेको समयमा स्वच्छ र सफा पानी पाउन छाडेको, काठमाडाौबासीहरू काकाकुल बन्दै गएको अवस्था, स्वच्छ पानी खाएर तिर्खा मेट्नु सपनाजस्तो भइसकेको, होटलमा पानी छ भनेर सोध्दा पनि उल्टै सोधेको पनि बिल तिर्नु पर्ने अवस्था आएको, मान्छे भोगवादी र द्रव्यमूलक बन्दै गएको, मान्छेमा संवेदना हराउादै गएको जस्ता घटनाहरू प्रस्तुत गर्दै उपन्यासकारले समाजमा हुने गरेको यस्ता विकृतिहरूको चित्रण गरेका छन् ।

सत्रौा 'ठहर हुादैन' कथांशमा त्यो पात्रले 'ऊ' पात्रलाई सम्बोधन गर्दै एकदिन साथै बसेर मनोरञ्जन गर्ने मन गरेको, त्यसपछि दुवै साथै बसरे रक्सी खाएको, त्यो पात्रले हामीले खाएको रक्सीको पैसा तिर् नत्र यहीा मारिदिन्छु भनेर घााटी थिच्नु, अन्त्यमा त्यो पात्रलाई दया लागेर ऊ पात्रलाई तेरो बाबुसाग भेट गरेर पैसा असुल्छु भनेर छोड्नुजस्ता घटनाहरूलाई प्रस्तुत गरेर

उपन्यासकारले आजको समयमा एउटा मान्छेले अर्को मान्छेलाई विश्वास गर्ने अवस्था हराइरहेको कुरालाई दर्साएका छन् । यसरी रक्सी खाने कुलत भएका मानिसहरूले छलकपट गरेर अरुलाई फसाएर भए पनि रक्सी खाने सामाजिक विकृति बढ्दै गएको कुरा पनि यस कथांशमा प्रस्तुत गरिएको छ ।

अठारौ कथांश 'कोठा' शीर्षकमा ऊ पात्रको कोठामा कुनै पुराना प्रेमी प्रेमिका विवाह पश्चात् भेला भएर कुरा गरिरहेको, ती पुराना प्रेमी प्रेमिकाले पुराना युगका साथै आआफ्ना छोराछोरीका कुरा गरेको, पुरानो उनीहरूको सम्बन्धका बारेमा कुरा गर्दै पुनः प्रेमीप्रेमिका बनेको, प्रेमीले ऊ पात्रलाई हाम्रो सम्बन्ध देखेर कस्तो लागिरहेको छ भनी सोध्दा ऊ पात्रले तिमीहरू प्रेमी प्रेमिका नै थियौ जस्तो लाग्यो भनेको, ऊ पात्रले आफूले सुत्ने मनसाय गरे पनि प्रेमीप्रेमिकाले बाधा पुऱ्याएको, प्रेमीले तिम्रो कोठा भए पनि आज तिमी मेरो कोठामा गएर सुत भनेको र ऊ पात्र प्रेमीको कोठातिर लागेको सन्दर्भबाट वर्तमान समयमा पति पत्नीको सम्बन्धमा पनि अविश्वास बढ्दै गएको, पुरुष र स्त्री वैवाहिक सम्बन्ध गाासेपछि पनि पुरपुरुष र परस्त्रीसाग यौन सम्बन्ध राखिरहेको प्रसङ्गको चर्चा गर्दै यौनाकाङ्क्षालाई पुरा गर्न जस्तासुकै काम गर्न पछि पछि नपरेको सामाजिक विकृतिलाई यस कथांशमा प्रस्तुत गरिएको छ ।

उन्नाइसौा कथांश 'काम' शीर्षकमा उपन्यासकारले वर्तमान समयमा बेरोजगारी अवस्था बढ्दै गएको कुरालाई व्यक्त गरेका छन् । ऊ पात्रले जति काम खोजे पनि नपाएको र उसले आत्महत्या गर्न लागेको घटना प्रस्तुत गर्दै रोजगार नपाएर खान नपाएपछि मान्छेले अन्तिममा मृत्युको बाटो रोज्ने गरेको कुरालाई यहाा प्रस्तुत गरिएको छ । पैसा नभएपछि प्रेम गऱ्यो भने अपहेलित बन्नु पर्ने, आफ्नो स्वार्थपूर्ति गर्नेहरूले देश बिगारिसकेको अवस्थाप्रति कथांशमा व्यङ्ग्य गरिएको छ ।

बीसौा कथांश 'महात्मा' शीर्षकमा 'ऊ' पात्र एक्लो बनेको, नातेदार र प्रेमिकाले पनि उसलाई छोडेर गएको, ऊ पात्रलाई एक्लो बनाउन पाएकामा सबै खुसी भएका, ऊ पात्रको जीवन अलग्गै पाराको रहेको, ऊ एक्लै बसेकाले नै उसलाई बााच्ने प्रेरणा मिलेको आभास भएको, बााच्नु मात्र जीवन हो कि होइन ? भनेर उसले सोचेको, ऊ महात्माकहाा यो कुरा सोध्न जाादा महात्माले पनि त्यही कुरा नजानेर तपस्या गर्न आएको कुरा बताएको प्रसङ्गबाट उपन्यासकारले वर्तमान समाज स्वार्थी र अविवेकी बन्दै गएको कुराप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

'पहाडमा भाषण' एक्काइसौ कथांश हो । यस कथांशमा उपन्यासकारले 'ऊ' पात्र र नेता कुनै पहाडी ठाउामा जानु, नेताले मान्छेको जीवन पहाडजस्तो हुनुपर्दछ भन्दा 'ऊ' पात्रले पहाड

भन्नुको तात्पर्य नबुझेर नेतालाई सोध्नु, नेताले मूर्ख, पहाडमा आएर भाषण गर्दा पहाडजस्तो नभनेर मधेशजस्तो भनॢ त ? भनेपछि ऊ पात्रले कुरा बुझेको सन्दर्भबाट नेताहरूको चरित्रलाई उदाङ्गो पारेका छन् । नेताहरू केवल जनतालाई ढाँटेर आफनो स्वार्थपूर्तिमा लागेको, छेपारे प्रवृत्तिले राजनीतिमा हुने गरेको चलखेल र नेताले परिवेश अनुसार भाषण गरेर जनतालाई छक्याउने गरेको वास्तविकतामाथि तिखो व्यङ्ग्य प्रहार गरिएको छ ।

बाइसौ कथांश 'छाड्नु' शीर्षकको रहेको छ । यस शीर्षकको कथांशमा 'ऊ' पात्र र आफ्नी प्रेमिकालाई कसरी छोड्ने भनेर रातभर ननिदाएको, उनीहरू भागेर कुनै ठाउामा पुगेको र त्यहााबाट पनि राति 'ऊ' पात्र भागेर कुनै बस्तीमा बास माग्न पुगेको, त्यस झुपडीमा प्रेमिका पनि बास मागिरहेको कुरा 'ऊ' पात्रले देखेर अचम्मित भएको, दुवैले बास मागेर सागै सुतेको, प्रेमीले तिमी कसरी यहाा आइपुग्यौ भन्दा प्रेमिकाले म तिमीलाई छोड्न भागेर आएकी भनेको र छोड्नु पनि निरर्थक हुादो रहेछ भन्ने बुझेको घटनाबाट उपन्यासकारले प्रेमका नाममा विभिन्नखाले विकृतिहरूले बढ्दै गएको, पुरुषहरू भोगवादी बन्दै गएको अवस्थाका साथै नारीहरू पनि परपुरुषसाग रमाउने पश्चिमी प्रवृत्ति बढ्दै गएको कुरालाई देखाउन खोजेका छन् ।

तेइसौ कथांश 'तृप्ति' मार्फत 'ऊ' पात्रका माध्यमबाट लेखकहरूको दयनीय अवस्थाको चित्रण गरेका छन् । 'ऊ' पात्रका घरमा खाने कुरा केही नभएको, भोक र प्यासले सताएर केही खान खोज्दा केही नपाएको अवस्थामा 'ऊ' पात्रले चियापत्तिको धुलो भेटाएर खाएको, चियापत्तिको धुलो चपाएको र कविता कोर्न थालेको अवस्थालाई देखाएर लेखकहरूको आर्थिक अवस्था दयनीय बन्दै गएको, लेखक भएर जीवन यापन गर्न गाह्रो बन्दै गएको, वर्तमान समयमा आध्यात्मिकता नाममा पनि व्यापार व्यवसाय बढ्दै गएको, धर्मलाई कमाइ खाने भााडोका रूपमा विकास गरिादै गएकोजस्ता कुरालाई यस कथांशमा प्रस्तुत गरिएको छ ।

चौबीसौ कथांश 'सुरक्षा' शीर्षकमा ऊ पात्रले आफू स्वयम् मरेको र आफूअघि आफ्नो लास देखेको, लासलाई पनि आफूजस्तै भोको देखेको, लास त कसरी भोको हुन सक्छ भन्ने कुरा सपनामा नै महसुस भएको, 'ऊ' पात्रलाई म र लास के फरक छ भन्ने लागेको, यदि लास म नै रहेछु भने भोलि अफिस कसरी जाने, तलब कसरी बुझ्ने भन्ने लागेको, एकपछि 'ऊ' पात्र स्वप्नबाट बिउाझेको र सबै कुरा स्वप्न हुन् भन्ने थाहा पाएको, त्यतिबेले सङ्गीनधारीहरूले 'ऊ' पात्रलाई जङ्गलमा लगेर मार्न लागेको देखेर आफूले आफ्नो के गल्ती हो भनेर सोधेको, बन्दुकधारीहरूले एक पटक मरिसकेको मानिस बााच्नु कुनै अर्थपूर्ण नभएको कुरा बताएको जस्ता घटनाहरूबाट

उपन्यासकारले वर्तमान समयका मानिसहरूको आर्थिक अवस्था कमजोर बन्दै गएको, देशमा हत्या, हिंसा बढ्दै गएको, सुरक्षाको कमी भएको जस्ता कुरालाई यस कथांशमा प्रस्तुत गरेका छन् ।

पच्चीसाौं कथांश 'लाभ' शीर्षकमा 'ऊ' पात्रलाई रक्सी खान मन लागिरहेको बेलामा उसले एउटा साथीलाई भेटेको, साथीलाई रक्सी ख्वाउन आग्रह गर्दा साथीले आफूसाग पैसा नभएको बताएको, 'ऊ' पात्रले एउटी केटी खोज, रक्सी ख्वाउने मानिस म खोज्छु भनेपछि साथीले आफ्नै अर्ध पागल एउटी आइमाईलाई फकाएर ल्याएको, कुनै तेस्रो मानिसले केटी भएपछि जति पनि रक्सी खुवाउने भएकाले 'ऊ' पात्रले तेस्रो मानिसलाई डाकेको, सबैजना भएर खुब मजासित रक्सी खाएको, तेस्रो व्यक्तिले इमानदारसित पैसा तिरेकोजस्ता घटनाबाट समाजमा नारीलाई भोग्या र आफ्नो स्वार्थपूर्ति गर्ने वस्नु ठान्ने प्रवत्ति बढ्दै गएको सामाजिक विकृति, आज मान्छे निच, दरिद्र, मानवताहीन एवम् संवदनाहीन, स्वार्थी बन्दै गएको कुरालाई देखाएका छन्, जस्तै :

"उसलाई  रक्सी खानु थियो । एउटा मित्र भेटियो । त्यो टाट थियो । उसले भन्यो- "के गर्ने म पनि टाट छु ।" उसले भन्यो - "एउटी केटीको इन्तिजाम गर, रक्सी पाइन्छ ।" (गौतम, २०६७ : ३६) ।

छब्बीसौा 'परीक्षा' कथांशमा कुनै हाकिमले आफूलाई चरोले ठागेर भागेको 'ऊ' पात्रलाई बताएको, हाकिमले सबै कर्मचारीहरूलाई चरो खोज्न अराएको, जसले चरो भेट्टाउाछ, त्यसको जागिर बढुवा हुने कुरा पनि सागै बताएको, सबै चरो खोज्न व्यस्त भएको, 'ऊ' पात्रले पनि आफू जागिरमा बढुवा उने उद्देश्यले चरो खोज्न लागे पनि चरो नभेटिएको र उसले उस्तै चरो पक्रेर हाकिमका अगाडि लगेको, हाकिमले मलाई ठाग्ने चरो त आफूसाग नै भएको, मैल त कर्मचारीहरूलाई परीक्षा लिन मात्र नाटक गरेको कुरा बताएको घटनाबाट वर्तमान समयमा मानिसमा लालच र लोभ बढ्दै गएको, छलकपट गरेर भए पनि आफू माथि उठ्न खोजेको वास्तविकतालाई यस कथांशमा प्रस्तुत गरिएको छ ।

'प्रेमिका' कथांश सत्ताइसाौं क्रममा रहेको छ । य स कथांशमा 'ऊ' पात्र र प्रेमिका बिचको वर्तालापबाट वर्तमान समयमा केटीहरूले प्रेमका जाल फिजाएर केटाहरूलाई फसाउादै आफ्नो स्वार्थ पूर्ति गर्ने गरेको, केटीहरूले प्रेमिकाको नाटक गर्दै उनीहरूलाई लुट्दै आफ्नो भोक टार्न थालेको कुरालाई देखाइएको छ । यसै गरी केटाहरू पनि आकाशको जुनतारा झारिदिने अलौकिक सपना बुनेर केटीहरूलाई फसाउादै आफ्नो स्वार्थपूर्तिमा लागेका छन् भन्दै उपन्यासकार वर्तमान समयमा प्रेमका नाममा विभिन्न खाले विकृतिहरू बढिरहेको सामाजिक यथार्थलाई प्रस्तुत गरेका छन् ।

अठ्ठाइसौँ कथांश 'दानवीर' शीर्षकका 'ऊ' पात्रले लुटेर, भ्रष्टाचार गरेर कमाएको पैसा भए पनि सबैलाई दान दिने गरेको अनि राति दान गरेको पैसा सम्झेर रुने गरेको, एक दिन एउटा व्यक्तिलाई एक हजार दान गरेपछि पाँच वर्षसम्म उसलाई त्यो पैसाको सम्झना आइरहेको, पाँच वर्षपछि दान गरेको मान्छेसाग भेट भएपछि पैसा फिर्ता मागेको, त्यो व्यक्तिले दान गरेको पैसा किन माग्नु भएको भनेर सोध्दा तिमी कुपात्र रहेछौ, मलाई तिमीलाई दिएको पैसाको बारम्बार सम्झना आएको कुरा बताएको, दान लिने व्यक्तिले अरु पाँच वर्षयता आफूले एक हजार पैसा कमाउन नसक्ने भन्दै त्यहााबाट भागेको घटनालाई प्रस्तुत गर्दै गौतम अरुको लहलहैमा दान गरेर र समाजमा आफूलाई दानवीर कहलाउन दान गरेर रातभरि रुनुभन्दा आफ्नो क्षमता हेरेर मात्र दान दिनु पर्छ, दान दिने पात्रको आचरण विचार गरेर मात्र दान गर्नु पर्छ भन्ने कुरालाई यस कथांशमा प्रस्तुत गरेका छन् ।

उनन्तीसौँ क्रममा रहेको 'जानु पर्दछ' शीर्षकको यस कथासूत्रमा तीन जना भेला भएर रक्सी खान सुरु गरेको, आफूले पुरा गर्नु पर्ने सबै कामहरू सबैले बखान गरे रक्सीले मात्तै गएपछि ती कामहरूप्रति बेबास्ता गरेको घटनाबाट नेपाली समाजमा रक्सी खाने प्रवृत्तिले मानिसले आफ्ना महत्त्वपूर्ण कार्यहरूलाई पनि परपरतिर पन्छाएर आफूलाई अकर्मण्यता बनाउादै लगेको विकृतिप्रति व्यङ्ग्य गरिएको छ । मानिसहरूलाई रक्सी खान कुनै बहाना नचाहिएको र रातदिन मातेर आफ्नो परिवारलाई दुःख दिने प्रवृत्ति नेपाली समाजमा बढ्दै गएको कुरालाई उपन्यासकारले यस कथांशमार्फत व्यक्त गरेका छन् ।

तीसौँ कथांश 'निवृत्तिभरण'का माध्यमबाट 'ऊ' पात्रले पाउने पेन्सनले जवान छोराहरूलाई पाल्नु परेको, खान मात्र सघाउने तर खुवाउन नसघाउने कुराहरूको व्यवहारले उल्टै 'ऊ' पात्र दुःखित भएको, पेन्सनले भात खुवाउन नपुग्दा उल्टै छोराहरूको लात खानु परेको घटनाबाट वर्तमान समयमा युवाहरू काम गर्नुभन्दा पनि आवारा भएर जीवन जिउने प्रवृत्ति बढेको, एउटाको आयस्रोतमा भर परेर बस्ने प्रवृत्ति बढ्दै गएको, बुढेसकालका बुबालाई सम्मान गर्नुको सट्टा उल्टै अपमान गर्न थालेको, आफ्नै परिवारका सदस्यहरूबाट अपमानित जीवन जिउनु परेको वास्तविकतालाई यसमा प्रस्तुत गरिएको छ ।

एकतीसौँ क्रममा 'प्रतीक्षा' शीर्षकमा उपन्यासकार गौतमले समाजमा ईश्वरप्रतिको विश्वास घट्दै गएको, मानिसमा दानवी प्रवृत्ति बढ्दै गएको, ईश्वरका नाममा विभिन्न खाले विकृतिहरू बढ्दै गएको कुरालाई प्रस्तुत गरेका छन् ।

बत्तीसौं शीर्षक 'शोकसभा' मार्फत मानिसले रातदिन गरिबीले गर्दा रुदै जीवन जिउनु पर्दा अरुको दुःखमा रुने आासु समेत नभएको वास्तविकतलाई उजागर गरेका छन् । देशमा बढ्दै गएको बेरोजगारीले मानिस रातदिन भोकभोकै जीवन जिउनु परेकाले मानिसहरूको जीवन दुःखकष्ट बन्दै गएको अवस्थाको यथार्थतालाई यस कथांशमा प्रस्तुत गरिएको छ, जस्तै : "ऊ शोकसभामा जानदेखि आफूलाई जोगाइरहेको थियो । कारण, ऊसित शोकसभाका लागि आासु किन्ने पैसा थिएन ।" (गौतम, २०६७ : ४०) ।

'सेवा' नामक शीर्षक कथासूत्रको तेत्तीसौं क्रममा रहेको छ । यस शीर्षकमा गौतमले नेताहरूको स्वार्थी चरित्रलाई उदाङ्गो पारेका छन् । चार जना व्यक्तिहरू काठमाडौं सहर पसेर राजनीतिका नाममा महल कसेर बसेको कुरा प्रस्तुत गर्दै उपन्यासकार आजका नेताहरूको लक्ष्य पनि आफ्नो स्वार्थपूर्ति गर्ने, विलासी जीवन बिताउने, जनतालाई मूर्ख बनाएर आफ्नो ढुकुटी भर्ने चरित्र भएका नेताहरूले देशको सेवाका नाममा ब्रह्मलुट गरिरहेको वास्तविकतालाई दर्साएका छन् ।

चौतीसौं क्रममा रहेको 'श्रीमती' शीर्षकको कथांशबाट उपन्यासकारले श्रीमान् र श्रीमतीको सोचाइलाई प्रस्तुत गर्दै वर्तमान समयमा श्रीमान् र श्रीमतीको सम्बन्ध पनि बजारमा किन्न पाइने सामान जस्तो भइसकेको, एक अर्कामा विश्वास हराइसकेको कुरालाई प्रस्तुत गर्दै वर्तमान समयमा सहरमा बढ्दै गएको सवारी दुर्घटनालाई पनि आंशिक रूपमा यस कथांशमा प्रस्तुत गरेका छ ।

पैतीसौं क्रममा 'हिसाबकिताब' शीर्षकको कथांशमा उपन्यासकारले 'ऊ' पात्रले एउटी धनी प्रेमिकासाग प्रेम गरेको, प्रेमिकाले प्रेमीलाई पैसा नदिादा ऊ पात्र बिरक्तिएर एक दिन आत्महत्या गर्न लागेको, प्रेमिकाले किन आत्महत्या गर्न चाहन्छौ भनेर सोध्दा ऊ पात्रले तिम्रो धनसम्पत्ति देखेर आफूले तिमीसाग प्रेम गरे पनि तिमीले आफूलाई पैसा नदिएको कुराको उल्लेख गर्दै मानिसमा लालच बढ्दै गएको, पैसाका नाममा पुरुषहरूले नारीहरूको अस्मितामाथि खेलबाड गरेको कुरालाई देखाउन खोजेका छन् । वर्तमान समयमा प्रेम पनि स्वार्थपूर्तिका लागि गर्ने गरेको र आफ्नो स्वार्थपूर्ति नुहादा भने आत्महत्या गर्न पनि पछि नपर्ने कुरा प्रस्तुत गर्दै मान्छे पैसाका लागि आफ्नो इज्जत बेच्न पनि पछि नपर्ने, अमानवीय क्रियाकलाप गर्न पनि नहिच्किचाउने कुरालाई यस कथांशमा प्रस्तुत गरिएको छ ।

छत्तीसौं क्रममा रहेको 'मुद्रा' शीर्षकमा नेताहरूको चरित्रलाई प्रस्तुत गरिएको छ । पैसाका लागि नेताहरूले राजनीति गरेको, सोझा जनताहरूलाई झुक्याएर भोट जितेपछि जनताहरूको दुःख र पीडालाई नरहेकाले गर्दा जनताहरूलाई नेताहरूले घृणा गरेको, इज्जत नभएका नेताहरूलाई जनताहरूले घृणा गर्न थालेको कुरालाई उपन्यासकारले यस कथांशमा प्रस्तुत गरेका छन् ।

सैतीसौं क्रममा रहेको '३३ वर्ष' उपशीर्षकमा उपन्यासकार ध्रुवचन्द्र गौतमले 'ऊ' पात्रको कमजोर आर्थिक अवस्था देखाएर वर्तमान समयमा मानिसलाई दुई छाक टार्न धौ धौ परेको कुरालाई चित्रण गरेका छन् । 'ऊ' पात्रको घरमा केही खाने कुरा नभएपछि र पैसा पनि नभएपछि मनलाई शान्त पार्न धर्मग्रन्थबाट मन शान्त हुन्छ भन्ने सुनेर पढ्न थालेको, उसको भोक बढ्दै गएको, उसले ग्रन्थका पाना पल्टाउादै जाादा आफूले ३३ वर्ष अगाडि राखेको १००० को नोट भेट्टाएको, 'ऊ' पात्र खुसी भएको घटनाबाट वर्तमान समयमा गरिबीको रेखामुनि बााचिरहेका मानिसहरूको जीवन कष्टकर बन्दै गएको कुराको चित्रण यस कथांशमा गरिएको छ ।

अट्तीसौा क्रममा 'आत्महत्या' शीर्षकमा उपन्यासकारले वर्तमान समयमा मान्छेले जीवनको मूल्य नबुझेर जीवन त्यत्तिकै नष्ट गरिरहेको, जीवनलाई बुझ्न नसकेर मानिस आत्महत्या गर्नतिर लागिरहेको, उल्टै आत्महत्याले 'ऊ' पात्रलाई फूले आत्महत्या नगर्ने भएकाले फूललाई हेरेर जीवन जिउनु पर्ने सन्देश दिएको घटनाबाट मानिस अल्छी बनेर उल्टै जीवनदेखि निराश बन्न पुगेको, जीवनलाई बोझ ठान्दै आत्महत्या गर्न अग्रसर बनेको कुरालाई देखाउादै मानिसका भावनाहरू निच बन्दै गएको कुरा यस कथांशमा गौतमले देखाउन खोजेका छन् ।

उनन्चालीसौा क्रममा 'मृत' शीर्षकमा वर्तमान समयमा अस्पतालहरूमा बढेको विकृतिको चित्रण गरिएको छ । मरिसकेको मानिसलाई कृत्रिम अक्सिजन दिएर सास फेरिरहेको जस्तो बनाएर डाक्टरहरूले २, ४ दिन बिताउने र पैसा लुट्ने गरेको घटनाबाट पैसा खर्च गर्न सक्ने बिरामीलाई मरे पनि बााचेको जस्तो देखाएर पैसा लुट्ने र गरिब र पैसा खर्च गर्न नसक्ने व्यक्तिलाई भने सास फेर्दाफेर्दै मृत घोषित गर्ने गरिएको कुरालाई व्यक्त गरेर उपन्यासकारले डाक्टरहरू नै गैरजिम्मेवारीपूर्ण कार्य गर्नतिर प्रवृत्त भएका र पैसामुखी बन्दै गएको कुरालाई देखाउन खोजका छन्, जस्तै : "सास फेर्न छाड्न्जेल ऊ जीवित मानिएको थियो । विज्ञानको चमत्कारले ऊ सास फेर्न थाल्यो । दुईचार सास फेर्नसाथ ऊ ढाल्यो । डाक्टरहरूले सास फेर्दा फेर्दै पनि उसलाई मृत घोषित गरिदिए ।" (गौतम, २०६७ : ४३) ।

चालीसौं क्रममा रहेको 'आविष्कार' शीर्षकको कथांशमा वर्तमान समयमा सहरीकरणले गर्दा जग्गाको मूल्य आकासिादै गएको, मानिसहरूले घर मात्रै आट्ने गरी जग्गा किनेर घर बनाएका र हरिया वनस्पति, वृक्ष, फूलबारी हुने गरी जग्गा किनेर घर बनाउन नसकिने अवस्था आएकोमा 'ऊ' पात्र चिन्तित बनेको, त्यसैले कृत्रिम हावापानीमा जीवन धान्न मुस्किल परेको अवस्थाको चित्रण गर्दै 'ऊ' पात्रले कृत्रिम जीवन यापन गर्ने बानीको विकास गर्नु पर्ने कुरा बताएको सन्दर्भबाट

सहरीकरणका नाममा विभिन्न खाले वातावरणीय विकृतिहरू बढ्दै गएको, वातावरण सन्तुलित हुन छाडेको अवस्थाको चित्रण यस कथांशमा गरिएको छ ।

'पुर्जी' नामक शीर्षक सूत्र उपन्यासको एकचालीसौ‌ा क्रममा रहेको छ । यस कथांशमा उपन्यासकारले सहरमा प्राकृतिक वस्तुलाई हटाएर कृत्रिम वस्तुको सिर्जना गर्नपट्टि आजको मानिस लागि परेको घटनाबाट मानिसहरू कृत्रिमपनामा रमाउन थालेको, प्राकृतिक स्रोत साधनको अन्त्य बाहिरी सुन्दरताको लोभमा विभिन्न रोगले ग्रस्त जीवन जिउने आशातिर लागेको मानवीय स्वभावमा आएको परिवर्तनलाई देखाएका छन् । आजका हरेक क्रियाकलापहरू बाहिरी सुन्दरतामा मात्रै सीमित भएको र प्राकृतिक वस्तुको सट्टा कृत्रिम वस्तुहरू निर्माण गरी मानिसहरूले आफ्ना इच्छा, आकाङ्क्षा पुरा गर्न थालेको सामाजिक यथार्थलाई यस कथांशमा प्रस्तुत गरिएको छ ।

बयालीसौ‌ा क्रममा रहेको 'मनुष्य' शीर्षकको कथांशमा उपन्यासकारले वर्तमान समयमा आफूसाग योग्यता भए पनि काम नपाएर सुन्दर र व्यवस्थित रूपमा जीवन जिउने इच्छा केवल दिवास्वप्न हुादै गएको, दुनियाा स्वार्थी, अविकेकी र मानवताविहीन बन्दै गएको कुरालाई देखाउन खोजेका छन् । 'ऊ' पात्रले जीवनलाई व्यवस्थित रूपमा जिउने इच्छा राख्दाराख्दै पनि उसले अभावै अभावमा जीवन जिउनु परेको वास्तविकतालाई नै उपन्यासकारले यस कथांशमा प्रस्तुत गरेका छन् ।

त्रिचालीसौ‌ा क्रममा 'पीपलको बोट' कथांश रहेको छ । यस कथांशमा 'ऊ' पात्रले प्रकृतिको काखमा नै प्रेमको विकास हुने गर्दछ । प्रकृतिको माझमा रहेको पीपलको बोटमुनिबाट सुरु भएको ऊ पात्रको प्रेम सुरु भएको थियो तर आज प्रकृतिको विकाससागै ऊ पात्रको प्रेमको पनि विकास भएको कुरा बताएर उपन्यासकारले मानिस हरेक प्रकारले एक्लो हुादै गएको, प्रकृति र प्रेमबिच अन्योन्याश्रित सम्बन्ध रहेको कुरालाई बताएका छन् ।

'कथासित संवाद' शीर्षकको कथांश कथासूत्रको चौवालीसौ‌ा क्रममा रहेको छ । यस कथांशमा उपन्यासकारले वर्तमान समयमा गरिबी बढ्दै गएको, मानिसहरूले अभावै अभावमा जीवन जिउनु परेको, मान्छेका इच्छा, आकाङ्क्षा पनि पुरा हुन नपाएको मान्छेमा निराशपन बढ्दै गएको, महागीले जीवन जिउन कठिन भएको, देशमा भ्रष्टाचार मौलाएर जनताहरू महागीको चपेटामा बाध्य भएर जीवन जिउनु परेको, जीवन धान्न मुस्किल परिरहेको मान्छे आजको दुनियााबाटै भाग्न खोजेको वास्तविकतालाई उजागर गर्दै आजको समयमा देखिएका सामाजिक, आर्थिक, राजनैतिक विकृतिलाई यस कथांशमा प्रस्तुत गरेका छन् ।

पैतालीसौं क्रममा रहेको 'डोरी' शीर्षकको कथांशमा मान्छे निरासपूर्ण जीवन जिउन बाध्य छ । जीवनदेखि हार खाइसकेको छ । आत्महत्या गर्न साथमा डोरी बोकेर हिाड्न थालेको छ । अनि कतै मानवताको सङ्केत भेट्टाउादा आत्महत्यारूपी डोरी समर्पित गर्ने गरेको, आज मान्छे मान्छेमा मानवता हराएकाले व्यक्ति आत्महत्याजस्तो कठोर निर्णय लिन बाध्य छ । तर आत्महत्या गर्न पनि सकिरहेको छैन । सफल जीवन जिउन पनि सकिरहेको छ । दोधारमा मानिसहरू बााचिरहेका छन् भन्ने वास्तविकता एकातिर प्रस्तुत गरिएको छ भने अर्कातिर डोरी टाागेर पैसा असुल्दै मोजमस्ती गर्ने जमात बढिरहेको यथार्थलाई पनि यस कथांशमा प्रस्तुत गरिएको छ । आजको मानिस विसङ्गत जीवन जिउन बाध्य छ । मान्छेले चाहेर पनि सफल जीवन बााच्न नसकेको र नचाहादा नचाहादै पनि आत्महत्या गर्ने सोचमा हिाडिरहेको यथार्थलाई नै यस कथांशमा प्रस्तुत गरिएको छ ।

छयालीसौं क्रममा रहेको 'अबौद्धिक' शीर्षकको कथांशमा उपन्यासकार ध्रुवचन्द्र गौतमले वर्तमान समयमा नेपालमा बढ्दै गएको अराजकता, राजनैतिक विकृति, प्रदूषणयुक्त वातावरण आदिले गर्दा विश्वमा निकृष्ट देशका रूपमा चिनिादै गएको, यस्ता क्रियाकलापहरू फैलिएमा विश्वले नेपाललाई सहयोग गर्ने आशामा देशलाई अधोगतितिर धकेल्दै लगेको, विश्वदातृ संस्थाहरूले सहयोग गरेको रकम खान पल्केका नेताहरूले नेपाललाई खराब बनाउादा आफ्नो भााडी भर्ने विचार व्यक्त गरेकोजस्ता सन्दर्भहरूलाई प्रस्तुत गर्दै नेपाललाई खराब बनाउने नेताहरू नै रहेको कुरा उजागर गरिएका छन् ।

'सपना' शीर्षकको कथांश सूत्र उपन्यासको सतचालीसौं क्रममा रहेको छ । यस कथांशमा आजमा मानिसहरूले केही जिम्मेवारीपूर्ण कार्य गर्नुको सट्टा दिवास्वप्नमा रमाएर बसिरहेको, मानिसले निष्क्रिय जीवन बिताउादा जीवन नै क्षतविक्षत बन्न पुगेको वास्तविकतालाई देखाइएको छ । मनमा अनेक सपना तुनेर कर्मविहीन, अकर्मण्यता जीवन जिउन बाध्य बनाउने परिस्थितिलाई सराप्दै मान्छे बााचिरहेको कुरालाई पनि प्रस्तुत गर्दै उपन्यासकारले मान्छे कर्ममा भन्दा सपनामा विश्वास गर्न थालेको वास्तविकतालाई प्रस्तुत गरेका छन् ।

सूत्र उपन्यासको अठचालीसौं क्रममा 'गर्भ' कथांश रहेको छ । यस कथांशमा आज मान्छ जीवनदेखि नै अन्धो बन्दै छ । मान्छे नपुंसक बनिरहेको छ । उसमा केही गर्ने शक्ति, क्षमता छैन । सबै तुइसकेको छ । मान्छे अर्काको प्रगति देखेर रिसले काम्दै व्याकुल भएर अगाडि बढेको छ । कल्पनालोकमा रमाउादै 'ऊ' पात्रले आफ्नी पत्नीलाई जीवनभरि गर्भवती बनाउन नसकेकोले उसले सबै प्राणीलाई मानसिक रूपमा गर्भिणी तुल्याउादै हिाडेको प्रसङ्गबाट उपन्यासकारले मानिस शक्तिक्षीण बन्दै गएको कुरालाई देखाएका छन् । आजको मान्छे मानसिक रूपमा विकृत बन्दै

गएको, उसको मनोविकारले गर्दा समाजलाई हेर्ने दृष्टिकोण समेत खराब बन्दै गएको अवस्थालाई पनि यस कथांशमा प्रस्तुत गरिएको छ, जस्तै :

आाखा थिएन, तैपनि ऊ हेरिरहेको थियो । हिाड्दाहिाड्दै बाटोमा कुनै मृगिणी देख्दा ऊ काम्यो, त्यो गर्भिणी छे । अरु मानिस सोध्दथे- “यो कसरी थाहा पायौ ?” । ऊ भन्थ्यो-“कुनै कुनै प्राणीलाई गर्भवती देख्नु मेरो पेसा हो ।” कसैले सोध्यो - “तिमीले यस्तो कसरी गर्न सक्यौ ?” । उसले भन्यो- “मैले जीवनभरि आˆनी स्वास्नीलाई गर्भवती बनाउन सकिना, त्यसकारण प्रत्येक प्राणीलाई म आˆनो कल्पनाले गर्भिणी बनाइदिन चाहन्छु ।” (गौतम, २०६७ : ४७) ।

उनन्पचासाै क्रममा रहेको ‘सफलता’ शीर्षकको कथांशमार्फत वर्तमान समयमा मान्छेले जीवनभरि असफलता मात्रै हात पारेको, मान्छेका सोचाइ, बुझाइको पनि स्तर पनि गिर्दै गएको, जीवनमा एकाध रूपमा प्राप्त भएको सफलतालाई पनि स्वीकार गर्न नसकेको कुरालाई चित्रण गर्दै मान्छेको जीवन नै असफलताको भण्डार भएको कुरालाई देखाइएको छ । जीवनलाई गहिरोसाग बुझ्न नसक्दा र ठुलो महत्वाकाङ्क्षाले ग्रसित बनेको मान्छे सानोतिनो कुरालाई सफलता मान्न छाडेको कुरालाई पनि यस कथांशमा प्रस्ट्याइएको छ ।

पचासाै कथांश ‘समाधान’ शीर्षकमा वर्तमान समयमा मान्छेले आफ्नो जीवनमा अव्यावहारिक ढङ्गले प्रेमिका बनाउने गरेको र अर्कातर्फ श्रीमतीलाई तिरस्कार गरेर अर्को विवाह गरी जीवन अस्तव्यस्त पार्दै जाने गरेको कुरालाई नै देखाइएको छ । पुरुषहरू भोगवादी बन्दै गएको, श्रीमान् र श्रीमतीबिचको विश्वास हराउादै गएको, घरघरमा गृहकलह बढ्दै गएको कुरालाई यस कथांशमार्फत उपन्यासकारले प्रस्तुत गरेका छन् ।

एकावन्नाै क्रममा रहेको ‘खोज्नु’ शीर्षकको कथांशमा उपन्यासकारले परिस्थितिअनुसार जीवन पद्धतिलाई आगालेमा मात्र जीवन जिउन सकिन्छ । परिस्थिति विपरीत जीवन जिउन चाहेमा जीवन नै निरर्थक बन्न सक्छ । त्यसैले मान्छेले आजको परिस्थिति र समयलाई बुझेर जीवन जिउनु पर्दछ । यसरी जीवन जिउन चाहेमा जीवन सफल हुन्छ नत्र समय र परिस्थिति विपरीत जीवन जिउन चाहेमा निराशाबाहेक केही हात पर्दैन भन्ने कुरालाई कथांशमा ‘ऊ’ पात्रका माध्यमबाट देखाइएको छ ।

बाउन्नाै क्रममा रहेको ‘हाकिम’ शीर्षकको कथांशमा उपन्यासकारले ‘ऊ’ पात्र हाकिमकहाा ऋण माग्न गएको, हाकिमले अस्ति लगेको तलब के गऱ्यौ भन्दा ऊ पात्रले चामल किनेको बताएको, तलबले चामल मात्र आयो भनेर सोध्दा पहिला पनि ऋण लिएकाले तलब काटिएर आएको

बताएको, पहिला किन ऋण लियौ भन्दा साथीको ऋण तिर्न भनेको र यसपल्ट किन ऋण मागेको भन्दा साथीलाई ऋण दिन बताएको सन्दर्भबाट तल्लो स्तरको कर्मचारीको जीवन कष्टकर भएको, तलबले परिवार पाल्न धौधौ परेको, परिवार पाल्न पनि तलबको पैसाले नपुगेर ऋण लिनु परेको र जीवनभर ऋणमै परिवारलाई पाल्दै गरेको वास्तविकतालाई प्रस्तुत गरिएको छ ।

त्रिपन्नौ कथांश 'पतिव्रता' शीर्षकको रहेको छ । यस कथांशमा वर्तमान समयमा नारी र पुरुष दुवै भोगवादी बनेको, बाहिरी रूपमा मात्रै पतिव्रता र स्त्रीव्रत पालन गर्ने गरेको, रातभरि परपुरुष र परस्त्रीगमन गर्ने परिपाटी समाजमा बढ्दै गएको, एकले अर्कालाई विश्वास गर्ने वातावरण नरहेको कुरालाई 'ऊ' पात्र र 'ऊ' पात्रकी श्रीमतीको व्यवहारबाट उपन्याकारले प्रस्तुत गरेका छन् । यसै गरी यस कथांशमा चरित्रहीन महिला तथा पुरुषको धज्जी उडाएका छन् । आफ्ना गल्तीलाई ढाकछोप गर्दै एक अर्कामा विश्वासको वातावरण निर्माण गर्न एकले अर्कालाई नाटकीय प्रवृत्ति देखाएर विश्वास दिलाउने गरेको तर भित्रभित्रै छेपारे प्रवृत्ति देखाउने गरेको वास्तविकतालाई नै यस कथांशले पुष्टि गरेको छ ।

चौवन्नाौ कथांश 'छड्के' शीर्षकको रहेको छ । यस कथांशमार्फत उपन्यासकारले महिलाहरू आफ्नो लोग्ने हुादाहुादै पनि अफिसमा कुनै अफिसर वा कर्मचारीसाग लागेर सहवास गर्ने गरेको तथ्यलाई प्रस्तुत गरेका छन् । यसरी महिलाहरू नै भोगवादी बनेको, देखावटी रूपमा सच्चा र इमानदार बने पनि भित्रभित्र खराब चरित्रले भरिादै गएको नारीहरूको चरित्रप्रति व्यङ्ग्य गरिएको छ ।

पचपन्नाौ कथांश 'बुद्धिजीवी' मार्फत उपन्यासकारले चुनाव जित्नका लागि नेताले गुन्डा पालेको, चुनाव सकिएपछि त्यस्ता गुन्डाहरू काम नपाएर छटपटिएको, नेताले काम नभएपछि त्यस्ता गुन्डालाई बुद्धिजीवी घोषित गरेको सन्दर्भबाट चुनावमा सबै नेताहरूले गुन्डा लगाएर चुनाव जित्ने गरेको र पछि तिनै गुन्डालाई आफ्नो बुद्धिजीवी बनाएर हिाड्ने गरेको कुरालाई प्रस्तुत गरेका छन् । गुन्डाहरूलाई नेताहरूले नै आश्रय दिएर पाल्छन् । देशका राम्रा काममा बाधा पुऱ्याउन सहयोग लिन्छन् । यसरी देशलाई अधोगतिमा लैजान नेताहरूको हात रहेको वास्तविकतालाई यस कथांशमा प्रस्तुत गरिएको छ ।

छपन्नाौ कथांश 'ओठ' रहेको छ । यस कथांशमा उपन्यासकारले वर्तमान समयमा मानिसहरू रक्सीमा डुब्दै गएको, रक्सी खाएका बेलामा बेहोसमा एकअर्कालाई चिन्न छाडेको, अर्केकी श्रीमतीलाई चुम्बन गरेको जस्ता घटनाहरूबाट पुरुष र स्त्री दुवैले पाश्चात्य व्यवहारलाई आगाल्दै रक्सी खान थालेको र सार्वजनिक ठाउामा नै चुम्बन गर्न थालेको परिस्थितिलाई प्रस्तुत गर्दै

वर्तमान समयमा रमाइलो नाममा पार्टी, भोजभतेर, सेमिनार आदिका नाममा बढ्दै गएको विकृतिलाई देखाइएको छ ।

सन्तावन्नौा क्रममा रहेको कथांश 'खल्ती'मा उपन्यासकारले अज्ञानताले गर्दा मानिसले धेरै सन्तान जन्माएको, जन्माएका सन्तानलाई पालनपोषण गर्न नसकेको, धेरै सन्तान जन्मिए भने छोराछोरीको राम्ररी पालनपोषण गर्न नसकिने अवस्थालाई देखाएका छन् । त्यसै गरी जीवनलाई भर्न विभिन्न खाले बहाना गर्नु परेको, काम नलाग्न वस्तुले भए पनि जीवन भर्नु परेको र देखावटी रूपमा जीवन धान्नु परेको वास्तविकतालाई उपन्यासकारले यस कथांशमार्फत प्रस्तुत गरेका छन् ।

अन्ठावन्नौा क्रममा 'एघार' शीर्षकको कथांशमा एघार मिनेट अगाडिसम्म आफ्नो घनिष्ठ मित्र एघार मिनेटपछाडि परम शत्रु भएको घटनालाई प्रस्तुत गर्दै वर्तमान समयमा मित्रतामा पनि स्वार्थपन बढ्दै गएको, आफ्नो स्वार्थ पूर्ति हुन्जेलसम्म मात्र साथी रहने, स्वार्थपूर्ति नभए शत्रु मान्ने परम्परा समाजमा बढ्दै गएकाले मित्रता पनि पैसाका निम्ति मात्र गाासिन थालेको सामाजिक विकृतिलाई यस कथांशमा प्रस्तुत गरिएको छ ।

'न्याय' शीर्षकको कथांश सूत्र उपन्यासको उनन्साठीऔा क्रममा रहेको छ । वर्तमान समयमा जङ्गलको सुरक्षामा खटिएका व्यक्तिहरूले न्याय गर्ने क्रममा जङ्गल मास्दै गएका  छन् । हरियो वन नेपालको धन भन्ने कुरालाई समाप्त पार्दै जङ्गलका रुख काटी बराबर भाग लगाएर मिलेमतो जङ्गल सखाप गर्दैछन् । सुरक्षामा रहेका मान्छेहरूले नै यस्ता खराब कार्य गर्ने काममा व्यस्त रहेका छन् भन्दै प्रशासनिक क्षेत्रमा देखिएको विकृतिलाई यस कथांशमा प्रस्तुत गरिएको छ ।

साठीऔा क्रममा रहेको यस सूत्रकथाको 'दुध' शीर्षकका दुध व्यापारीहरूको प्रवृत्तिलाई देखाइएको छ । आजकल सहरमा खराब पानी मिसिएको दूध खानु पर्ने बाध्यता रहेको, दुध व्यापारीमा अलिकति पनि मानवता नरहेको, काठमाडौमा सफा पानी पाइन छाडेको वास्तविकतालाई यस कथांशमा प्रस्तुत गर्दै सहरमा व्यापारीहरूले कुनै पनि चिज शुद्धसाग बेच्न छाडेको, खराब भए पनि उपभोक्ताले दैनिक गुजारा टार्न किन्नु पर्ने अवस्था रहेको कुरालाई देखाइएको छ ।

एकसठ्ठीऔा क्रममा रहेको कथांश 'लेनदेनको गणित' मा उपन्यासकारले पृथ्वीनारायण शाहको 'घुस लिने र दिने दुवै देशका शत्रु हुन्' भन्ने मान्यता आज आएर हराएको, कुनै पनि क्षेत्रमा घुस नख्वाइकन केही काम सम्पूर्ण हुन नसकेको, बाहिरी रूपमा प्रजातान्त्रिक मुलक भनिए तापनि यस मुलुकमा घुस लिने प्रवृत्ति बढ्दै गएको, आफ्नो देशमा घुस नलिने र नदिने मित्र खोज्दा पनि पाइन छाडेको घटनाबाट वर्तमान समयमा मौलाउादै गएको भ्रष्टाचारको उदाङ्गो चित्र प्रस्तुत

गरेका छन् । घुस लिने र दिने हैसियत भएका मानिसहरूले सधै गरिबीको रेखामुनि बााच्न विवश बनेको, देशमा व्याप्त घुसखोरी तन्त्रले योग्यता भए पनि बेरोजगारी जीवन जिउनु परेको वास्तकवितालाई देखाइएको छ ।

बैसट्ठीऔा क्रममा रहेको 'प्रेमिका' शीर्षकको कथांशमा वर्तमान समयमा प्रेम सस्तो हुादै गएको, यौनाकाङ्क्षाले गर्दा स्वास्नी परपुरुषसाग भोगेको र बाबुले छोराछोरीलाई कमाएर खुवाउन नसक्दा छोराछोरीको पेट भोको रहेको, छोरीहरूलाई बुबाले भोक भन्ने कुरा मानसिक क्रिया हो, भोक माने भोक हुन्छ अन्यथा हुादैन भनेर सम्झाउादा केटीकेटीहरूले नमानेको सन्दर्भ प्रस्तुत गर्दै यौनभोक र भोकमा भिन्नता रहेको, यौनभोक मानसिक भोक हो भने पेटमा लाग्ने भोकलाई चाहि केही न केही नखाई मेट्न नसकिने वास्तविकतालाई प्रस्तुत गरिएको छ । आफ्नो पुरुषबाट यौनप्यास मेट्न नसकेर महिलाहरू छोराछोरी माया मारेर परपुरुषसाग यौनप्यास मेट्नका लागि सल्किएको कुरालाई प्रस्तुत गर्दै उपन्यासकारले समाजमा बढ्दै गएको विकृतिलाई चित्रण गरेका छन् ।

त्रिसट्ठीऔ क्रममा 'दृश्य' कथांश रहेको छ । यस कथांशमा वर्तमान समयमा बेरोजगारी बढ्दै गएको, आफ्नो स्वाभिमानलाई उच्च पार्दै जीवन जिउन सक्ने स्थिति हराउादै गएको कुरालाई 'ऊ' पात्रका माध्यमबाट देखाइएको छ । विदेशमा गएर विभिन्न खाले निकृष्ट कार्य गर्ने व्यक्तिले आफ्नो देशमा भने यस्ता काम गर्न लजाउने गरेकाले पनि नेपाली युवाहरूले बेरोजगारी जीवन बिताउनु परेको कुरालाई पनि यस कथांशमा उल्लेख गरिएको छ, जस्तै :

"दृश्य यस्तो थियो । ऊ देशको प्रत्येक अफिसमा पसेर नागरिकताको प्रमाणपत्र देखाउादै नोकरी माग्न सक्दथ्यो । तर कुनै एउटा सानो रेस्टुराामा पसेर केही पनि माग्ने आाट गर्न सक्दैनथ्यो ।" (गौतम, २०६७ : ५३) ।

चौसट्ठीऔ क्रममा रहेको कथांश 'समस्या खण्ड -१' मार्फत् वर्तमान समयमा कुनै काम नपाएर छोराछोरीलाई ख्वाउन नसकिरहेको 'ऊ' पात्रले छोराछोरीलाई उधारोमा केही ख्वाउन रेस्टुराामा लिएर गएको, रेस्टुराा मालिकले छोराछोरीलाई होटलको बेयरा बनाए खान दिने कुरा बताएपछि 'ऊ' पात्रको एउटा समस्या निराकरण भएको र अब आफूले जागिर पाउने समस्या चाहि यथावत् भएको घटनाबाट वर्तमान समयमा काम नपाएर छोराछोरी पाल्न नै धौ धौ परेको कुराबाट गरिबीको रेखामुनि पिल्सिएका जनताहरूको आर्थिक अवस्था सारै कमजोर बन्दै गएको कुरालाई यस कथांशमा देखाइएको छ ।

पैसट्ठीऔंा क्रममा 'फाइल' शीर्षकमा आफूसाग योग्यता भए पनि योग्यता अनुसारको काम पाइन छाडेको, अफिसहरूमा खाली ठाउा हुादाहुादै पनि आफ्ना नातेदार मानिसहरूलाई मात्र जागिर दिइने गरेको कुरालाई प्रस्तुत गर्दै उपन्यासकारले वर्तमान समयमा देशमा बढ्दै गएको बेरोजगारी समस्यालाई यस कथांशमा प्रस्तुत गरेका छन् । युवाहरू जागिर पाइने आशामा विभिन्न अफिसहरूमा धाए पनि उनीहरूको आशा निराशामा परिणत हुादै गएको वास्तविकतालाई पनि यस कथांशमा प्रस्तुत गरिएको छ ।

छैसट्ठीऔंा क्रममा रहेको 'कागत' शीर्षकको कथांशबाट उपन्यासकारले सरकारको लापरबाहीले गर्दा कार्यालयका मानिसहरूले समयमा तलब पाउन नसकेर जीवन धान्न गारो बन्दै गएको, अफिसरहरूले आफ्नो कार्यालयमा भएको कागत बेचेर भए पनि आफ्नो जीवन धान्ने गरेको कुरालाई प्रस्तुत गर्दै सरकारको लापरबाहीपूर्ण क्रियाकलापले विभिन्न कार्यालयका कामदारहरू भोकै बस्नु परेपछि कार्यालयका महत्त्वपूर्ण वस्तु भए बेचेर जीवन यापन गर्ने गरेको कुरालाई यस कथांशमा देखाइएको छ ।

सतसट्ठीऔंा कथांश 'गृहत्याग' रहेको छ । यस कथांशमा वर्तमान समयमा बेरोजगारी समस्याले श्रीमतीले पनि लोग्ने छाडेर जान थालेको वास्तविकतालाई प्रस्तुत गरिएको छ । महिलाहरू आफूले भनेको कुरा लोग्नेबाट पुरा नभएपछि उनीहरू पैसावाला परपुरुषसाग सम्बन्ध गाासेर घरमा भएको सबै कुरा लिएर भाग्ने प्रवृत्ति बढ्दै गएको, लोग्ने मानिसहरू पनि स्वार्थी बन्दै गएको, गरिबहरू खान नपाएर तड्पिादै गरेको अवस्थामा उनीहरूको पारिवारिक वातावरण पनि भङ्ग हुने गरेको वास्तविकतालाई यस कथांशमा प्रस्तुत गरिएको छ ।

अठ्सट्ठीऔं क्रममा 'अधम' शीर्षकको कथांश रहेको छ । यस कथांशमा उपन्यासकारले वर्तमान समयमा गरिबहरू खान नपाएर भोकभोकै बस्नु परेको बाध्यतालाई देखाएका छन् । छोराछोरीहरूले भोक लाग्दा हप्काउने बाबुलाई नै भोकले सताएपछि भोक छैन भनेर मान्ने प्रयत्न गरेको, उसका अगाडि भोक आएर वास्तविकतालाई पनि टार्ने ताजस्तो मानिस अधम होस् भनेर भनेपछि आफूलाई उसले अधम मान्न थालेको वास्तविकतालाई यस कथांशमा प्रस्तुत गरिएको छ ।

उनन्सत्तरीऔंा कथांश 'ऐना' रहेको छ । एकदिन 'ऊ' पात्रले स्वास्नीको भोक मेट्न नसकेर उसकी स्वास्नी हिाडेको कुरा थाहा पाएपछि स्वास्नी कुन अवस्थामा होली भनेर सोचेको, स्वास्नीले कुनै समाधान झिकिसकी कि छैन भनेर ऊ पात्रले आफूलाई गौण गरेर ऐनामा हेरेको, एकछिनमा उसले स्वास्नीबारे सोच्नु व्यर्थ छ भन्दै आफूलाई पनि केलाउन छोडेको सन्दर्भबाट वर्तमान समयमा

मानिसले दुई छाक पनि राम्ररी खान नसकेको अवस्थाका साथै परिवारलाई पाल्न नसकेकाले श्रीमती पनि भोक टार्न घरबाट हिडेको वास्तविकतालाई यस कथांशमा व्यक्त गरिएको छ ।

सत्तरीऔं क्रममा 'आगमन' कथांश रहेको छ । यस कथांशमा 'ऊ' पात्रकी स्वास्नी एक्कासि घर छोडेर गएकी र एकदिनपछि एक्कासि प्रशस्त धन दौलत लिएर आएकी, छोराछोरीलाई पेट भर्ने गरी विभिन्न खानेकुरा ख्वाएको देखेर 'ऊ' पात्र घरमा खुसियालीको वातावरण छाएकामा खुसी हुादै गरेको अवस्थामा स्वास्नीले अर्को पोइ पनि लिएर आएकाले दुःखी बनेको घटनाबाट वर्तमान समयमा आर्थिक अवस्था कमजोर भएका कारणले नै पति पत्नीको सम्बन्ध पनि हलुका बन्दै गएको, महिलाहरू धनी पुरुषलाई पति वरण गर्दै हिडेको सामाजिक विकृतिलाई नै उपन्यासकारले केलाएका छन् ।

एकत्तरौं क्रममा रहेको कथांश 'सामान' शीर्षकमा उपन्याकारले 'ऊ' पात्रले आफ्नो भोको पेट भर्नका लागि विभिन्न प्रयास गरेको, घरका सामान बेचेर भए पनि पेट भर्न लागि परेको अवस्थालाई चित्रण गर्दै वर्तमान समयमा गरिबीको रेखामुनि रहेका व्यक्तिहरूलाई पेट भर्न नै धौंधौ परेको यथार्थलाई देखाएका छन्, जस्तै :

"उसलाई लाग्यो, ऊ एउटा सामान बेचेर अर्को सामान किनिरहेको छ । केवल भोक मार्नलाई ।" (गौतम, २०६७ : ५५) ।

बहत्तरौं क्रममा 'निरुत्तरता' कथांश रहेको छ । यस कथांशमा आगामी एक्काइसौं शताब्दी वर्तमानभन्दा पनि सुखमय हुनेछ भन्ने बहस चलिरहेका बेला 'ऊ' पात्रले मिति फेरेर मात्रै सुखी प्राप्त हुने भए एक्काइसौं शताब्दी नाघेर बाइसौं शताब्दीतिर विश्व लम्किरहेको छ, तर देशको सामाजिक, आर्थिक अवस्था उस्तै रहेको घटनाबाट देशलाई सुखमय बनाउन मिति परिवर्तन गरेर होइन, मानिसका विचार, व्यवहार र सरकारको कार्य परिवर्तन हुनुपर्छ भने वास्तविकतालाई नै उपन्यासकारले यस उपन्यासमा प्रस्तुत गरेका छन् ।

त्रियहत्तरौं क्रममा रहेको 'नुन' शीर्षकमा देशको आर्थिक अवस्था एकदमै कमजोर बन्दै गएको कुरालाई देखाइएको छ । गरिबका रेखामुनि बााचिरहेका जनताहरूले राम्ररी सब्जी र नुन समेत खान पाएका छैनन् । तल्लो स्तरका मानिसहरूले भोकभोकै बााच्न विवश छन् भन्ने कुरालाई 'ऊ' पात्रका परिवारको चित्रण गरेर देखाइएको छ । आफूले कमाएको पैसाले चामल मात्र किनेर भातमा नुन छर्कादै खान विवश जनताहरू भोकभौकै पर्न थालेको कुरालाई कथांशमा देखाइएको छ ।

'बगली' शीर्षकको कथांश सूत्र उपन्यासको चौरहत्तरौा क्रममा रहेको छ । यस कथांशमा बाहिरी खोक्रो आर्दश बोकेर हिड्ने मानिसले आदर्शलाई बगलीमा राखेको छ । देखावटीपन र अरुले ठुलो बनाइदिादा आफू ठुलो हुने प्रवृत्ति बढ्दै गएको छ । देशमा आदर्शवादी भन्ने कुरा हराइसकेको अवस्थालाई 'ऊ' पात्रका माध्यमबाट उपन्यासकारले यस कथांशमा प्रस्तुत गरेका छन् ।

'बगलीमारा' शीर्षकको कथांश सूत्र उपन्यासको पचहत्तरौा क्रममा रहेको छ । यस कथांशमा उपन्यासकारले आदर्शवादीले आफूले आदर्श कोचेर राखेको बगली पनि कसैले चोरिदिएको र देशमा आदर्शवादी शून्य बन्दै गएको अवस्थालाई चित्रण गर्दै देशमा आदर्श भन्ने कुरा समाप्त भएको, सरकारदेखि व्यक्तिहरू अमानवीय क्रियाकलापमा संलग्न भएको, बाहिरी आदर्शको कुरा गर्ने व्यक्तिहरू नै भित्रभित्रै बगलीमारा बनिरहेको वास्तविकतालाई देखाएका छन् । देशमा अमानवीय क्रियाकलाप बढ्दै गएको, विश्वास र सद्भाव भन्ने कुरा हराएको यथार्थलाई यस कथांशमा प्रस्तुत गरिएको छ ।

छयहत्तरौा क्रममा रहेको 'हाासो' शीर्षकको कथांशमा उपन्यासकारले देशमा बढ्दो द्वन्द्व, भोकमरी, वेश्या प्रवृत्ति, बढिरहेको अवस्थामा केही मानिसहरू भने सामान्य कुरालाई लिएर आनन्द मनाइरहेको अवस्थालाई प्रस्तुत गरेर वर्तमान समयमा मानिसहरू स्वार्थपूर्तिमा रमाउादै गएको, देशप्रति कुनै चिन्ता वा चासो नभएको कुरालाई देखाएका छन् । मातृत्व र मानवता भन्ने कुरा मानिसमा लेस मात्रामा पनि नरहेको, व्यक्तिगत स्वार्थमा देश चुर्लुम्म डुबेको कुरालाई नै यस कथांशले प्रस्ट पारेको छ ।

सतत्तरौा क्रममा रहेको 'धन्यवाद' शीर्षकको कथांशमा 'ऊ' पात्रले वकिल कहाा गएर भगवान्माथि यस्ता निच मानव सृजना गरेकामा मुद्दा लगाउने कुरा गरेको, वकिलले न्याय भन्ने कुरा मानवका लागि मात्रै बनेको, मानवरूपी पशुका लागि पनि कुनै न्याय नबनेको र भगवान् त त्यसभन्दा पनि माथि रहेकाले भगवान्लाई मुद्दा हाल्न नसकिने कुरा बताएपछि ऊ पात्र निराश बनेको अवस्थालाई चित्रण गर्दै पशुरूपी मानिसलाई कुनै पनि कानुनले नछुने कुरा बताएका छन् । त्यही पशुरूपी मानवहरूले देशलाई नष्ट गर्दै लगेका र देशमा गरिबी, अन्याय, भ्रस्टाचार, हिंसा, हत्या, लुटपाटजस्ता कुराहरू मौलाउादै गएको वास्तविकतालाई यस कथांशमा प्रस्तुत गरिएको छ ।

अठहत्तरौा क्रममा रहेको 'तहकिकात' शीर्षकका विभिन्न प्रशासनिक कार्यालयहरू वेश्यालयका रूपमा परिणत हुादै गएको अवस्थालाई चित्रण गरिएको छ । हाकिम नभएका बेला हाकिमका कोठामा अन्य कर्मचारीहरूले सहवास गरेर ढाल फालेर हाकिमलाई लगाउने गरेको कुरा

पनि यसमा चित्रण गरिएको छ । यसरी कार्यालयहरू यौनाकाङ्क्षा पुरा गर्ने थलोका रूपमा विकसित हुादै गएको विकृतिलाई यस कथांशमा व्यङ्ग्य गरिएको छ ।

उनासीऔा क्रममा रहेको 'टोल' शीर्षकमा उपन्यासकारले सहरबासीहरू पानी खान नपाएर तड्पिनु परेको कुरालाई देखाइएको छ । प्राकृतिक रूपमा पनि पानी पर्न छाडेपछि विभिन्न टोलका पानीका मुहान बन्द हुादै गए । पानीको मुहान बन्द भएपछि मानिसहरू पानी खान नपाएर काकाकुल झौं बााच्न विवश छन् भन्ने कुरालाई यस कथांशमा देखाएका छन्, जस्तैः "टोलमा पानी सुक्यो । मानिस घरघरमा मरुभूमि उमार्न थाले । कराण यसो गर्दा पानी नहुनु बढी स्वाभाविक लाग्दथ्यो अनि वैज्ञानिक पनि, प्राकृतिक पनि ।" (गौतम, २०६७ : ५) ।

असीऔा क्रममा 'बालुवा' शीर्षकको कथांश रहेको छ । जनताहरूले आफ्नो आर्थिक अवस्था माथि उकास्न कुनै उद्योग खोलेर सामान उत्पादन गर्न थालेपछि जनताको खुसीलाई देख्न नसकेर सरकारले कर लाएको, जनताले भोग्नु परेको पीडालाई देशको विकासका लागि गरेको सहयोग भन्दै विशेषज्ञहरू भने विभिन्न खाले योजना कोर्न व्यस्त भएको सन्दर्भबाट जनतालाई सुखी र समृद्धि पार्नभन्दा जसरी भए पनि जनताले दुःख खेप्नु परोस् भन्ने खालको योजना विकास गर्नमा वर्तमान समयमा विशेषज्ञहरू लागि परेको यथार्थलाई व्यङ्ग्य गरेर जनता सुखी भएर आफूहरूसरह बने भने आफ्नो अस्तित्व नै मेटिने हुनाले जनताहरू सुखी भएको हेर्न नचाहने व्यक्तिहरूको स्वभावलाई नै यस कथांशमा प्रस्तुत गरिएको छ ।

'नगरमा मन्त्री' यस सूत्र उपन्यासको एकासियौं क्रममा रहेको कथांश हो । यस कथांशमा सहरमा बढ्दै गएका विभिन्न विकृतिहरूको चित्रण गरिएको छ । पानी, अन्न, सुरक्षालगायतका विभिन्न कुराहरू नभएको सहरलाई मन्त्रीहरूले विकृतिहरूको महानगर बनाउादै गएको अवस्थाप्रति व्यङ्ग्य गरिएको छ । अभावै अभावमा सहरिया मानिसहरू दुःखसाग जीवन यापन गरिरहेका छन् भने मन्त्रीहरू यस्तो अवस्थालाई देखेर पनि बुझ पचाउादै बिलासी जीवन बिताइरहेका छन् । सहरमा भ्रष्टाचार, हत्या, हिंसा, बलात्कारका घटनाहरू बढ्दै गए पनि मन्त्रीहरू भने यी सहरका विशेषता हुन् भन्दै हिाडिरहेको वर्तमान समयको सहरिया वातावरणका विकृतिलाई यस कथांशबाट केलाइएको छ ।

'आत्मीयता' शीर्षकको कथांश यस सूत्र उपन्यासको बयासीयौं क्रममा रहेको छ । यस कथांशमा आजका मानिसहरू आफ्नो स्वार्थपूर्ति हुने भएपछि मात्र नजिक हुन्छन् । आत्मीयताको ढोाङ रच्छन् । हिजोका गुन्डा र खराब प्रवृत्ति भएका मानिसहरू नै आज देशका सर्वोपरि ठाउामा पुगेकाले देशको अवस्था जर्जर बन्दै गएको कुरालाई देखाइएको छ ।

त्रियासीयौं क्रममा 'होस' कथांश रहेको छ । यस कथांश मार्फत उपन्यासकारले वर्तमान समयमा मानिसहरूको खराब प्रवृत्तिलाई चित्रण गरेका छन् । आजका समयका मानिसहरूको बोली नै खराब रहेको, मानिसमा मानवीयता र दया भन्ने कुरा हराउादै गएको, आफ्नो स्वार्थपूर्तिमा लिप्त भएको मानिसले अरुका राम्रा कुरालाई पनि नराम्रो रूपमा हेर्न थालेको वास्तविकतालाई यस कथांशमा प्रस्तुत गरिएको छ ।

चौरासीयौं क्रममा रहेको 'अधिकार' शीर्षकको कथांशमा उपन्यासकारले 'ऊ' पात्रले देखेको सपनाबाट मानिसहरूमा मानवता हराउादै गएको, मानिस डर, त्रासयुक्त वातावरणमा जीवन यापन गरिरहेको, मानिसले पशुभन्दा पनि निकृष्ट कार्य गर्न थालेको सन्दर्भबाट मानिस अविवेकी र हिंस्रक बन्दै गएको वास्तविकतालाई प्रस्तुत गरेका छन् । बााच्ने इच्छा गर्ने मानिसले असल र उदाहरणीय काम गरेर जीवन सफल बनाउनुको सट्टा निरर्थक जीवन बााचिरहेको कुरालाई नै यस कथांशमा प्रस्तुत गरिएको छ ।

पचासीयौं क्रममा रहेको 'अंश' शीर्षकको कथांशमा नारीहरूले बाबुबाट अंश पाउने आशमा बाबुलाई नै मुद्दा हालेको सन्दर्भबाट समाजमा केटीहरू बिहे गर्नु दुःखपूर्ण जीवन बिताउनुभन्दा पैतिस वर्ष काटेपछि छोरो सहर अंश लिएर बााच्न थालेको, सरकारले ल्याएको यस्ता अधिकारबाट समाजमा विकृति बढ्दै गएको कुरालाई यसमा प्रस्तुत गरिएको छ ।

छयासीयौं क्रममा रहेको सूत्र उपन्यासको 'लायक' शीर्षकको कथांशमा उपन्यासकारले ठुलो पारिवारिक जिम्मेवारी लिएर परिवारलाई पाल्न नै धौ धौ बनेको, समाजमा रक्सी खाने विकृति बढ्दै गएको, घर परिवार चलाउने पैसाजति रक्सीमा सकेर परिवार रित्तै बन्ने गरेको कुरालाई यस कथांशमा देखाएका छन् । मानिस रक्सी सेवनमा डुबेपछि उसलाई घर, परिवार केही पनि मतलब नहुने र परिवार भने भोकभोकै मर्नु पर्ने अवस्थालाई नै यस कथांशको विषयवस्तुले प्रस्ट पारेको छ ।

सतासीयौं क्रममा 'सुपुत्र' शीर्षकको कथांश रहेको छ । यस कथांशमा देशमा प्रजातन्त्रका नाममा भ्रस्टाचार बढ्दै गएको, नेताहरू प्रजातन्त्र ल्याउने भन्दै झुटको खेती गर्दै भोट किनेर भए पनि भोट जित्ने र अनि ऐस आरामा जिन्दगी बिताउने काममा लागेर देशलाई नै चुसिरहेका, अर्काथरी मानिसहरू नेताहरूको पुच्छर भएर आफ्नो स्वार्थ पूर्ति गर्नपट्टि लागेको, नेता हुन नपाएर केही व्यक्तिहरू विद्रोही बनेर देशमा हत्या र हिंसा मच्चाउादै गरेका कुरालाई उपन्यासरकारले प्रस्तुत गरेका छन् ।

अठासीयौं क्रममा 'प्रवचन' शीर्षक रहेको छ । यस कथांशमा वर्तमान समयका मानिसहरू अर्कोको रिस गरेर, अर्काको अहङ्कार गरेर बााचिरहेका छन् । अर्काको प्रगति देख्न नचाहने त्यस्ता

व्यक्तिहरूको काम नै अरुको सम्पत्ति बिगार्नु रहेको हुन्छ । अरुलाई दु:ख दिदा नै रमाउने मानिसहरूको जमात बढ्दै गएको कुरालाई नै उपन्यासकारले विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् ।

'विशेषज्ञहरू' शीर्षकको कथा सूत्र उपन्यासको उनानब्बेयाौ क्रममा रहेको छ । यस कथांशमा देशका ठुला भनाउादा मान्छेहरूले देशमा भ्रष्टाचार गरेर अकुत सम्पत्ति कमाउने गरेको, नोकर नोकर्नीहरूलाई पनि मानवता नाममा विवाह गरिदिएर घरजम गरिदिएजस्तो गरी जन्मजन्मान्तर नोकर बनाउने सोचले घर किनिदिएको प्रसङ्गबाट देशमा भ्रस्टाचार बढ्दै गएको, छोराछोरीको बिहे गर्दा अरुको देखासिकी गरेर ठुला ठुला होटलमा भोजभतेर गर्ने गरेको कुरालाई प्रस्तुत गरिएको छ । देशका ठुला भनाउादा मानिसहरूले राष्ट्रको पैसा आफ्नो व्यक्तिगत काममा खर्च गर्ने गरेको र मोजमस्तीसाग जीवन बिताउने गरेको कुरालाई नै यस कथांशमा प्रस्तुत गरिएको छ ।

'महानता' शीर्षकको कथांश सूत्र उपन्यासको नब्बे क्रमसङ्ख्यामा रहेको छ । यस कथांशमा वर्तमान समयमा मान्छेले पैसाले मान्छे किन्ने गरेर समाजमा प्रतिष्ठा कमाउने समाज बढ्दै गएको, पैसा भएपछि समाजमा जस्तासुकै कार्यहरू सम्पन्न गर्न सकिने अवस्था सिर्जना भएकाले गरिबहरूले कष्टसाथ जीवन यापन गर्नु परेको वास्तविकतालाई नै विषयवस्तु बनाइएको छ ।

एकानब्बे क्रमसङ्ख्यामा 'सुरक्षा' शीर्षकको कथांश रहेको छ । यस कथांशमा देशमा सुरक्षाको कमीले दिनदहाडै हत्या, हिंसा र बलात्कारका घटनाहरू घटिरहेको, मानिसहरूले जीवनको मूल्यलाई पैसामा साट्ने गरेका, मानिसका कार्यहरू पशुभन्दा पनि निकृष्ट बन्न थालेको र मानिस पशुझौ भएर बााच्ने अवस्थामा पुगेको कुरालाई नै विषयवस्तु बनाइएको छ ।

बयानब्बे क्रमसङ्ख्यामा रहेको 'तीस चालीस' शीर्षकको कथांशमा उपन्यासकारले वर्तमान समयमा ठूला पदमा सबैभन्दा धेरै भ्रष्टाचार हुने गरेको, योग्यता र मर्यादा नभए पनि पैसाका भरमा हाकिम बन्ने गरेको, पदमा भएका व्यक्तिहरूले पनि आफ्ना नातेदारलाई पैसाकै भरमा रातारात हाकिम बनाउने गरेको कुरालाई प्रस्तुत गर्दै देशमा बढ्दै गएको भ्रष्टाचारीतन्त्रलाई नै कथांशको विषयवस्तु बनाइएको छ ।

त्रियानब्बे क्रमसङ्ख्यामा रहेको 'प्रविधि' शीर्षकको कथांशमा उपन्यासकारले देशमा चोरी बढ्दै गएको, दिउासै घर मालिक वा डेरावाला नभएका बेला चोरी गर्ने प्रवृत्ति बढ्दै गएको कुरालाई प्रस्तुत गर्दै देशमा यस्ता अपराध बढाउने कार्यमा स्वयम् प्रशासनकै हात रहेको कुरालाई देखाएका छन् ।

चौरानब्बे क्रमसङ्ख्यामा 'हागो' शीर्षकको कथांशमा मान्छेमा काम गर्ने बानी हराउदै गएको, आनन्द र खुसी खोज्दै हिडेको, बाच्न विभिन्न सङ्घर्ष गर्नु पर्ने भएकाले मर्न तयार भएको सन्दर्भसागै वनजङ्गल मासिदै गएकाले अनावृष्टि र खण्डवृष्टिको मार देशले खप्नु परेको, युवाहरू काम गर्न छाडेर बरु जोगी बनेर हिडेको सन्दर्भसागै मानिसमा अल्छीपना बढ्दै गएको, परिश्रम नगरी जीवन जिउने बाटातिर युवाहरू प्रवृत्त हुदै गएको वर्तमान समयको सामाजिक विकृतिलाई नै यस कथांशमा विषयवस्तु बनाइएको छ ।

पन्चानब्बे क्रमसङ्ख्यामा रहेको 'गुणहरू' शीर्षकमा देशलाई हाक्ने मन्त्रीहरू अनपढ रहेका र गुन्डागर्दी र मुन्द्रेहरूलाई साथमा लिएर देश हाक्दै गरेका मन्त्रीहरूबाट देशको विकास हुन्छ भन्ने सोच्नु नै बेकार रहेको सन्दर्भबाट देशका ठूलाठूला पदमा योग्यता नपुगेका मानिसहरूको हलीमुहाली रहेको यर्थाथलाई नै उपन्यासकारले बताएका छन् ।

छयानब्बे क्रमसङ्ख्यामा 'समस्या' शीर्षकको कथांश रहेको छ । यस कथांशमा उपन्यासकारले वर्तमान समयमा मानिसहरूको आर्थिक अवस्था दयनीय बन्दै गएको, घर व्यवहार चलाउन वा एक छाक मिठो मसिनो खान पनि कैयौ दिन कुर्नु पर्ने अवस्था सिर्जना भएको, बेराजगारी समस्याले गर्दा मानिसहरूले भोकभाकै बाच्नु परेको सामाजिक यर्थाथलाई प्रस्तुत गरेका छन् ।

सन्तानब्बे क्रमसङ्ख्यामा 'आदर्श' शीर्षकको कथांश रहेको छ । यस कथांशमा उपन्याकारले देशका ठुला ठुला योजनामा मन्त्रीदेखि लिएर इन्जिनियर, ठेकेदार आदिले मिलेमतोमा भ्रष्टाचार गर्ने गरेको कुरालाई विषयवस्तु बनाएका छन् । बाहिरी रूपमा आदर्शको खोल ओढेर भित्रभित्रै भ्रष्टाचारको खेती गर्ने देशका ठुला भनाउदा व्यक्तिहरूले देशलाई अधोगतितिर लादै गरेको अवस्थालाई 'ऊ' पात्रले कुलो बनाउदा खाएको पैसाको उदारहण दिएर प्रस्ट पारेका छन् ।

अन्ठानब्बे क्रमसङ्ख्यामा 'टेलिफोन' शीर्षकमा मन्त्रीले साथीलाई फोन गरेर आफ्नो मन्त्री पद जाला भन्ने डरले आफू रातदिन भोको र अनिदो रहेको बताउदै यहा चाहेमा जे पनि गर्न सकिने कुरालाई बताउदै मन्त्रीहरूको चरित्र, व्यवहारलाई उपन्यासकारले प्रस्तुत गरेका छन् । मन्त्री भए पनि कुनै कानुनले नछुने भएकाले जे पनि गर्न सकिने कुरा उल्लेख गर्दै मन्त्री हुनका लागि कुनै योग्यता र प्रमाण पत्र नचाहिने भएकाले सबै मन्त्री हुन लालायित बन्दै गएको कुरालाई यस कथांशमा देखाइएको छ ।

उनान्सय क्रमसङ्ख्यामा 'घडी' शीर्षकको कथांश रहेको छ । यस कथांशमा आफ्नो जिम्मेवारीपनलाई अरुको काधमा सुम्पेर कार्यालयमा काम गर्ने बानी रहेका कर्मचारीहरूले

कार्यालयप्रति बेवास्ता गरेको, उनीहरूलाई कार्यालय केवल समय बिताउने ठाउा बनेको, भ्रष्टाचार गरेर अकूत सम्पत्ति कमाएका कर्मचारीहरू देखावटी रूपमा बााच्न थालेको विषयवस्तुलाई नै व्यक्त गरेका छन् ।

सयौं क्रममा रहेको 'अनादर' शीर्षकको कथांशमा उपन्यासकारले वर्तमान समयमा प्रशासनिक क्षेत्रका घुसखोरी तन्त्र बढ्दै गएको, प्रधानमन्त्रीदेखि नै कमिसनको खेल हुने गरेको, अरुको न्याय गर्ने न्यायाधीशहरूले पनि घुस बिना फैसाल गर्ने छाडेको कुरालाई देखाउादै देशमा बढ्दै गएको भ्रष्टाचारलाई दखाएका छन् ।

'सान्त्वना' कथांश एक सय एक क्रमसङ्ख्यामा रहेको छ । मानिसहरूको सहरप्रति बढ्दै गएको मोह, सीमित सहरमा घनाबस्तीले विभिन्न प्रदूषण बढेकाले जनताहरू विभिन्न रोगले आक्रान्त बन्दै गएको स्थिति, सहरमा आनन्दले सास फेर्न समेत मुस्किल बन्दै गएको अवस्थालाई नै उपन्यासकारले यस कथांशमा प्रस्तुत गरेका छन् ।

एक सय दुई क्रमसङ्ख्यामा 'अनन्यतम' शीर्षकको कथांश रहेको छ । यस कथांशमा उपन्यासकारले 'ऊ' पात्रले भ्रस्टाचार गरेर भए पनि घर बनाउन सफल भएको र घर बनाउनुलाई उसले जीवनको अनन्यतम सार्थकता मानेको कुरालाई प्रस्तुत गर्दै आजका मानिससले जसरी भए पनि सहरमा घर बनाउनु नै सबैभन्दा ठुलो सार्थकता मान्न थालेको, देशप्रति अनुत्तरदायी बन्दै गएको कुरालाई नै विषयवस्तु बनाएका छन् ।

एक सय तीन क्रमसङ्ख्यामा रहेको 'भाग्य' कथांशबाट देश खोक्रो बन्दै गएको कुरासाग 'ऊ' पात्रले आफ्नो घरलाई दााजेको छ । देशमा केही बााकी नरहेझैं ऊ पात्रको घरमा पनि केही बााकी नरहेको, देशमा मौलाउादै गएको बेराजगारी समस्या, भोक, रोग, भ्रष्टाचारजस्ता कुराहरू आफ्ना घरमा पनि विद्यमान भएकाले देश र घरको भाग्य एउटै बनेको कुरालाई देखाएर देशको विकृतिको चित्रण गरिएको छ ।

एक सय चार क्रम सङ्ख्यामा 'बारी' शीर्षकको कथांश रहेको छ । बारीमा केही उब्जिन छाडेको सन्दर्भबाट वातावरण प्रदूषणले जमिनको उर्बराशक्ति पनि ह्रास बन्दै गएको, खोलामा पानी भए तापनि कैयौं बााझै रहेको कुरालाई यस कथांशमा विषयवस्तु बनाइएको छ ।

एक सय पााचौं क्रममा 'आाट' शीर्षकको कथांश रहेको छ । यस कथांशमा योजनाविद्हरूले देशको विकास गर्ने क्रममा प्राकृतिक वस्तुलाई हटाएर कृत्रिमतालाई आगाल्न

थालेका, बाहिरी सुन्दरतामा देश अगाडि बढिरहेको, देखावटीपनले गर्दा प्राकृतिक विनाश बढ्दै गएको वास्तविकतालाई उपन्यासकारले विषयवस्तु बनाएका छन् ।

एक सय छैटौा क्रममा 'बृद्धहरू' शीर्षकको कथांश रहेको छ । दुई वृद्धहरूका क्रियाकलाप र व्यवहारबाट उपन्यासकारले वर्तमान समयमा मान्छेहरूको सोचाइ नै खराब बन्दै गएको कुरालाई देखाइएको छ । हस्तमैथुन र स्वप्नदोषको अनुभव बटुल्न नसकेर पिरोलिएका बृद्धहरूलाई युवाले काल्पनिक रूपमा ती कार्यहरू पुरा गर्ने उपाय बताएपछि वृद्धहरू खुसी हुादै तीर्थ स्नान गर्न हिाडेको प्रसङ्गबाट तीर्थ, धर्म केवल देखावटी बन्दै गएको, मानिसहरूको सोचाइ यौन क्रियाकलापतिर आकृष्ट बन्दै गएको कुरालाई दखाइएको छ ।

एक सय सातौा क्रममा रहेको 'कवि' शीर्षकको कथांशमा उपन्यासकारले वर्तमान समयमा निरशता बढ्दै गएकाले कविहरू पनि कल्पनालोकमा रमाइरहेका, सामाजिक समस्यालाई देखेर पनि वाक्क भएका कविहरू बाहिरी संसारभन्दा पनि आन्तरिक र गोप्य संसारको निर्माणमा जुटेको वास्तविकतालाई देखाएका छन् ।

एक सय आठौं क्रममा रहेको 'अन्धकार' शीर्षकमा जलस्रोतको धनी देश देश भए अन्धकारमा बााच्नु परेको पीडाका साथै प्रेमी प्रेमिकाको प्रेम पैसाका लागि हुने गरेको अवस्थालाई दर्साइएको छ । योग्यता हुादा हूादा पनि बेरोजगारी बनेर अन्धकारमय जीवन बिताउनु परेको र पैसाको लोभमा परेर केटीहरूले केटाहरूसाग गर्ने गरेको प्रेमलाई पनि कथांशमा विषयवस्तु बनाएर देखाइएको छ ।

एक सय नवौं क्रममा 'बिर्सनु' कथांश रहेको छ । यस कथांशमा मान्छेको सुखमय जीवन जिउने रहर केवल सपना मात्र बन्दै गएको, मानिसमा निरासपनाबाहेक केही हात नलागेको, जीवनदेखि विरक्ति लाग्न थालेको र मान्छेलाई म कहाा छु, के गर्नका लागि जन्मिएको छु भन्ने कुरामा सन्देह बढ्दै गएको कुराबाट मान्छेले सुखमय भन्ने रहर बिर्सेर दुःखमा जीवन बिताउन सिकेमा मात्र उसको जीनव सफल हुन्छ भन्ने विचार प्रस्तुत गरिएको छ ।

एक सय दसौं क्रममा रहेको कथांश 'थाहा छैन' भन्ने शीर्षकमा मान्छेको सोचाइ खराब बन्दै गएको, मान्छेलाई आफू कहाा छु, कुन ठाउामा बसेको छु भन्ने कुरा पनि थाहा हुन छाडेको कुरालाई प्रस्तुत गरिएको छ ।

एक सय एघारौं क्रममा 'विनम्रता' शीर्षकको कथांश रहेको छ । यस शीर्षकमा उपन्यासकारले मान्छेमा खराब शक्ति बढ्दै गएको र मान्छे बन्दुकको गोलीले मर्न छाडेर तोप

प्रयोग गर्न थालिएको कुराबाट मान्छेमा अहङ्कार बढ्दै गएको कुरालाई देखाएका छन् । आजकल मान्छेलाई मार्न पनि ठूलै उपकरणको प्रयोग गरिनुले मान्छेमा रहेको घमण्डतालाई दबाउन ठुलै हतियारले मात्र सम्भव रहेको वास्तविकतालाई प्रयोग गर्दै आज मान्छे पशुभ्कैा दरो बनेकाले विनम्रता हराउादै गएको कुरा कथांशमा उल्लेख छ ।

एक सय बाह्रौ क्रममा 'कहाा जाने ?' शीर्षकको कथांश रहेको छ । यस कथांशमा वर्तमान समयमा मान्छेले आफू मान्छे हुा भन्ने कुरा बिसादै गएको, उसले पशुभ्कैा व्यवहार गर्न थालेको र मान्छेको विश्लेषण गर्ने दार्शनिकहरू पनि म्युजियम र चिडियाखानामा सजाएर राखेबाहेक भेटिन छाडेको, आजको मान्छेलाई विद्वानहरूले पनि चिनाउन नसक्ने अवस्थामा पुगेको मानिसको व्यवहार र चरित्रलाई उपन्यासकारले प्रस्तुत गरेका छन् ।

'दार्शनिक' शीर्षकको कथांश सूत्र उपन्यासको एक सय तेह्रौ क्रममा रहेको छ । यस कथांशमा उपन्यासकारले वर्तमान समयको शिक्षा पद्धति केवल घोकाइमा परिणत हुादै गएको कुरालाई दार्शनिक बुबाले छोरालाई पढाउादै गरेको सन्दर्भबाट प्रस्ट पारेका छन् । समाजमा पाइने विभिन्न कुरालाई देखाएर पढाउनुको सट्टा घोकाएर पढाउने पद्धतिले विद्यार्थीहरूले आफ्नै वरिपरिका सामानहरू पनि चिन्न नसकेकाले जााच फेल हुने सङ्ख्या बढ्दै गएको कुरालाई नै यस कथांशमा प्रस्तुत गरिएको छ ।

एक सय चौधौा शीर्षकको कथांश 'चिन्तन' रहेको छ । यस कथांशमा योग्यता नपुगीकन बनेका मुखुन्डाधारी विद्वान्हरूले सामान्य कुराको पनि उत्तर दिन नसकेपछि विभिन्न बहाना गरेर आफू समस्याबाट भाग्ने गरेको, समाजमा आफूलाई दार्शनिक र महान् बताउने व्यक्तिहरूले सामान्य कुरा आफूलाई नआएपछि यो चिन्तनबाट मात्र सम्भव हुन्छ भन्दै ठगको खेती गरेर बााँचिरहेको वास्तविकतालाई उपन्यासकारले प्रस्तुत गरेका छन् ।

एक सय पन्ध्रौ कथांश 'पिङ्गला' शीर्षकको रहेको छ । यस कथांशमार्फत उपन्यासकारले समाजमा वेश्या प्रवृत्ति बढ्दै गएको, मानिसहरूले छलकपडपूर्ण रूपमा जीवन बिताइरहेको, बाहिरी संसार एकखाले भए तापनि भित्री संसार बेग्लै बन्दै गएको तितो यथार्थलाई प्रस्तुत गरेका छन् ।

एक सय सोह्रौ क्रममा रहेको कथांश 'नमन' शीर्षकको रहेको छ । समाजमा अवसरवादी, सनकी, घमण्डी र छुद्र व्यवहार भएका मानिसहरू नै सम्मानित हुने गरेको, समय समयमा समाजलाई आतङ्कित तुल्याएर वा विरोध गरेर भए पनि मित्रलाई शत्रु र शत्रुलाई मित्र बनाउने तागत उनीहरूसाग रहेको र भित्री रूपमा वेश्यावृत्ति गरेर हिाड्ने मानिसहरू नै बाहिरी संसारमा प्रतिष्ठित बन्ने गरेको, यस्ता व्यक्तिहरू नै समाजमा बुद्धिजीवी भनेर कहलाउाछन् भन्दै

उपन्यासकारले वर्तमान समयमा देश गुन्डागर्दी र यौन व्यापारबाट चलिरहेको वास्तविकतालाई उजागर गरेका छन् ।

एक सय सत्रौा क्रममा रहेको 'खाने लायक' शीर्षकको कथांशमा उपन्यासकारले मन्त्रीहरूले देशको आम्दानीले आफ्नो पेट भर्ने गरेकाले जनताहरू भोकभोकै पर्नु परेको, मन्त्रीले खाएकामा जनताहरू खुसी हुनु पर्ने बाध्यता, आफूले खाएको देखेर जनताहरू चकित भएका छन् भन्ने मन्त्रीको उद्घोष वाणीलाई प्रस्तुत गर्दै वर्तमान समयमा मन्त्रीहरूले देश खोक्रो बनाइरहेको वास्तविकतालाई प्रस्तुत गरिएको छ ।

एक सय अठारौा क्रममा रहेको 'ज्ञान' शीर्षकको कथांशमा ऊ पात्रले पानी, स्वच्छ हावा खान नपाएको अवस्थालाई चित्रण गर्दै देशमा वातावरण प्रदूषण बढ्दै गएको, मानिसमा मानवता हराउादै गएको, मान्छेले आफ्नो जीवन बोझका रूपमा लिएर आत्महत्या जस्तो निकृष्ट कार्य गर्न तम्सिएको कुरालाई प्रस्तुत गर्दै वर्तमान समाज नै विकृतमय बन्दै गएको र समाजमा मानव भएर बााच्नुका सट्टा मान्छे पशु भएर बााच्दा सुखी भइने कुरा सोच्न बाध्य भएको अवस्थालाई देखाइएको छ ।

एक सय उन्नाइसौ क्रममा रहेको 'वन' शीर्षकको कथांशमा उपन्यासकारले मानिस समाजमा पनि एक्लो बन्दै गएको र उसलाई समाजमा बााच्नुभन्दा पनि वनमा गएर बााच्न पाए हुन्थ्यो भन्ने लागेको, देशमा वनको विनाश गरेर वन भन्न लायक जङ्गल नै नरहेको अवस्थाको चित्रण गर्दै मानिसमा नैराश्य बढ्दै गएको कुरासागै वन विनासले गर्दा विभिन्न आपत्तिहरूले मानव जीवन दुःखमय बन्दै गएको कुरालाई देखाएका छन् ।

एक सय बीसौ क्रममा 'दर्खास्त' शीर्षकको कथांश रहेको छ । यस शीर्षकमा एउटी धनी केटी पाउन सयौा युवाहरू दर्खास्त लिन लाम बसिरहेका ठाउामा 'ऊ' पात्र पुगेको, ऊ पात्रले केटाहरू लाम लाग्नुको रहस्य एउटा मान्छेबाट बुझेको, बाहिरी आवरणमा सजिएर सभ्य बनिएका युवाहरूले सबै कुरा उधारोमा लिएर केटी प्राप्त गर्न खोजेका, एउटा मान्छेले 'ऊ' पात्रलाई पनि उधारोमा कोट दिने कुरा गरेको र 'ऊ' पात्र कोटको प्रतीक्षामा रहेको कथानकलाई प्रस्तुत गरेर वर्तमान समयमा मानिसले व्यापार गर्नका लागि विभिन्न क्रियाकलापलाई आगाल्ने गरेको, युवाहरू कर्म नगरीकन कसरी धनी बनिन्छ भनेर धनी केटी प्राप्त गर्न लागि परेका, संसार देखावटीमय बनेको रहस्यलाई उपन्यासकारले प्रस्तुत गरेका छन् ।

एक सय एक्काइसौ क्रममा रहेको 'गुणधर्म' शीर्षकको कथांशमा 'ऊ' पात्र यात्रा गर्दै जाादा पिङ्गल नामक सहरमा पुगेको, जुन सहरमा पिङ्गला नामकी नपुंसकले सबैलाई आफ्नो बनाएको

देखेर ऊ छक्क परेको, केही मानिसहरूले नपुंसकता श्रापबाट भएको भन्ने गरेका, वैज्ञानिकहरूले हार्मोनका कमीले गर्दा यस्तो भएको भन्ने धारणा व्यक्त गरेको वर्णन गर्दै यसको अन्त्यका लागि समाजमा कोटिहोमको आयोजना गर्नु पर्ने कुरा दार्शनिकहरूले बताएको सन्दर्भबाट समाजका व्यक्तिहरू दुई धारमा रहेका, आधा समाज धर्म र आधा समाज विज्ञानतिर लागेको, समाजमा धर्मलाई पैसा कमाउने भाँडोका रूपमा विकास गरिँदै आएको वास्तविकतालाई नै उपन्यासकारले प्रस्तुत गरेका छन् ।

एक सय बाइसौं क्रममा रहेको 'दोषी' शीर्षकको कथांशबाट देशमा घुसखोरी तन्त्र बढ्दै गएको, ठूला पदमा बस्ने व्यक्तिले घुस खाएन भने ऊ अन्य कर्मचारीभन्दा अलग्गै रहने भएकाले सबै कर्मचारीहरूले घुस खाने गरेको, बाहिरी रूपमा सज्जन देखिने व्यक्तिहरूले भित्रभित्रै सबैभन्दा धेरै घुस खाने गरेको कुरा बताउँदै निबन्धकारले ठूला व्यक्तिहरूले नै घुस खाएर देशको अर्थतन्त्र नै तहसनहस बन्दै गएको कुरालाई उपन्यासकारले प्रस्तुत गरेका छन् ।

एक सय तेइसौं क्रममा 'एक्लो' शीर्षकको कथांश रहेको छ । यस कथांशमा एउटै समाजमा छिमेकीका रूपमा रहेका दुई मानिसहरू पहिला मित्र भए पनि अहिले शत्रु भएर बाँचिरहेको सन्दर्भलाई प्रस्तुत गर्दै समाजमा मिलेर बस्नु पर्नेमा मानिस मानिसमा शत्रुता र घमन्ड बढ्दै गएको, एकले अर्कालाई दबाउने प्रवृत्ति बढ्दै गएको कुरालाई उपन्यासकारले देखाएका छन् ।

एक सय चौबीसौं क्रममा 'ठाउँ' शीर्षकको कथांश रहेको छ । यस कथांशमा समाजमा चोरी, डकैती, जुवा, बलात्कार जस्ता घटनाहरू दिनदिनै बढिरहेका, रातदिन मानिसहरू भट्टीमा रक्सी खाएर जीवन बिताइरहेका, समाज खराब बन्दै गएको, मानिसहरूको सोचाइ पनि निकृष्ट बन्दै गएको कुरालाई नै विषयवस्तु बनाइएको छ ।

एक सय पच्चीसौँ क्रममा रहेको कथांश 'परिवर्तन' मा समाजमा सबैबाट निन्दित बनेको पात्र नै समाज सुधार्न लागेको, महान् उपदेशक भएर समाजलाई सपार्ने लागि परेको व्यक्तिले समाजलाई परिवर्तन गर्ने क्रममा भित्रभित्रै समाजलाई अधोगतितिर धकेल्दै गएको कथानकबाट समाज सुधारक भनाउँदाहरूले समाजलाई भित्रभित्रै बिगारिरहेका छन् । उनीहरूले समाजलाई देखाउने दाँत बाहिर देखिने भए पनि समाजलाई दबाउन दाँत चाहिँ भित्री रूपमा हुने गरेको यथार्थलाई देखाउन खोजिएको छ ।

एक छब्बीसौं अर्थात् यस सूत्र उपन्यासको अन्तिम कथांश 'फूलको आतङ्क' मा फूललाई सौन्दर्यको सूचक मानिए पनि वर्तमान समयका मान्छेहरू सौन्दर्यबाट नै आतङ्कित बन्दै गएको,

बाहिरी राम्रा देखिएका वस्तुहरू भित्र खतरनाक हुने भयले मानव जीवन त्रसित बन्दै गएको वास्तविकतालाई उपन्यासकारले प्रस्तुत गरेका छन् ।

यसरी यस उपन्यासको कथासूत्रमा आएका एक सय छब्बीस वटा कथांशहरूमा समग्रमा भन्नु पर्दा उपन्यासकार ध्रुवचन्द्र गौतमले उपन्यासको विषयवस्तुमार्फत वर्तमान समयका मान्छेहरूको सोचाइ, चिन्तन र मानिसको इच्छामा आउादै गरेको गलत प्रवृत्तिलाई प्रस्तुत गरेका छन् । रोग, भोकले गर्दा जनता सङ्कटग्रस्त अवस्थामा मान्छे जीवन धान्न बाध्य भएको अवस्थाको चित्रण गरिएको छ । यसरी नै धनाढ्य मानिसहरूले निमुखाहरूलाई दबाएर उनीहरूको आर्थिक अवस्था दयनीय बन्दै गएको, आजको मान्छे संवेदनाहीन बन्दै गएको, मानिस क्रूर र हिंस्रक बन्दै गएको अवस्थालाई चित्रण गरिएको छ । वर्तमान समयमा मानिसले कृत्रिमपनाले घेरिएको, सहजता, स्वाभाविकता प्राकृतिक वस्तुहरूबाट टाढा हुादै गएको, मान्छेहरूले आˆनो संस्कृतिलाई बिर्सेर विदेशी संस्कृतिलाई आगालिरहेको, केही मान्छेहरू भ्रष्टाचार गरेर चिल्ला गाडीमा कुदेको र सरकारले ऋण तिर्न विभिन्न वस्तुको मूल्य बढाउादा निमुखा गरिब जनताहरू मारमा परेको कुरालाई समेत उपन्यासमा देखाइएको छ । वर्तमान समयका मान्छेहरू खोक्रा आदर्शको सपनामा बााचिरहेका, नेताहरू जनतालाई झुक्याएर आफ्नो स्वार्थ पूर्ति गर्नपट्टि लागेका, जनताको पसिना लुटेर नेताहरू भौतिक रुपमा सम्पन्न बन्दै गएका तर ग्रामीण क्षेत्रमा जनताहरू भने रोग, भोक र शोकले पिल्सिरहनु पर्ने वास्तविकतालाई पनि उपन्यासले समेटेको छ ।

अनिकाल र शीतलहरमा अभागी जननताहरूले कष्ट काटिरहेको अवस्थामा नेताहरू भने ऐसआरामको जिन्दगी बिताइरहेका, जनताको दुःखलाई बेबास्ता गरेर अन्तर्राष्ट्रिय परिवेशमा रमाइरहेको, गरिबी र बेरोजगारी जीवनबाट निराश भएर कैयौा नेपाली जनताहरूले अकालमा मृत्यु वरण गर्नुपरेको यथार्थ, उच्च पदका कर्मचारीहरू धुस, भ्रष्टाचारमा पल्केकाले तल्लो स्तरका व्यक्तिहरूले हाकिमहरूको आदेश मान्नु परेको, नेपाल ठूलाबडाका लागि मोजमस्ती र सुखसुविधाको साधन र गरिबहरूको दुःखपीडा भोग्ने स्थल बनेको कुरालाई उपन्यासको कथावस्तुले स्पष्ट पारेको छ ।

वर्तमान समयम आतङ्कवादी गतिविधि बढ्दै गएको अवस्थालाई चित्रण गर्दै उपन्यासकारले मानव मानवबिच हराउादै गएको विश्वास, प्रेमका नाममा हुने गरेको विभिन्न खाले विकृति, प्रशासनिक क्षेत्रमा देखिएको अराजकता, राजनैतिक विकृति आदिको चित्रण समेत गरेका छन् । नेताहरूको स्वभाव, नेपाली राजनीतिको चित्रण र राजनीतिमा देखिएका अराजता, अन्याय, अत्याचार आदिलाई उपन्यासमा प्रस्तुत गरिएको छ । । उपन्यासका केही कथांशहरूमा राजनीतिका विकृति र

विसङ्गतिलाई खोतलेर नेपाली राजनीति, नेताहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । जनताहरूलाई चुसेर आˆनो भुाडी भर्न पल्केका नेताहरूलाई कानुनले पनि छुन नसकेको, कानुनी व्यवस्था पनि कमजोर हाुदै गएको अवस्थाको पनि चित्रण गरिएको छ । प्रशासक, न्यायका ठेकेदार, पुलिसहरू नै अमानवीय कार्यतिर लागेर कैयाैं युवतीहरूमाथि बलात्कार गर्न थालेको, हाकिमहरूले तल्लो स्तरका कर्मचारीहरूलाई मानसिक र शारीरिक शोषण गरेको अवस्था, देशमा महिला सशक्तीकरण र लैङ्गिक समानताको ढ्वाङ्ग फुक्ने मानिसहरूले नै महिलामाथि शोषण गर्ने गरेको, नेताहरू, कानुन व्यवसायीहरू छद्म भेष धारण गरेर समाजमा देखावटी व्यवहार गर्ने गरेको, मानवताको संरचनालाई धुजाधुजा बनाउादै देशलाई अधोगतितिर धेकेल्दै गरेको अवस्थाको चित्रण पनि उपन्यासमा गरिएको छ ।

वर्तमान समयमा मान्छेमा दया, माया र मानवीयता हराउादै गएको र मान्छेहरूमा क्रूर स्वभाव बढ्दै गएको कुरालाई प्रस्तुत गरिएको छ । सरकारका मानिसहरू जनताको पसिनामा रमाउादै गरेको अवस्थालाई प्रस्तुत गर्दै मान्छेहरूको प्रवृत्ति बदलिनु पर्ने सन्देश उपन्यासकारको रहेका छ । पश्चिमी शैलीमा रमाएर आˆनो संस्कृति बिर्सादै गएका मान्छेहरूले आˆनो संस्कृतिप्रति माया ममता व्यक्त गर्नुपर्ने कुरा पनि उठाइएको छ । कपितय कथांशहरूमा सहरिया समाजका विकृति र विसङ्गतिहरूलाई केलाउादै ती विकृतिहरूलाई निरुत्साहित गर्दै सहरिया समाजको परिवर्तन गर्नुपर्ने चाहना पनि उपन्यासकारले व्यक्त गरेका छन् ।

## ४.४ चरित्र

प्रस्तुत उपन्यासमा विभिन्न खाले पात्रहरूलाई उभ्याएको छ । कतै नेता, गरिब, प्रेमिका, प्रेमी आदि थुप्रै खाले पात्रहरूको उपस्थिति गराइएको यस उपन्यासका धेरैजसो कथासूत्रमा ‘ऊ’ पात्रलाई उभ्याइएको छ । समानता र असमानताका आधारमा ‘ऊ’ पात्र पनि विभिन्न परिवेश र चरित्रका रूपमा उभिएको छ । कुनै सूत्र कथामा ‘ऊ’ पात्र मुख्य पात्र भएर उभिएको छ भने कुनै कथासूत्रमा कहीा ऊ पात्र सहायक र कतै गौण भएर देखा परेको छ । उपन्यासमा प्रयोग भएका ‘ऊ’ पात्रहरू एउटै हुन् वा भिन्न हुन् भन्ने कुरा विचारणीय देखिन्छ । उपन्यासकारले अति सूक्ष्म सङ्केतद्वारा विभिन्न कथांशहरूमा प्रयोग भएका पात्रहरूको चारित्रिक विशेषतालाई दर्साएका छन् । परम्परित उपन्यासमा जस्तो पात्रको चरित्र केलाउन यहाा सम्भव छैन । उपन्यासकारले प्राय कथासूत्रका पात्रहरू सार्वनामिक रूपमा उभ्याएका छन् । यसरी नै यस उपन्यासमा ‘फूल’, ‘आत्महत्या’, ‘भोक’, ‘पानी’, ‘प्रेम’, ‘प्रेमिका’, ‘गरिबी’, ‘नोकरी’ शब्दहरूले पनि शीर्षकलाई जोड्ने प्रत्यक्ष सङ्केतको काम गरेका छन् । यसै गरी मुख्य पात्रको प्रत्यक्ष उल्लेख वा सहभागिता नभएका

शीर्षकहरूलाई चाहि अप्रत्यक्ष सूत्रद्वारा जोडेको पाइन्छ । त्यसैले उपन्यासकारले यस उपन्यासमा सबैको प्रतिनिधित्व गराउने उद्देश्यले समूहवाची पात्रहरूलाई उभ्याएका छन् ।

"पात्रनामका रूपमा प्रयुक्त उहीा सर्वनाम सबै शीर्षकहरूमा एउटै व्यक्ति पनि हुन सक्छ र कुनै कुनै शीर्षकमा भिन्न व्यक्ति पनि हुन सक्छ । नाम उहीा भए तापनि त्यहीा पात्र उहीा वा भिन्न हो भन्ने कुरा त्यस व्यक्तिमा पाइने अभिवृत्तीय र नैतिक गुण, दोषका आधारमा छुट्याउन सकिन्छ ।" (गौतम, २०६७ : ८)

यस उपन्यासभित्र जति पात्रहरू भेटिन्छन्, तिनले गर्ने काम, तिनले बोल्ने कुरालगायत तिनको चरित्रको यावत् विशेषताले गर्दा पाठकलाई ती पात्रहरू आफ्नो वरिपरिबाट नै टिपिएको जस्तो लाग्छ । असल र सोझा पात्रहरूदेखि लिएर ठग, लुच्चा, ढाटुवा, हरदम समाजका प्रभुत्वशाली व्यक्तिहरूको वरिपरि नै रहिरहन रुचाउने र तिनको चाकरी, चाप्लुसी गरी गरी आफ्नो स्वार्थ पुरा गर्न उद्यत भइरहने पात्र अनि आफूभित्र यौन दुराचारको दोष पालेर भेट्टाएसम्मका केटाकेटीको यौन शोषण गर्न अघि सर्ने पात्रहरू पनि गौतमको यस उपन्यासभित्र भेटिन्छन् । यसका अतिरिक्त राजनीतिको नाममा सधैा शक्ति हत्याउन मात्र नै आतुर भइरहने अनि भ्रष्टाचार र बेइमानी गर्न कत्ति नलजाउने पात्रहरू पनि गौतमका यस उपन्यासभित्र भेटिन्छन् । यस उपन्यासभित्र यी विभिन्न थरीका पात्रहरूको कार्यव्यापारका माध्यमबाट नेपाली समाज र समसामयिक नेपाली राजनीतिमा देखिरहेको विसङ्गतिपूर्ण यथार्थमाथि आलोचनात्मक दृष्टि उपन्यासकारले दिएका छन् ।

प्रस्तुत उपन्यासमा प्रयोग भएको पात्र बिचमा हराएर ठाउाठाउामा अन्य पात्र आएजस्तो लाग्छ । तर सुरुको हराएको त्यही पात्र अन्त्य नआउादै पुनः प्रकट भएर, छरिएझैं भएको कथासूत्रलाई प्रस्तुत गर्न थाल्छ । यसका कतिपय सूत्रहरूमा बिना पात्र नै भावाभिव्यक्ति गरिएको छ । पात्रहरूको यस स्वैच्छिक प्रयोग यस सूत्र उपन्यासमा पाइने उल्लेखनीय प्रवृत्ति हो । जातिवाचक, पदवाचक, सार्वनामिक र सङ्ख्याका आधारमा पात्रहरूको नामकरण गरिएको छ । यसमा प्रयुक्त पात्रहरू शिक्षित, अशिक्षित, बौद्धिक, सामान्य, क्रूर, निष्ठुर, शासक, शोसित, शोषक, शोषित आदि दैनन्दिन जनजीवनसाग मेल खाने खालका छन् । सत्भन्दा असत् र अनुकूलभन्दा प्रतिकूल चरित्रको प्रबलता पाइने यस कृतिका पात्रहरूले देशका सबै वर्ग, पेसा र क्षेत्रको प्रतिनिधित्व गरेका छ । यसरी उपन्यासका प्रयोग भएका पात्रका माध्यमबाट पनि उपन्यास सफल रहेको छ भन्न सकिन्छ ।

## ४.५ उद्देश्य

यस उपन्यासका कथांशहरूमा विभिन्न विषयवस्तुलाई दर्साइएको छ । गौतमले प्रायः सामाजिक विकृतिहरूको चित्रण गरेका छन् । सानामसिना घटनाहरूको पनि संयोजन गरी लेखिएका कथांशहरू प्रायः शीर्षक सार्थक हुन पुगेका देखिन्छन् । यी कथांशहरूमा सामाजिक, आर्थिक, शैक्षिक,

राजनैतिक, पारिवारिक विकृति र विसङ्गतिमा आधारित रहेका देखिन्छन् । व्यक्तिको मानसिकताको चित्रण गरेर त्यसबाट समाजको यथार्थ प्रस्तुत गर्नु उनको औपन्यासिक विशेषता बनेको देखिन्छ । परम्परागत उपन्यास लेखनको शैलीभन्दा बिलकुल विपरीत रहेर परिवार र ग्रामीण तथा सहरिया समाजमा घटेका र घटिरहेका अत्यन्त सामान्य मानिने घटनाहरूलाई नै आधार लिएर त्यसैबाट राष्ट्रिय परिचय दिने शिल्प उनमा रहेको देखिन्छ । निम्न स्तरदेखि उच्च स्तरसम्मका पात्रहरूको उपस्थित गराएर उपन्यासको कथानकको घटना निर्माण गरेका गौतमले पात्रस्तरको भाषाको प्रयोग पनि यी कथांशहरूमा गरेका छन् । **फूलको आतङ्क**मा उनिएका कथांशहरूमा पारिवारिक, सामाजिक, शैक्षिक, राजनैतिक र सांस्कृतिक पक्षमा देखिएका विकृति र विसङ्गतिको चित्रण गरेर यी पक्षका विकृतिहरूको अन्त्य हुनु पर्ने मूल विचार प्रस्तुत भएको छ ।

हाम्रो नेपाली समाज र पारिवारिक घटनाहरूलाई विषयवस्तु बनाई आˆनो प्रतिभाले रङ्ग्याएर रोचक पारमा रचना गर्न सक्ने उपन्यासकार ध्रुवचन्द्र गौतमले सबैले बेवास्ता गरेका सानातिना घटनाहरूलाई विषयवस्तु बनाई यी कथांशहरू निर्माण गरेका छन् । यस उपन्यासमा गाासिएका कथांशहरूमा सामाजिक, यौनमनोविज्ञान र मनोविज्ञानजस्ता कुरालाई पनि विषयवस्तु बनाएर सहर र ग्रामीण दुवै जनजीवनको पर्यवेक्षण गरेका छन् । समाजमा देखिएका अन्धविश्वास, रूढिवादी सङ्कीर्ण विचारधारा, कुरीति तथा अन्धपरम्परामा ग्रस्त नेपाली समाजको ह्रासोन्मुख स्थितिलाई पनि उनले यस उपन्यासका माध्यमबाट यथार्थ रूपले दर्साएका छन् । समाजमा भएका विकृति र विसङ्गतिमाथि उनको दृष्टि पर्न गएको छ । सङ्घर्षशील गरिब वर्गको दयनीय जीवनको यथार्थतालाई उनले वस्तुपरक ढङ्गमा प्रस्तुत गरेका छन् । सामाजिक खराबीहरूद्वारा प्रभावित नेपाली पारिवारिक जीवनका मार्मिक दुर्घटनाहरूलाई पनि उनले उपन्यासमा विषयबद्ध गरेका छन् । गौतमले हाम्रो देशका सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक, पारिवारिक आदि क्षेत्रमा रहेका विकृति तथा विसङ्गतिलाई उपन्यासमा उदिनेका छन् । सहरिया परिवेशमा डेरामा जीवन बिताउादा आइपर्ने समस्या, नारीमुक्ति र प्रगतिशीलताको अर्थ नबुझ्ी त्यत्तिकै विद्रोह गर्दा हुने सङ्कट, युवतीहरूको मनोव्यथा, गरिब परिवारमाथि धनी परिवारले गर्ने थिचोमिचो र छलकपट, प्रहरीहरूको ज्यादती आदि अनेक घटनाहरूलाई विषयवस्तु बनाई उनले उपन्यासमा प्रस्तुत गरेका छन् । उनी यस उपन्यासका माध्यमबाट समाजका यस्ता विकृति र विसङ्गतिहरूलाई निरुत्साहित गरी स्वस्थ समाजको निर्माण गरिनुपर्दछ भन्ने चाहना राख्दछन् । प्रस्तुत उपन्यासका माध्यमबाट उपन्यासकारले समाजमा रहेका विकृति र विसङ्गतिलाई कोट्याउादै समाज परिवर्तनको चाहना राखेका छन् । सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, पारिवारिक आदि क्षेत्रमा देखिएका समस्याहरूलाई निराकरण गरी समाज, राष्ट्र र विश्वको सामाजिक पुनर्संरचना परिवर्तन हुनुपर्दछ भन्ने मान्यतालाई उनले

उपन्यासमा व्यक्त गरेका छन् । विविध समस्याहरूसाग जुध्दै मानिसले जीवन सञ्चालन गर्नुपर्दछ, कुनै पनि सङ्कटमा आत्तिनु हुन्न भन्ने विचारलाई पनि उपन्यासमा व्यक्त गरिएको छ । आजको जीवन, समाज, व्यक्ति, राष्ट्र, परिवेश, सोचाइ, भोगाइ, गराइ, दुर्गति, दुर्नियति, विमित, अधोगति, कुसंस्कृति आदि कुरालाई धारिलो व्यङ्ग्य प्रहार समेत उपन्यासमा गरिएको छ । आजका मान्छेले जिउादै गरेको विसङ्गत पक्षको चित्रण पनि यस उपन्यासमा गरिएको छ । उपन्यासकारले यस उपन्यासमार्फत वर्तमान समयको कटु अवस्था, वर्तमान समयमा मानिसहरूको अवस्थाका साथै मानवीय मन मस्तिष्कमा रहेका धूर्तता, हीनता, असहिष्णुता, शत्रुता, पशुता, दुर्बलता, मलिनता, भीरुता, पङ्गुता, दुष्टता आदिको चित्रण गरिएको छ । मानिसले मानिसका निम्ति मानिस बााच्नका लागि गरेका याचनाका विभिन्न रूपहरू पनि उपन्यासमा व्यक्त भएका छन् । वर्तमान समयमा मानिसहरू आफ्नो नैसर्गिकतालाई बिर्सेर फूलबाट समेत आतङ्कित भएर बााचेका छन् भन्ने बेजोड सन्देश यस कृतिले दिएको छ । उपन्यासमा मान्छे भयावह रूपमा अप्राकृतिक अथवा प्रकृतिविहीन बन्दै गएको परिस्थितिलाई उपन्यासकारले प्रस्तुत गरेका छन् । आज मान्छे आफ्नो पशुत्व र हिंस्रकतालाई मानवीय बनाएर ह्रिंसक आनन्दको भोग गर्ने जमर्कोमा लागेको छ । निर्दोष सर्वसाधारण जनतालाई आफूभन्दा माथि उठ्न नदिने चाल रचिन्छ । यस्तो घृणित खेललाई राजनीतिले संरक्षण दिएको छ । अनि बुद्धिजीवी भनाउादा पनि बिक्री वितरण हुन थालेका छन् । तिनै बुद्धिजीवी विद्रोही बनेर नपुंसकताको लुगा लगाएर आरामसाथ दलाली गर्दै सांस्कृतिक र सभ्यताका नाउामा हिाडेका छन् भन्ने कुरालाई पनि उपन्यासमा देखाइएको छ ।

नेपाली आख्यान साहित्यमा श्यामव्यङ्ग्यका एक्ला प्रयोक्ता ध्रुवचन्द्र गौतमको प्रस्तुत कृतिलाई श्यामव्यङ्ग्यको विपुल भण्डार मान्न सकिन्छ । विभिन्न क्षेत्रमा व्याप्त विकृति र विसङ्गतिको पराकाष्ठालाई मर्मभेदी प्रहार गर्न सफल र कतिपय ठाउामा असहनीय पीडादायी मार्मिकता बोकेको यस प्रकारको श्यामव्यङ्ग्यको प्रयोगले प्रस्तुत कृति विशिष्ट, प्रभावकारी र ओजपूर्ण बनाइएको छ । प्रस्तुत सूत्र उपन्यासमा पनि पिङ्गलाको मिथकीय प्रयोग पनि सूत्रात्मक रूपमै गरेर समसामयिक युगका नेपालीहरूको नपुंसकताप्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन् ।

## ४.६ परिवेश

प्रस्तुत उपन्यासका घटनावलीहरू खास समय र खास ठाउाका हुन् भनेर किटन गर्न सकिने स्थिति छैन । यति हुादा हुादै पनि यसमा वर्तमान नेपालको सहरिया वातावरण र परिवेशको सङ्केतात्मक, प्रतीकात्मक, ध्वन्यात्मक र सूत्रात्मक अभिव्यक्तिचाहि भएकै भेटिन्छ । यस उपन्यासका सूत्रहरूमा मुख्ततः काठमाडौको सामाजिक परिवेश, खस्कादै गएका सांस्कृतिक

मूल्यहरू र गिर्दो मानवीय जीवनलाई जीवन ढङ्गले प्रस्तुत गरिएको छ । यसका कतिपय सूत्रहरूमा भोक, रोगले ग्रसित र नैतिक मूल्य पतन हुादै गएको समसामयिक नेपालको आर्थिक सामाजिक वातावरणको सटीक चित्रण पाइन्छ । यसरी परिवेशको निर्माणमा पाइने अमूर्तता, नवीनता र मौलिकताले गर्दा उपन्यासका सबै सूत्रहरू ओजपूर्ण देखिन्छन् ।

उपन्यासमा नेपाली समाजका विभिन्न अवस्थाको चित्रण गरेर देखाइएको छ । गरिबीको रेखामुनि बाच्न बाध्य जनताहरूको पीडा, सहरिया वातावरणमा देखिएका विकृति, भोका र नाङ्गाहरूको दरिद्र अवस्था, नेपाली प्रशासनिक क्षेत्रमा देखिएका विकृति तथा विसङ्गति, प्रेममा बढ्दै गएको अविश्वास, गाउाको अवस्था आदिलाई परिवेशका माध्यमबाट प्रस्तुत गरेका छन्, जस्तै :

"ऊ एउटा काम नपाएको मानिस थियो । काम पाउन उसले अनेकौा प्रयत्न गर्‍यो । काम ऊभन्दा सधैा एउटा दूरीमा बस्थ्यो । अन्त्यमा उसले एउटा निर्णय गर्‍यो । आजदेखि म काम खोज्दिना, पर्खेर बस्छु, कामले मलाई खोजोस् । आजसम्म कामले उसलाई खोजेको छैन, उही काम खोज्दै छ ।" (गौतम, २०६७ : २९) ।

यसरी वर्तमान समयमा बढ्दै गएको बेरोजगारी, नेपाली समाज तल्लो स्तरतिर खस्कादै गएको अवस्था, मान्छे भयावह रूपमा अप्राकृतिक अथवा प्रकृतिविहीन बन्दै गएको अवस्थालाई पनि उपन्यासकार परिवेशमा झल्काएका छन् । नेपाली बढ्दै गएको प्राकृतिक विनासले निम्त्याएका समस्या र ती समस्याहरूले मानव जीवन आक्रान्त बन्दै गएको परिस्थितिका साथै सभ्यता र संस्कृति हराउादै गएको अवस्थालाई पनि गौतमले आफ्ना उपन्यासमा परिवेशमार्फत दर्साएका छन् । आजको मान्छेले जीवनदेखि निराश भएर आफ्नो हत्या आफैा गर्न थालेको, प्रकृतिको बदलाको स्तरमा ओर्लेर भौतिकताको भोग गर्ने आडमा सभ्य रूपधारी हिंस्रक स्वभक्षी बनेको अवस्थालाई पनि उपन्यासकारले परिवेशमार्फत दर्साउन खोजेका छन्, जस्तै :

"ऊ आफ्नो जीवनलाई हेर्न थाल्यो । जीवनलाई उसले एउटा शत्रुजस्तो देख्यो, कारण जीवन उसको जीवनबाट बिदा भइसकेको थियो । आफन्तहरू कोही थिएन । उसले सोच्यो, यस्तो परिस्थितिमा जीवनलाई हेर्नु व्यर्थ हो । उसले आफैासाग प्रश्न गर्‍यो । जीवनलाई हेर्नु व्यर्थ हो भने जीवन पनि व्यर्थ हो । त्यसपछि उसले सोच्यो त्यसो भए आत्महत्या गर्नु सार्थक हुन्छ । उसले आत्महत्या गर्ने प्रयत्न गर्‍यो । त्यसै बखत आत्महत्याले भन्यो, मलाई सम्पन्न गरेर के हुन्छ ? म आजसम्म कसैका लागि सहायक भइना । उसले सोच्यो, 'म के गरौा त' आत्महत्याले भन्यो, 'तिमी

फूललाई बाँच' । उसले सोध्यो : 'किन ?' , आत्महत्याले भन्यो, 'किनभने फूलहरू आत्महत्या गर्दैनन् । त्यसपछि ऊ फूल हेरेर आफ्नो दिन काट्न थाल्यो ।" (गौतम, २०६७ : ४३) ।

यसरी यस उपन्यासमा समसामयिक यथार्थका मार्मिक पक्षहरूलाई प्रस्तुत गर्दै आजको जीवन, समाज, व्यक्ति, राष्ट्रको सोचाइ, भोगाइ, गराइ आदिको वास्तविकतालाई उपन्यासकारले यस उपन्यासको परिवेश बनाएका छन् । आजका मान्छेको विसङ्गति, दुर्गति, दुर्नियति, विमति, अधोगति, कुसंस्कृति आदिको चित्रण गर्दै उपन्यासकारले समग्र विश्वलाई नै उपन्यासको परिवेशमार्फत दर्साउन खोजेका छन् ।

## ४.७ दृष्टिबिन्दु

यस उपन्यासका सम्पूर्ण कथानकको कथयिता स्वयम् लेखक हुन् र उनी उपन्यासभन्दा बाहिर बसेर दृश्य एवम् मानसिक जगत्मा विचरण गरिरहेका देखिन्छन् भने कतै स्वयम् उपन्यासकार 'म' पात्रका रूपमा समेत उभिएका देखिन्छन् । उपन्यासकारले विभिन्न पात्रहरुलाई उभ्याएर ती पात्रहरूको उपस्थितिमा आफ्ना विचार र समाजमा घटेका घटाहरूको वर्णन गरेका वर्णन गरेका छन् । उपन्यासकारले प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै ती पात्रको आन्तरिक जीवनको चिनारी दिएका छन् । उपन्यासकारले कथानक बाहिर र कथानकभित्रै बसेर यस उपन्यासका सम्पूर्ण घटना तथा पात्रहरूको जीवन चरित्रका साथै मनोविज्ञानलाई सूत्रात्मक ढङ्गले प्रस्तुत गरेका छन्, जस्तै :

"सास फेर्न छाडुन्जेल ऊ जीवित मानिएको थियो । विज्ञानको चमत्कारले ऊ सास फेर्न थाल्यो । दुई चार सास फेर्नासाथ ऊ ढल्यो । डाक्टरहरुले सास फेर्दाफेर्दै पनि उसलाई मृत घोषित गरिदिए ।" (गौतम, २०६७ : ४३) ।

यस उदाहरणमा उपन्यासकार कथानकभन्दा बाहिर बसेर तृतीय पुरुष सर्वनामको प्रयोग गरेर पात्रको जीवन चरित्रको चित्रण गरेका छन् । यसरी यस कथासूत्रमा तृतीय पुरुषीय सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

यसरी उपन्यासका कतिपय कथासूत्रहरुमा उपन्यासकार स्वयम् 'म' पात्रका रूपमा उपस्थित भएर प्रथम पुरुषीय सर्वनामको प्रयोगबाट कथानकको विकास गरेका छन् । पात्र तथा नायकको रूपमा आएर अन्य पात्र तथा घटनाको बारेमा वर्णन गर्छ । उपन्यासकारले उपन्यासका केही सूत्रहरुमा आˆनै आत्मकथालाई पनि वर्णन गरेका छन्, जस्तै :

“मैले जीवनमा जेजे चिताए, चिताएको बेलामा कहिल्यै पुगेन, वर्षौंवर्षपछि मात्र पुग्यो । अब मृत्यु चिताइरहछु, त्यो पनि पुगिरहेको छैन, चिताएको कुरा चाँडो नपुग्ने नियम यसमा पनि लागू भएजस्तो छ ।” (गौतम, २०६७ : २८) ।

प्रस्तुत उदाहरणमा उपन्यासकार स्वयम् ‘म’ पात्रका रूपमा उभिएर आफ्ना भित्री भावनालाई नै कथानकका रूपमा प्रस्तुत गरेकाले यो कथासूत्रमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

यसरी यस उपन्यासको कथानक विभिन्न कथासूत्रबाट निर्मित भएकाले यस उपन्यासका कथासूत्रहरुमा दुवैखाले दृष्टिविन्दुहरुको प्रयोग भएको देखिन्छ । विशेष गरी बाह्य वा तृतीय पुरुष दृष्टिविन्दुको बाहुल्य रहेको भए पनि कतिपय कथासूत्रमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग पनि भएको पाइन्छ ।

## ४.८ भाषाशैली

विभिन्न बिम्ब, प्रतीकको प्रयोग गरेर उपन्यासको भाषालाई अझ कसिलो बनाउने गौतमले नेपाली समाजमा प्रचलित तत्सम, तद्भव र आगन्तुक शब्दहरू नै उपन्यासमा प्रयोग गरेका छन् । उपन्यास लेख्य भाषामा लेखे तापनि कतैकतै बोलीचाली र कथ्यभाषाको प्रभाव उपन्यासमा भेटिन्छ । छोटाछोटा वाक्यहरू र सरल भाषाको प्रयोग गरी लेखिएका सूत्र उपन्यासका सूत्रहरूमा सङ्क्षिप्ततालाई आगालिएको छ । स्वैरकल्पनाको प्रयोगका साथै श्यामव्यङ्ग्यको प्रयोग समेत गरेर लेखिएका उपन्यासका सूत्रहरूबाट प्रवाहित हुने दर्शनले कृति गहिरो र विशेष प्रभावकारी बनेको छ । विभिन्न क्षेत्रमा व्याप्त विकृति र विसङ्गतिको पराकाष्ठालाई मर्मभेदी प्रहार गर्न सफल र कतिपय ठाउमा असहनीय पीडादायी मार्मिकता बोकेको यस प्रकारको श्यामव्यङ्ग्यको प्रयोगले प्रस्तुत कृति विशिष्ट, प्रभावकारी र ओजपूर्ण बनाएको छ । अमूर्त वस्तुलाई मूर्त रूपमा उभ्याएर अवचेतन मनका कुराहरूलाई बाहिर निकाल्ने काम पनि उपन्यासमा भएको छ । सरल र सहज भाषाशैलीका माध्यमबाट प्रसङ्ग, परिस्थिति र स्थितिहरूको अत्यन्त सहज, सूक्ष्म र सोझो चित्रणबाट गहिराइमा बसेको भाव, अर्थ वा धारणालाई बाहिर निकालिएको छ ।

अभिधा, लक्षणा व्यञ्जना सबै गुणले ओतप्रोत भाषाको प्रयोग गर्न सफल उपन्यासकारले प्रयोग गरेको यस कृतिको भाषामा काव्यात्मक सौन्दर्य पाइन्छ । अत्यन्त अनौपचारिक ढङ्गमा प्रयुक्त सरल, सहज र सुबोध तर कलात्मक गुणले ओतप्रोत भाषाको प्रयोगले यस उपन्यासको कथ्यलाई अझ सशक्त, प्रभावकारी र जीवन बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । अङ्ग्रेजी शब्द

र वाक्य, अङ्ग्रेजी मिश्रित भाषा र प्रशस्त अध्याहार वाक्यहरूको प्रयोगले कृतिलाई सहज र स्वाभाविक तुल्याएको छ, जस्तै :

"उसले फूलको खेती गर्न चाह्यो । फूल लगायो । फूलले उसलाई कहिल्यै पनि सफल हुन दिएन । ऊ जति पनि फूल लगाउादथ्यो । सबै ओइलाएरै फुल्दथे ।" (गौतम, २०६७ : २९) ।

यसका कुनै कुनै सूत्रहरूमा नाटकीय संवादको प्रयोग गरिएको छ । यसमा प्रयुक्त संवादहरू परिवेश र बौद्धिक पात्रले बोलेका संवादमा बौद्धिक चिन्तन र अभिव्यक्ति भेटिन्छ भने अबौद्धिक पात्रका संवादमा त्यस्तो भैटिादैन । यसमा प्रयुक्त छोटा र सरिता संवाद योजनाले औपन्यासिक सूत्रहरूलाई रोचक, मोहक, कवितात्मक र मिठासपूर्ण बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । युगीन जीवनका विसङ्गतिहरूलाई सुन्दर ढङ्गमा सरस, पठनीय र अनौपचारिक भाषाशैलीमा सूत्रात्मक र कलात्मक पाराले प्रस्तुत गरिएको यस कृतिमा कथा र उपन्यास दुवै विधाको समन्वयसमेत पाउन सकिन्छ, जस्तै :

"ऊ शोकसभामा जानदेखि आफूलाई जोगाइरहेको थियो । कारण, ऊसित शोकसभाका निम्ति आासु किन्ने पैसा थिएन ।" (गौतम, २०६७ : ४०) ।

यसरी छोटाछोटा वाक्य र छोटा छोटा कथांशहरूमार्फत उपन्यासको भाषाशैलीलाई सरल, सुस्पष्ट र आकर्षक बनाएका छन् ।

## ४.९ सूत्र उपन्यासका रूपमा 'फूलको आतङ्क' उपन्यास

ध्रुवचन्द्र गौतमको प्रस्तुत उपन्यास **फूलको आतङ्क**लाई मोहनराज शर्मा, गोविन्दराज भट्टराई, लक्ष्मण गौतम, शैलेन्द्र साकार, राजेन्द्र सुवेदी एवम् स्वयम् उपन्यासकारलगायत अन्य साहित्यकारहरूले सूत्र उपन्यासका रूपमा विश्लेषण गर्ने जमर्को गरेका छन् । सूत्र उपन्यासको सिद्धान्तका बारेमा स्वयम् उपन्यासकार ध्रुवचन्द्र गौतमले भनेका छन् :

*सूत्र उपन्यास साहित्यको सर्वथा नवीन शैली र रचना प्रकार हो । सूत्र हाम्रा प्राच्य धर्मग्रन्थहरूमा अधिक मात्रामा प्रयोग हुने अभिव्यक्ति हो । यसलाई 'सूत्र' बनाउनमा तिनै 'सूत्रवाक्य' ले भूमिका खेलेका हुन्छन् । त्यसकारण यो न बाह्य हो न वायवीय नै हो । सूत्रात्मक अभिव्यक्तिले अतल गहिराइमा अर्थ, भाव वा धारणालाई सतहमा ल्याउन सहजीकरण गर्दछ । सूत्र उपन्यासमा वा सूत्रात्मक अभिव्यक्तिमा लाक्षणिकता वा अभिव्यक्तिगत, प्रस्तुतिगत, व्यञ्जना नहुने भन्ने होइन तर त्यसमा घुमाउरो नभएर सरलता हुनु पर्दछ । यदि घुमाउरोपन देखिए पनि परम्परितभन्दा फरक किसिमको हुनु पर्दछ ।* (गौतम, २०६७ : २०)।

यस सिद्धान्तअनुसार हेर्दा यस उपन्यासमा पनि विभिन्न २२६ वटा सूत्रहरूद्वारा यो कृति निर्माण भएको छ । सरल रूपमा लेखिएका यी सूत्रहरू एक अर्कामा स्वतन्त्र र फरक देखिए पनि आन्तरिक रूपमा सम्बन्धित रहेका छन् । उनको सैद्धान्तिक भनाइ र यस कृतिमा प्रयुक्त घटकहरू उस्तै रहेकाले उनले यस उपन्यासलाई सूत्र उपन्यासका रूपमा सिद्ध गर्न खोजेको कुरा पुष्टि हुन्छ ।

यसै गरी यस उपन्यासलाई साहित्यकार मोहनराज शर्माले सूत्र उपन्यासका रूपमा पुष्टि जमर्को गरेका छन् । मोहनराज शर्मा भन्छन् :

*"यो सूत्र उपन्यास सिङ्गो रचना हो । यस अन्तर्गतका सबै कथाहरू आफैमा स्वतन्त्र भए पनि ती आफूभन्दा ठुलो संरचनाको निर्माण गर्दा त्यहीा ठुलै संरचनाका अङ्ग वा अवयवझौ हुन पुग्छन् । यो अपूर्ण नभएर पूर्ण रचना हो । अन्य पूर्ण रचनाझै सूत्र उपन्यासको कथानकको आदि, मध्य र अन्त्यको आयाममा नदेखिए पनि यो उपन्यास पनि आदि, मध्य र अन्त्यको शृङ्खलामा बााधिएको हुन्छ । सूत्र उपन्यास कहीाबाट सुरु हुने र कहीा अन्त्य हुने हुादा यसको संरचना पनि पूर्ण हुन्छ ।" (गौतम, २०६७ : ४-१४)*

मोहनराज शर्माले उपर्युल्लिखित सूत्र उपन्यासको सैद्धान्तिक स्वरूप निर्माण गर्दै यो सिद्धान्तमा **फूलको आतङ्क** उपन्यासमा घटाउन सकिने कुरा बताएर यस उपन्यासलाई सूत्र उपन्यासका रूपमा पुष्टि गर्ने जमर्को समेत गरेका छन् ।

त्यसरी नै साहित्यकार गोविन्दराज भट्टराईले पनि यस उपन्यासलाई सूत्र उपन्यासका रूपमा व्याख्या गर्न जमर्को गरेका छन् । गोविन्दराज भट्टराई भन्छन् :

*"सूत्र उपन्यास संरचना, शैली, दर्शनका दृष्टिकोणले हेर्दा उत्तर आधुनिक दर्शनको नजिक रहेको आभास हुन्छ । त्यसै गरी विधा भञ्जनका दृष्टिले हेर्दा यो निनिर्माणवादबाट पनि प्रभावित रहेको देखिन्छ ।"*

गोविन्दराज भट्टराईले उत्तर आधुनिक दर्शनलाई आगालेर लेखिएको यस उपन्यासमा हाम्रो वर्तमानलाई सिधै र प्रतीकात्मक रूपले प्रस्तुत गर्न यो उपन्यास सफल रहेको कुरा बताएका छन् । त्यसै गरी **फूलको आतङ्क**ले उत्तर आधुनिक दर्शनको र लेखनको सर्वोत्कृष्ट प्रमाण प्रस्तुत गरी नेपाली उपन्यास लेखनको आजसम्मको अन्तिम र नवीनतम बिसौनी प्राप्त गरेको कुरा उल्लेख गरेका छन् । यो प्रयोगमाथिको प्रयोग हो । यसले सिर्जनात्मक चिन्तनका अनेकौ ढोका एकैचोटि उघार्दछ । यसले नयाा समालोचनात्मक प्रतिक्रियाको आवश्यकता देखाउादछ । यसले उत्तर

आधुनिक चिन्तनसाग जोडिएको सिर्जनात्मक नवीनतालाई नेपाली साहित्यमा स्थापित गराउादछ भनेका छन्  (गौतम, २०६७ : १००) ।

लक्ष्मण गौतमले पनि यस उपन्यासलाई सूत्र उपन्यासका रूपमा व्याख्या गर्दै संरचना, शैली र दर्शनका दृष्टिले उत्तर आधुनिक दर्शनकै उत्कृष्ट एवम् विधा भञ्जनको सार्थक नमुना कृतिका रूपमा मूल्याङ्कन गरेका छन्  (गौतम, २०६६ : ५७) ।

यसरी यस उपन्यासलाई विभिन्न विद्वान्हरूले सूत्र उपन्यासको सामान्य सिद्धान्त राखेर त्यस सिद्धान्तका आधारमा उपन्यासको विश्लेषण गर्न खोजेका छन् । सूत्र उपन्यासका आधारमा केही विद्वान्हरूले **फूलको आतङ्क** उपन्यासको टीकाटिप्पणी र विश्लेषण गरेको भए तापनि सूत्र उपन्यासको आजसम्म कुनै पनि सैद्धान्तिक आधार निर्माण नभएको हुादा यस उपन्यासलाई परम्परित र सैद्धान्तिक आधारमा नै विश्लेषण गरिएको छ ।

## ४.१० निष्कर्ष

नेपाली आख्यानका क्षेत्रमा नवनिर्माता र नवप्रवर्तक रूपमा आफ्नो कीर्तिमान कायम गर्न सफल उपन्यासकार ध्रुवचन्द्र गौतमको **फूलको आतङ्क** उपन्यासजगत्मै विशिष्ट स्थान हासिल गर्न सफल उपन्यास हो । प्रस्तुत उपन्यासमा उपन्यासकारले सामाजिक अन्याय, अत्याचार, अमानवीयता, शोषण, क्रूरता, अप्रजातान्त्रिक गतिविधिलाई प्रस्तुत गर्दै वर्तमान मान्छेका युग जीवनमा केन्द्रित नैराश्य, पीडा, प्रदूषण, विसङ्गति र अर्थहीन जीवन भोगाइप्रति लक्षित गर्दै मानवीय आत्माको छटपटाहटमा केन्द्रित बनेको कुरालाई नै प्रस्तुत गरेका छन् । त्यसरी नै वर्तमान मुलुकको राजनीतिक र सामाजिक परिदृश्यलाई नजिकै नियाल्दै उपन्यासकारले मान्छेको पीडालाई गहिराइसम्म पुगेर सूत्रात्मक ढङ्गले मानवीय जीवनका विसङ्गतिपूर्ण जीवन भोगाइलाई प्रस्तुत गरेका छन् । आजको मान्छेका सोचाइ, गराइ, जीवन पद्धतिहरू अप्राकृतिक बन्दै गएको कुरालाई पनि उपन्यासमा प्रस्तुत गरिएको छ । आजको सामान्य नागरिकको जीवन चारैतिर आतङ्क, अन्योल, निराश र भयले ग्रसित बनेको कुरालाई नै मुख्य सन्देशका रूपमा यस उपन्यासमा प्रस्तुत गरिएको छ । यसका साथै मानिस हृदयशून्य भएकाले संवेदनाहीन बन्दै गएको छ । विसङ्गति जीवन भोगाइले गर्दा मानव मन नै विसङ्गत बन्दै गएको छ । वैज्ञानिक प्रविधिको विकासको प्रभावले गर्दा मानिस आक्रामक, दुष्ट, नीच, असहिष्णु, स्वार्थी, धूर्त र नपुंसक बन्दै गएको छ । यी गुणहरूले गर्दा मानिसले पशुकै प्रवृत्तिहरू आगाल्न थालेको छ । यस सूत्र उपन्यासमा पनि पिङ्गलानामक चरित्रलाई उभ्याएर उपन्यासकारले आजको मान्छेको चरित्र द्वैध प्रकारको बन्दै गएको कुरालाई पनि उपन्यासमा प्रस्ट पारेका छन् ।

वर्तमान जीवनका कृत्रिमताको सहारा लिएर बााच्न विवश भई प्राकृतिक जीवन पद्धतिबाट विमुख हुादै गइरहेको आजको प्रत्येक मान्छेलाई प्रकृतिको सुन्दर एवम् कोमल वस्तु फूलले समेत आतङ्कित पारिरहेको छ भन्ने मूल भावलाई नै उपन्यासकारले यस उपन्यासमार्फत प्रस्तुत गरेका छन् ।

अनौपचारिक सरल र सहज भाषाशैलीको प्रयोग गरिएको यस उपन्यासमा उपन्यासकारले जातिगत, पदवाचक र सार्वनामिक पात्रहरूलाई उभ्याएर मानव जीवनदेखि लिएर पुरै समाजिक, राजनीतिक, शैक्षिक, प्रशासनिक, सांस्कृतिक क्षेत्रका विविध विकृतिहरूलाई उदाङ्गो पारेर देखाउादै समाज सुधारको चाहना राखेका छन् ।

# पााचौ परिच्छेद

## उपसंहार

**पहिलो परिच्छेद** अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखासम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद** अन्तर्गत ध्रुवचन्द्र गौतमको सङ्क्षिप्त परिचयसागै उनको उपन्यास यात्रा प्रस्तुत गरिएको छ । ध्रुवचन्द्र गौतमको जन्म वि. सं. २०००, पुस २ गते भारतको रक्सौलमा भएको हो । यिनी भारतमा जन्मेका भए पनि यिनको बाल्यकाल चाहि वीरगन्जका विभिन्न स्थानहरूको वातावरणसाग खेल्दै बितेको देखिन्छ । वर्तमानको जस्तो शिक्षा लिने उपयुक्त वातावरण नभए तापनि ध्रुवचन्द्र गौतमले सानै उमेरदेखि अध्ययन गर्न थालेको देखिन्छ । केशवप्रसाद आचार्य नामका गुरुबाट अक्षरारम्भदेखि सामान्य लेखपढ गर्न गौतमले सिकेका थिए । गौतमको औपचारिक शिक्षा भने त्रिजुद्ध स्कुल वीरगन्जबाट सुरु भएको हो । गौतमले पीएच्डीसम्मको अध्ययन पूरा गरेका छन् ।

ध्रुवचन्द्र गौतमको पारिवारिक आर्थिक अवस्था प्रारम्भमा निकै कमजोर रहेको थियो । बुबाको परिश्रम र पौरखी व्यवहारले पछि आर्थिक अवस्था केही सुधार हुादै आएको देखिन्छ । २०२४ सालदेखि प्राध्यापन पेसामा संलग्न भएपछि लामो समय डेरामा जीवन बिताएका गौतमले आˆनो प्राध्यापन पेसाको कमाइले चुच्चेपाटीमा एउटा घर किनेर बस्न सफल भएका छन् ।

अत्यन्त सरल र मिजासिलो स्वभावका गौतम त्यत्तिकै इमानदार, सहयोगी र मिलनसार पनि छन् । सामान्य खाना, साधारण पहिरनमै सन्तुष्ट हुने यिनी साहित्यसिर्जना, चिन्तनमनन र साहित्यिक तथा वैचारिक अध्ययनमा रुचि राख्दछन् । गौतम कार्यक्षेत्रका दृष्टिले साहित्यिक र शैक्षिक क्षेत्रमा संलग्न भएका व्यक्ति हुन् । २०२४ सालको जेठदेखि त्रिचन्द्र क्याम्पसमा स्थायी रूपमा उपप्राध्यापक भई शिक्षण पेसा थालेका हुन् । त्यसपछि विश्वविद्यालयमा सरुवा भई २८ वर्ष प्राध्यापन गरेका गौतमले साझा प्रकाशनको महाप्रबन्धक भई कार्य सम्पादन गरेका छन् ।

गौतमले स्वदेश र विदेश गरी धेरै स्थानहरूको भ्रमण गरिसकेका छन् । उनका धेरैजसो भ्रमण साहित्यिक सन्दर्भसाग गाासिएका छन् । उनले भारत, थाइल्यान्ड, हङकङ, चीन, जर्मन, स्कटल्यान्ड र क्यानडाजस्ता देशहरूको भ्रमण गरिसकेका छन् । साहित्यको सेवा गरेबापत् गौतमले

विभिन्न पुरस्कार र सम्मान पनि पाएका छन् । साहित्यसाधना, सामाजिक कार्य, सम्पादक, लेखन आदि गौतमका जीवनका मूल कार्यहरू हुन् । मानवले स्वतन्त्रपूवर्क बाँच्न पाउनुपर्दछ । कसैको दास भएर मानवता गुमाउनु हुन्न । कुनै आशा नगरी कुनै क्षेत्रमा पनि सङ्घर्ष गऱ्यो भने अवश्य सफलता प्राप्त हुन्छ । कर्म गर्दै जानुपर्छ र जीवनमा जेजस्ता अप्ठ्यारा आइपर्छन् तिनीहरूको पनि सामना गर्नुपर्दछ, भन्ने धारणा गौतमको रहेको छ । जीवनलाई क्रियाशील, सङ्घर्ष र परिवर्तनकारी रूपमा हेर्ने गौतम बहुप्रतिभा सम्पन्न व्यक्ति हुन् । बाह्य रूपमा मझौला कद, गहुँगोरो वर्ण, सालाखालामा खाइलाग्दो चिटिक्क परेको निकै प्रभावशाली र आकर्षक देखिने उनी शारीरिक रूपले स्वस्थ देखिन्छन् ।

यसै परिच्छेदमा गौतमको उपन्यास यात्राको पनि निरूपण पनि गरिएको छ । साहित्यका विविध विधामा कलम चलाएका गौतमले उपन्यास विधामा प्रशस्त कलम चलाएका छन् । २०२४ सालदेखि उपन्यास लेख्न थालेका गौतमको उपन्यास यात्रालाई तीन चरणमा विभाजन गरी अध्ययन गरिएको छ । २०२४ देखि २०३३ सालसम्म गौतमको उपन्यास यात्राको प्रथम चरण रहेको देखिन्छ भने २०३४ देखि २०५२ सम्मको समयावधि गौतमको उपन्यास यात्राको दोस्रो चरण रहेको छ । यसै गरी २०५३ सालदेखि हालसम्मको अवधि गौतमको उपन्यास यात्राको तेस्रो चरण रहेको छ । तीन वटै चरणमा गौतमले विविध विशेषता र विषयवस्तु ग्रहण गरी उपन्यासहरू रचना गरेका छन् ।

**तेस्रो परिच्छेद**अन्तर्गत उपन्यासको सैद्धान्तिक स्वरूप र तत्त्वहरुको चर्चा गरिएको छ । संस्कृत साहित्य, पाश्चात्य साहित्य हुँदै वि. सं. १८२७ देखि नेपाली साहित्यमा उपन्यास विधा प्रारम्भ भएको कुरा उल्लेख गर्दै उपन्यासका तत्त्वहरूको पनि निर्धारण परिएको छ । जसअन्तर्गत विषयवस्तु, चरित्र, उद्देश्य, परिवेश, दृष्टिविन्दु र भाषाशैलीको परिचय दिइएको छ ।

चौथो परिच्छेदमा ध्रुवचन्द्र गौतमको बाह्रौं उपन्यास **फूलको आतङ्क** विश्लेषण गरिएको छ । उपन्यासको कथासूत्रमा आएका एक सय छब्बीस वटा कथांशहरूमा उपन्यासकारले विषयवस्तुमार्फत वर्तमान समयका मान्छेहरूको सोचाइ, चिन्तन र मानिसको इच्छामा आउँदै गरेको गलत प्रवृत्तिलाई प्रस्तुत गरेका छन् । रोग, भोकले गर्दा जनता सङ्कटग्रस्त अवस्थामा मान्छे जीवन धान्न बाध्य भएको अवस्थाको चित्रण गरिएको छ । यसरी नै धनाढ्य मानिसहरूले निमुखाहरूलाई दबाएर उनीहरूको आर्थिक अवस्था दयनीय बन्दै गएको, आजको मान्छे संवेदनाहीन बन्दै गएको, मानिस क्रूर र हिंस्रक बन्दै गएको अवस्थालाई चित्रण गरिएको छ । वर्तमान समयमा

मानिसले कृत्रिमपनाले घेरिएको, सहजता, स्वाभाविकता प्राकृतिक वस्तुहरूबाट टाढा हुादै गएको, मान्छेहरूले आ˜नो संस्कृतिलाई बिर्सेर विदेशी संस्कृतिलाई आगालिरहेको, केही मान्छेहरू भ्रष्टाचार गरेर चिल्ला गाडीमा कुादेको र सरकारले ऋण तिर्न विभिन्न वस्तुको मूल्य बढाउादा निमुखा गरिब जनताहरू मारमा परेको कुरालाई समेत उपन्यासमा देखाइएको छ । वर्तमान समयका मान्छेहरू खोक्रा आदर्शको सपनामा बााचिरहेका, नेताहरू जनतालाई झुक्याएर आफ्नो स्वार्थ पूर्ति गर्नपट्टि लागेका, जनताको पसिना लुटेर नेताहरू भौतिक सम्पन्न बन्दै गएको तर ग्रामीण क्षेत्रमा जनताहरू भने रोग, भोक र शोकले पिल्सिरहनु पर्ने वास्तविकतालाई पनि उपन्यासले समेटेको छ ।

अनिकाल र शीतलहरमा अभागी जननताहरूले कष्ट काटिरहेको अवस्थामा नेताहरू भने ऐसआरामको जिन्दगी बिताइरहेका, जनताको दुःखलाई बेबस्ता गरेर अन्तर्राष्ट्रिय परिवेशमा रमाइरहेको, गरिबी र बेरोजगारी जीवनबाट निराश भएर कैयौा नेपाली जनताहरूले अकालमा मृत्यु वरण गर्नुपरेको यथार्थ, उच्च पदका कर्मचारीहरू घुस, भ्रष्टाचारमा पल्केकाले तल्लो स्तरका व्यक्तिहरूले हाकिमहरूको आदेश मान्नु परेको, नेपाल ठूलाबडाका लागि मोजमस्ती र सुखसुविधाको साधन र गरिबहरूको दुःखपीडा भोग्ने स्थल बनेको कुरालाई उपन्यासको कथावस्तुले स्पष्ट पारेको छ ।

वर्तमान समयम आतङ्कवादी गतिविधि बढ्दै गएको अवस्थालाई चित्रण गर्दै उपन्यासकारले मानव मानवबिच हराउादै गएको विश्वास, प्रेमका नाममा हुने गरेका विभिन्न खाले विकृति, प्रशासनिक क्षेत्रमा देखिएको अराजकता, राजनैतिक विकृति आदिको चित्रण समेत गरेका छन् । नेताहरूको स्वभाव, नेपाली राजनीतिको चित्रण र राजनीतिमा देखिएका अराजता, अन्याय, अत्याचार आदिलाई उपन्यासमा प्रस्तुत गरिएको छ । । उपन्यासका केही कथांशहरूमा राजनीतिका विकृति र विसङ्गतिलाई खोतलेर नेपाली राजनीति, नेताहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । जनताहरूलाई चुसेर आ˜नो भाुडी भर्न पल्केका नेताहरूलाई कानुनले पनि छुन नसकेको, कानुनी व्यवस्था पनि कमजोर हुादै गएको अवस्थाको पनि चित्रण गरिएको छ । प्रशासक, न्यायका ठेकेदार, पुलिसहरू नै अमानवीय कार्यतिर लागेर कैयौ युवतीहरूमाथि बलात्कार गर्न थालेको, हाकिमहरूले तल्लो स्तरका कर्मचारीहरूलाई मानसिक र शारीरिक शोषण गरेको अवस्था, देशमा महिला सशक्तीकरण र लैङ्गिक समानताको ढ्वाङ्ग फुक्ने मानिसहरूले नै महिलामाथि शोषण गर्ने गरेको, नेताहरू, कानुन व्यवसायीहरू छद्म भेष धारण गरेर समाजमा देखावटी व्यवहार गर्ने गरेको, मानवताको संरचनालाई धुजाधुजा बनाउादै देशलाई अधोगतितिर धकेल्दै गरेको अवस्थाको चित्रण पनि उपन्यासमा गरिएको गरिएको छ ।

वर्तमान समयमा मान्छेमा दया, माया र मानवीयता हराउादै गएको र मान्छेहरूमा क्रूर स्वभाव बढ्दै गएको कुरालाई प्रस्तुत गरिएको छ । सरकारका मानिसहरू जनताको पसिनामा रमाउादै गरेको अवस्थालाई प्रस्तुत गर्दै मान्छेहरूको प्रवृत्ति बदलिनु पर्ने सन्देश उपन्यासकारको रहेका छ । पश्चिमी शैलीमा रमाएर आ^नो संस्कृति बिर्सादै गएका मान्छेहरूले आ^नो संस्कृतिप्रति माया ममता व्यक्त गर्नुपर्ने कुरा पनि उठाइएको छ । कपितय कथांशहरूमा सहरिया समाजका विकृति र विसङ्गतिहरूलाई केलाउादै ती विकृतिहरूलाई निरुत्साहित गर्दै सहरिया समाजको परिवर्तन गर्नुपर्ने चाहना पनि उपन्यासकारले व्यक्त गरेका छन् ।

समाजका बिचबाटै टिपेर राखिएका पात्रहरू प्रायः सहरिया परिवेशका रहेका छन् । मन्त्री, प्रेमी, प्रेमिका, बटुवा, भरिया, डाक्टर, कर्मचारी, नेताजस्ता पात्रहरूलाई उभ्याइएको यस कथासूत्रका उपन्यासमा प्रायः कथासूत्रमा 'ऊ' पात्रलाई मुख्य रूपमा उभ्याइएको छ । निमुखा जनताहरू तथा शोषकहरूलाई पनि यस कथासूत्रका कथांशमा पात्रका रूपमा चित्रण गरिएको छ । व्यक्तिका नामलाई तोकेर कुनै पनि कथांशमा पात्रलाई उभ्याइएको छैन । समूहवाची वा सार्वनामिक प्रतिनिधि पात्रहरूलाई नै उपन्यासकारले यस उपन्यासमा प्रमुख भूमिकाका रूपमा उभ्याएका छन् ।

उपन्यासको परिवेश निश्चित गर्न सकिने अवस्था छैन । जहाा र जुनसकै स्थानमा पनि सुहाउादो परिवेशलाई उभ्याएर उपन्यासकार सामाजिक यथार्थका साथै प्रशासनिक, शैक्षिक, राजनैतिक, आर्थिक, सांस्कृतिक क्षेत्रका विकृतिहरूलाई केलाएका छन् । एउटै कथासूत्रमा पनि कतिपय अवस्थामा ग्रामीण एवम् सहरिया दुवै परिवेशलाई समेत समेटिएको यस उपन्यासका कथासूत्रमा विशेष गरी समाजलाई नै परिवेश बनाइएको छ ।

दृष्टिबिन्दुका रूपमा उपन्यासको विश्लेषण गर्दा प्रायः तृतीय तथा बाह्य दृष्टिबिन्दुमा उपन्यासका कथांशहरूका पात्रहरू देखिएका छन् भने केही कथासूत्रहरुमा प्रथम पुरुष दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ । सरल, सहज एवम् अनौपचारिक भाषाशैलीको प्रयोग गरेर लेखिएका उपन्यासका कथासूत्रमा श्यामव्यङ्ग्यको बेजोड रूपमा प्रस्तुत गरिएको छ ।

यसरी **फूलको आतङ्क** उपन्यासमा समाजका विकृतिहरूलाई चित्रण गरेर लेखिएको यो उपन्यासबाट उपन्यासकारले वर्तमान समयको त्रासदीपूर्ण अव्यवस्थित समाजको चित्रण गर्दै त्यसबाट समाजलाई मुक्त गराउनु पर्ने मुख्य सन्देश प्रस्तुत गरेका छन् । वर्तमान समयमा मानिसहरू प्राकृतिकभन्दा अप्राकृतिक वस्तुको मोहतिर ढल्किएका, जीवनको मूल्यलाई नबुझेर निस्सारता र विसङ्गतिपूर्ण जीवन जिउन थालेका, एकआपसमा मानवता र विश्वास शून्य बन्दै गएको अवस्थाको चित्रण गर्दै समाज सुधारको चाहनाका साथै मानिसका व्यवहारहरू सकारात्मक

पथतिर परिवर्तन हुनु पर्ने सन्देश पनि उपन्यासले दिएको छ । यस उपन्यासमा उपन्यासकार गौतमले आफूले भोगेका, देखेका, सुनेका र अनुभव गरेका ग्रामीण तथा सहरिया वातावरणका विषयवस्तु ग्रहण गर्दै तत्कालीन परिवेशका कुरालाई नै विषयवस्तु बनाएर लेखिएको प्रस्तुत उपन्यासमा उत्तरआधुनिकताको मोहमा गाासिदै गएको नेपाली समाजलाई उतार्न उपन्यासकार सफल भएका छन् । प्रस्तुत उपन्यासमा उपन्यासकारले सामाजिक अन्याय, अत्याचार, अमानवीयता, शोषण, क्रूरता, अप्रजातान्त्रिक गतिविधिलाई प्रस्तुत गर्दै वर्तमान मान्छेका युग जीवनमा केन्द्रित नैराश्य, पीडा, प्रदूषण, विसङ्गति र अर्थहीन जीवन भोगाइप्रति लक्षित गर्दै मानवीय आत्माको छटपटाहटमा केन्द्रित बनेको कुरालाई प्रस्तुत गरेका छन् । त्यसरी नै वर्तमान मुलुकको राजनीतिक र सामाजिक परिदृश्यलाई नजिकै नियाल्दै उपन्यासकारले मान्छेको पीडालाई गहिराइसम्म पुगेर सूत्रात्मक ढङ्गले मानवीय जीवनका विसङ्गतिपूर्ण जीवन भोगाइलाई प्रस्तुत गरेका छन् । नौलो र नवीन चिन्तनलाई आगालेर लेखिएको यस सूत्रकथा उपन्यास **फूलको आतङ्क**ले उपन्यासकार ध्रुवचन्द्र गौतमलाई एक नवीन आख्यानकारका रूपमा उभ्याउन सफल भएको  छ ।

## सन्दर्भ ग्रन्थ सूची


अर्याल, अम्बिका, 'फूलको आतङ्क उपन्यासमा विनिर्माणवाद', **दोभान**, (१२/३, २०६८), पृ. १३३-१४६ ।

गोर्खाली, रमेश, 'उपन्यासविधाको चामत्कारिक कृति : भीमसेन-४ को खोजी' **समकालीन साहित्य,** ( वर्ष १४, अङ्क ४, साउन-भदौ-असोज, २०६१) पृ. ८१-८७) ।

गौतम, कृष्ण, 'नेपाली उपन्यास परम्परामा एक नौलो आयाम डापी', **रूपरेखा,** वर्ष ५८, अङ्क ५), २०३४ ।

गौतम, ध्रुवचन्द्र **मौन**, काठमाडौं : प्रतिभा प्रकाशन, २०५७ ।

.........................., २०६७ **फूलको आतङ्क.** ते.सं. ललितपुरः साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद, 'औपन्यासिक नव प्रयुक्तिको रूपमा बाढी र यसको आनुभवन्यासिक विश्लेषण', **समकालीन साहित्य,** पूर्णाङ्क ३९, २०५७ ।

.........................., **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना .** काठमाडौंः ओरिएन्टल प्रकाशन, २०६६।

............................., 'सूत्र उपन्यासमाथि सूत्र समालोत्मक आरेख', **नव प्रज्ञापन**, (वर्ष ७, पूर्णाङ्क २९, २०५६), पृ. १२५-१३१ ।

गौतम, लक्ष्मणप्रसाद र अन्य, (सम्पा.), **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम अभिनन्दन ग्रन्थ**, चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०६० ।

दाहाल, कुमारराज, **साहित्यकार डा. ध्रुवचन्द्र गौतमका कृतिहरूको अध्ययन,** अप्र. स्नातकोत्तर शोधपत्र, ने.के.वि., त्रि.वि., कीर्तिपुर, २०३७ ।

नीरव, रोशन थापा, 'मौन भित्रका विष्फोटहरू' **गरिमा,** (वर्ष २०, अङ्क १०, असोज २०५९) पृ. ६०-७२ ।

प्रधान, प्रतापचन्द्र, **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि,** दार्जलिङ : दीपा प्रकाशन, २०४० ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार**. (ते. सं.), काठमाडौा : साझा प्रकाशन, (२०५०) ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** काठमाडौं : साझा प्रकाशन, २०५६ ।

बस्ताकोटी, भूमिराज, **स्वैरकल्पना र उपन्यासकार ध्रुवचन्द्र गौतम .** पोखरा : ओजन बुक्स, २०६६ ।

बेन्टन, बिलियम र हेलेन हेभिङ्वे बेन्टन, (संम्पा..), **द न्यु इन्साइक्लोपेडिया ब्रिटानिका**. भाग १३. सिकागो : दु युनिभर्सिटि अफ सिकागो. कपिराइट, (ई. १९८१) ।

रांग्रा, रणवीर, **हिन्दी साहित्यको चरित्र चित्रणका विकास**. दिल्ली : भारती साहित्य मन्दिर, (ई. १९६१) ।

राय, गोपाल, **उपन्यासका शिल्प**. पटना : बिहार हिन्दी ग्रन्थ अकादमी, . (ई. १९७३) ।

लुइटेल, खगेन्द्रप्रसाद, 'नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान' **आख्यानपुरुष ध्रुवचन्द्र गौतम अभिनन्दन ग्रन्थ**, (सम्पा. लक्ष्मण प्रसाद गौतम र अन्य), काठमाडौं : चितवन वाङ्मय प्रतिष्ठान, २०६० ।

लुइटेल, लीला, 'शिल्प संयोजनको नवीनतमका दृष्टिले फूलको आतङ्क', **आख्यानपुरुष ध्रुवचन्द्र गौतम अभिनन्दन ग्रन्थ**, (सम्पा. लक्ष्मणप्रसाद गौतम र अन्य), काठमाडौं : चितवन वाङ्मय प्रतिष्ठान, २०६० ।

**वर्ल्ड बुक इन्साइक्लोपेडिया**. भाग २, लन्डन : फिल्ड इन्टरप्राइजेज. एजुकेसन कर्पोरेसन कपिराइट (ई. १९९६) ।

वाइज बाटर, विलियम र एलिजाबेथ जे. सटउड, (सम्पा.), **कोलम्बिया इन्साइक्लोपिडिया**. न्युयोर्क : कोलम्बिया युनिभर्सिटि प्रेस (ई १९५६) ।

शर्मा, दीननाथ 'उत्तरआधुनिकतावादका आलोकमा ध्रुवचन्द्र गौतमका उपन्यासमा प्रयोगवाद' **गरिमा,** (वर्ष २५, अङ्क ३, फागुन, २०६३) पृ. ८१-९५ ।

शर्मा, मोहनराज, (२०५५). **समकालीन समालोचना सिद्धान्त र प्रयोग**. काठमाडौा : ने. रा. प्र. प्र. ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइटेल. (२०६२). **शोधविधि**. ते. सं.. ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम, (२०५७). सम्पा. **नेपाली कथा भाग ४**. ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र, **सृजनविधाका परिधिमा ध्रुवचन्द्र गौतम,** काठमाडौं : साझा प्रकाशन, २०५४ ।

..............., "ध्रुवचन्द्र गौतमको उपन्यासकारिता", **गरिमा,** पूर्णाङ्क २३४, जेठ, २०५९ ।

..............., "आत्मन्यासको पहिचान र बाढीमा औपन्यासिकता", **शब्दसंयोजन,** वर्ष १, अङ्क ५, भदौ, २०६१ ।

................, 'तथाकथित उपन्यासको प्राप्ति र अप्राप्तिको निरूपण' **गरिमा,** (वर्ष २२, अङ्क १०, असोज २०६१) पृ. ५०-५६ ।

.............., **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**. दो. सं.. काठमाडौा : साझा प्रकाशन, (२०६४) ।